सर्वाधिक बिक्री हुने
# साप्ताहिक
सबैको लागि सम्पूर्ण पत्रिका
कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि.

काठमाडौं, शुक्रबार, चैत ३०, २०६३ • SAPTAHIK • Nepali National Weekly • Friday, April 13 • पृष्ठ २४ • मूल्य रु. ८/-

नारीको वैशाख अंक भोलिदेखि बजारमा




# विरोधका बीच नयाँ मिस नेपाल







**रोजिन शाक्य**

'के परम्परालाई अन्धाधुन्ध पछ्याउनुपर्छ वा समयअनुसार तिनमा परिवर्तन र परिमार्जन ल्याउनुपर्छ ?' प्रमुख निर्णायक अभिनेता राजेश हमालको अन्तिम र निर्णायक प्रश्नमा शीताष्मा चन्दको उत्तर थियो- 'हामीले हाम्रा परम्पराको सम्मान र संरक्षण गर्नुपर्छ किनकि परम्परा भनेकै हाम्रो परिचय हो तथापि संस्कारका नाममा पशु बलि दिने जस्ता परम्पराहरू फेर्नुपर्छ ।'

परिचयात्मक चरणमा उनी प्रस्तुत भएकी थिइन् आइ.एन.आई.एफ.डी.का डिजाइनरद्वय सरफराज आलम तथा माला लाकौलले तयार पारेको राणाहरूको परम्परागत पहिरनमा । दोस्रो चरणमा मेहर कलेक्सनका रजना शाक्यले डिजाइन गरेको प्याजी रंगको साडीमा ठाँटिएकी चन्दले मिस पर्सनालिटीको उपाधि पनि जितिन् । टपटेन राउन्डमा उनको प्रस्तुतिमा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको प्रेक्षालय दर्शकहरूको तालीबाट गुञ्जिएको थियो । अन्तिम चरणमा मेहर कलेक्सनका यागेन्द्रमेहरले सिर्जना गरेको हल्का गुलाफी रंगको इभिनिङ गाउनमा सजिएकी चन्दले उत्कृष्ट हिंडाइको उपाधि पनि प्राप्त गरिन् । प्रतियोगिताको प्रारम्भदेखि नै दर्शकहरूको रोजाइ र अनुमानमा पर्न थालेकी चन्द मिस नेपाल २००७ मा प्रतियोगी नम्बर ७ थिइन् । दर्शकको रोजाइ एवं अन्तिम र निर्णायक प्रश्नको सटीक उत्तर दिंदै शीताष्मा

बाँकी पृष्ठ १५ मा

## ऋचा घिमिरे र अर्धवार्षिक क्यालेन्डर



**मध्य पृष्ठमा**

ऋचाका थप आकर्षक तस्बिर ई-नसा डटकममा आज दिउँसो १२ बजेपछि उपलब्ध हुनेछ ।

## सुस्वागतम् नववर्ष



नववर्ष २०६४ प्रवेशको सु-अवसरमा देश-विदेशमा छरिएर रहेका समस्त नेपालीहरूमा सुस्वास्थ्य, दीर्घायु एवम् प्रगतिका साथ शान्ति तथा लोकतन्त्रको संस्थागत विकासका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**साप्ताहिक परिवार**
कान्तिपुर पब्लिकेसन्स प्रा.लि.



# रन्किने भयो नयाँ वर्ष



काठमाडौं– आज शुक्रबार वर्ष २०६३ को अन्तिम दिन। काठमाडौं उपत्यकानजिकैको नगरकोटबाट आजको दिन सूर्यास्त कस्तो देखिन्छ ? अथवा भोलि बिहान नयाँ वर्षको पहिलो सूर्योदय हेर्दा कस्तो अनुभव हुन्छ ? सूर्यास्त तथा सूर्योदय हेर्नका लागि आज कतै जाने योजना तपाईंहरूको पनि छ होला। गत वर्ष आन्दोलन उत्कर्षमा पुगेका बेला वर्ष ०६३ को स्वागत उल्लासपूर्ण तरिकाबाट गर्न नसके पनि यो वर्षको बिदाइ र नयाँ वर्ष ०६४ को स्वागत भने रमाइलो तरिकाबाट गर्न तम्तयार हुनुहोस्। किनकि विभिन्न कार्यक्रम आयोजकहरू विविध स्थानमा तपाईंले चाहेजस्ता कार्यक्रम तयार गरेर तपाईंकै प्रतीक्षामा छन्।

कान्तिपुर टेलिभिजनको आज साँझ पाँच बजेको कार्यक्रम 'कल कान्तिपुर'मा नगरकोटबाट हुने वर्षको अन्तिम सूर्यास्त देखाइनेछ। त्यसपछि भोलि बिहान पौने छ बजेदेखि नगरकोटको क्लब हिमालयबाट प्रत्यक्ष प्रसारण गर्दै वर्ष ०६४ को पहिलो सूर्योदय देखाइनेछ। भूषण दाहालले सञ्चालन गर्ने उक्त कार्यक्रममा गायक रामकृष्ण ढकालले प्रत्यक्ष गीत सुनाउनेछन् भने संगीतकर्मी अनिल शाहीले गितारको धुन प्रस्तुत गर्नेछन्। त्यसैगरी कार्यक्रममा साप्ताहिकका स्तम्भकार एवं बुद्धिजीवी डा. दुर्गा भण्डारीसँग प्रत्यक्ष कुराकानी पनि गरिनेछ। नेपाल टेलिभिजनले भने आज बेलुकी पोखराको फेवा किनारबाट रंगारंग कार्यक्रमको प्रत्यक्ष प्रसारण गर्ने भएको छ। उक्त कार्यक्रममा जीरे खुर्सानी समूहका जितु नेपाल र शिवहरि पौडेल, मेरी बास्सैका कलाकार, ५२ घुस्सा ५३ ठक्करका कलाकार आदिका प्रहसनका अतिरिक्त सुगम पोखरेल, क्रान्ति आले, पोखरेली ब्यान्ड आदिले गीतसंगीत प्रस्तुत गर्दैछन्। रिमिक्स नृत्यका साथै हिमाली कलाकेन्द्रको प्रस्तुति पनि कार्यक्रमको आकर्षण रहनेछ।





चर्चित हिन्दी रिमिक्स 'चन्दुकी चाचाने चन्दुकी चाचीको..' गाउने भारतीय समूह नेपाली नयाँ वर्षको कार्यक्रममा सहभागी हुन आजै राजधानी आएको छ। द काठमाडौं पोस्ट तथा सिग्नेचरको प्रस्तुतिमा समूहले आज साँझ सात बजेपछि हयात होटलको रक्स बारमा कार्यक्रम प्रस्तुत गर्दैछ। होटल याक एन्ड यतिमा भने उक्त होटलकै आयोजनामा 'सिनर्स इन हेवन'को अर्को श्रृंखला प्रस्तुत हुँदैछ। मुम्बईका डिजे नावेद तथा कोलकाताका डिजे सिरिनले डिजेइङ गर्ने उक्त डान्स एन्ड डिनर पार्टीमा खाँदै-पिउँदै नववर्षको स्वागत गर्ने कार्यक्रम राखिएको छ। उक्त कार्यक्रममा सहभागी हुन पुग्नुभएको छ भने तपाईंले अर्को एउटा रमाइलो कार्यक्रममा पनि सहभागी हुन पाउनुहुनेछ। सूर्यकला फिल्म्सको आयोजनामा 'एन इभनिङ एट लालदरबार' शीर्षकमा हुन गैरहेको उक्त कार्यक्रममा बलिउडकी कामुक नायिका उदिता गोस्वामी पनि सहभागी हुँदैछिन्। भारतका पपगायक जोडी मिट ब्रदर्शको प्रस्तुतिका साथै टेलिभिजन कार्यक्रम इन्डियन लाफ्टर च्यालेन्जका एक सहभागी जसवन्त सिंहको हास्यप्रस्तुति पनि कार्यक्रमको आकर्षण रहनेछ। त्यस्तै डिजे पायल र डिजे क्रान्ति अनि गायक मिग्मा शेर्पाका साथै गायिकाहरू प्रीति कौर, शीतल र सुवानी मोक्तानले पनि गीतसंगीत प्रस्तुत गर्दै नयाँ वर्षको स्वागत कार्यक्रममा सहभागिता जनाउँदै छन्। होटल सांग्रिलामा पनि बलिउडका नृत्य कलाकारहरूको एउटा समूहले नयाँ वर्षको स्वागत कार्यक्रम प्रस्तुत गर्दैछ। उक्त कार्यक्रममा खानपिनसँगै केही डिजेले उपस्थित सबैलाई नचाउनेछन्।

यसका साथै लाजिम्पाटको लिक्विड लञ्जमा मुम्बईका डिजे रेफ्सी नेपा म्युजिकका डिजे भाइभले उपस्थित सबैलाई रातभरि नचाउने योजना बनाएका छन् भने कमलादीको स्पोर्ट्स बारमा डिजे एनीभएनले पनि त्यस्तै कार्यक्रम गर्दैछन्। इभेन्ट म्यानेजर रितेश क्रिश तथा नेपा म्युजिकको आयोजनामा होटल एभरेस्टको क्लब ग्यालेक्सीमा 'न्यू इयर ब्यास' शीर्षकमा हाउस म्युजिक घन्काउन पोख्त मानिएका डिजे अंकित सहभागी हुँदैछन्। बुम इन्टरनेसनलका डिजेहरू डिजे उज्ज्वल र डिजे क्रिसले होटल र्‍याडिसनमा नयाँ वर्षको स्वागतका लागि आयोजना गरिने डान्सपार्टीमा आजै साँझ विभिन्न रिमिक्स संगीत बजाउँदैछन् भने डिजे बिम्यान गायिका प्रीति कौरका साथमा कान्तिपथको क्लब १९०५मा विभिन्न डान्सिङ नम्बरका साथ प्रस्तुत हुनेछन्। 'न्यू इयर फियस्ता' शीर्षकको उक्त डान्स पार्टीमा भारतका डिजे अनिसले पनि डिजेइङ गर्दैछन्।





भोलि वैशाख १ गते शनिबार परेकाले पनि नयाँ वर्षको स्वागतमा विभिन्न कार्यक्रम आयोजित हुँदैछ। हयात होटलको रक्सबारमा डिजे राजु दिउँसो एक बजेदेखि छ बजेसम्म 'डे पार्टी'मा डिजेइङ गरेपछि साँझ सात बजेपछि त्यहीं आयोजना हुने 'न्यू इयर डान्स पार्टी २०६४'मा सारंगीवादक श्यामशरण नेपालीका साथमा ट्रान्स संगीत घन्काउँदैछन्। त्यस्तै विभिन्न कलाकार तथा डिजेहरूले भोलि दिउँसो टुँडिखेलमा आयोजना हुन लागेको 'कार्निभल'मा विभिन्न गीतसंगीत प्रस्तुत गर्दैछन्। ठमेलमा भोलि दिउँसो सडक महोत्सव हुँदैछ। 'शान्तिको ध्वनि' शीर्षकमा आयोजना हुन लागेको उक्त महोत्सवमा डिजेहरू बीम्यान, क्रान्ति, पायल, एनभीएन तथा भाइवले पालैपालो संगीत घन्काउनेछन् भने जेम्स प्रधान, योगेश्वर अमात्य, प्रीति कौर आदिले गीत सुनाउनेछन्।






# इतिहास रचे नेपालीहरूले



२०६३ साल नेपालको २ सय ३८ वर्षको राजनैतिक इतिहासमा शका दस महत्त्वपूर्ण वर्षहरूमध्ये एकमा दरिएको छ। इतिहासकारहरूका अनुसार नेपालको इतिहासमा पहिलो महत्त्वपूर्ण राजनैतिक घटना नेपालको एकीकरण थियो। त्यसयता नेपालले राणाशासन बेहोर्‍यो, प्रजातन्त्र आयो, पञ्चायती शासन आयो। त्यसपछि पहिलो जनआन्दोलनका बलमा २०४६ सालको परिवर्तन भयो। नेकपा (माओवादी) का नाममा हिंसात्मक आन्दोलन प्रारम्भ भयो। राजदरबार हत्याकाण्ड भयो। लामो इतिहास बोकेको देशले प्रत्येक वर्ष केही परिवर्तन ल्याउने भए पनि २०६३ ले एकै वर्षमा धेरै घटना बेहोर्‍यो।

अरू बेला वैशाख १ गते नेपालीहरू नयाँ वर्षको शुभकामना आदान-प्रदान गरिरहेका हुन्थे, तर २०६३ सालको प्रारम्भमा नेपालीहरू प्रजातन्त्र पुनर्स्थापनाको आन्दोलनमा होमिएका थिए। गाउँ-गाउँबाट सहर पसेका जनता सात दलको आन्दोलनमा होमिएका थिए जसलाई नेकपा (माओवादी) ले समेत सहयोग पुर्‍याएको थियो। आन्दोलनकै क्रममा २१ जना सहिद भए।

आन्दोलन उत्कर्षमा पुग्ने क्रममा वैशाख ९ गते काठमाडौंमा सबैभन्दा ठूलो प्रदर्शनको भयो। करिब ८ लाख जनताले रिङरोड घेरे। ११ गते सात दलका नेताहरूसहित अझ ठूलो प्रर्दशन गर्ने घोषणा भए पनि राजा ज्ञानेन्द्रले मध्यरातमा प्रतिनिधिसभा पुनर्स्थापनाको घोषणा गरे। राजाले सात दलको निर्विरोध छनौटका रूपमा रहेका नेपाली काङ्ग्रेसका नेता गिरिजाप्रसाद कोइरालालाई प्रधानमन्त्रीका रूपमा वैशाख १४ गते नियुक्त गरे। त्यसको भोलिपल्ट सन् २००२ यता पहिलो पटक प्रतिनिधिसभाको बैठक बस्यो। संसद्को बैठकबाट राजदण्ड हटाइयो। यसले नेपालमा नयाँ राजनैतिक घटनाक्रम प्रारम्भ भएको सङ्केत दियो। यसबीच २५ वर्ष भूमिगत भएका नेकपा (माओवादी) का अध्यक्ष प्रचण्ड कान्तिपुर टेलिभिजनमार्फत पहिलो पटक सार्वजनिक भए। त्यसपछि उनले पूर्वी नेपालका केही पहाडी जिल्लामा सार्वजनिक भाषण गरेर आफू चाँडै काठमाडौं भित्रिने सङ्केत दिए।

**ऐतिहासिक घोषणा जेठ ४**

सर्वसम्मत रूपमा प्रधानमन्त्री घोषणा गरिएका गिरिजाप्रसाद कोइरालाको उपस्थितिमा जेठ ४ गते संसद्को युगान्तकारी बैठक बस्यो। जसले राजपरिषद् खारेज गर्‍यो। राजगद्दीसम्बन्धी सम्पूर्ण निर्णय प्रतिनिधिसभाले गर्ने निर्णय गर्‍यो। प्रतिनिधिसभाले राजाको सम्पत्तिमा कर लाग्ने तथा नेपाललाई धर्मनिरपेक्ष राष्ट्र घोषणा पनि गर्‍यो। त्यसलगत्तै पहिलो लोकतान्त्रिक सरकार गठन भयो।

सरकार गठनलगत्तै नेकपा (माओवादी) ले औपचारिक युद्धविरामको घोषणा गर्‍यो। माओवादीका सबै बन्दी रिहाई भए। नेकपा (माओवादी) सँग वार्ता गर्न सरकारले गृहमन्त्री कृष्णप्रसाद सिटौलाको संयोजकत्वमा तीन सदस्यीय वार्ताटोली गठन गर्‍यो भने नेकपा (माओवादी) ले पनि प्रवक्ता कृष्णबहादुर महराको संयोजकत्वमा ३ सदस्यीय वार्ताटोली गठन गर्‍यो। वार्ता प्रारम्भ भए पनि सबैभन्दा पहिले २०६३ जेठ १२ गते सरकार तथा माओवादीबीच २५ बुँदे आचार-संहितामा हस्ताक्षर भयो। नेकपा (माओवादी) ले जेठ २२ का दिन पहिलो युद्धविरामपश्चात् पहिलो पटक काठमाडौंमा वृहद आमसभा गर्‍यो।

प्रधानमन्त्री बनेपछि भारत जाने परम्परालाई निरन्तरता दिँदै प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला जेठको अन्तिम साता भारत पुगे। भारतले प्रधानमन्त्री कोइरालाको भ्रमणलाई आशा गरेभन्दा बढी महत्त्व दियो। भारतका प्रधानमन्त्री मनमोहन सिंहले नेपाल र भारतबीच थाँती रहेका सबैजसो मुद्दा सम्बोधन गरिने बताए। भारतले नेपाललाई तत्काल ६० करोड रुपैयाँ सहयोग दिने घोषणा गर्‍यो।

**माओवादीका विवादास्पद भाषण**

असारको पहिलो साता नेकपा (माओवादी) का अध्यक्ष प्रचण्ड काठमाडौं भित्रिए। उनले सञ्चारमाध्यमहरूमार्फत सेनासम्बन्धी विवादास्पद धारणा व्यक्त गरे, जसले सेनाभित्र हलचल मच्चायो।

लोकतान्त्रिक सरकारले नेकपा (माओवादी) सँग असार १ गते ३१ सदस्यीय युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समिति, गठन गर्‍यो। त्यसपछि सरकार तथा माओवादीबीच विभिन्न किसिमका विवाद भए पनि वार्ता प्रक्रिया निरन्तर चालू रह्यो, जसले राजनैतिक घटनाक्रमलाई अघि बढाउन मद्दत गर्‍यो। यति हुँदाहुँदै पनि माओवादी नेताका भाषण तथा व्यवहारले जनता त्रस्त हुन थाले। माओवादी अध्यक्ष प्रचण्डले अक्टोबर क्रान्ति गरेर तुरुन्तै कम्युनिस्टहरूले सत्ता कब्जा गर्न सक्ने चुनौती दिए।

असारको पहिलो सातादेखि नेकपा (माओवादी) का अध्यक्ष प्रचण्ड लगातार नेपालको राजनैतिक वृत्तमा चर्चाको शिखरमा रहे। उनले असार २ गते बालुवाटारमा सरकारसँग आठबुँदे सहमतिमा हस्ताक्षर गरे। आठबुँदे सहमतिमा नेकपा (माओवादी) राजनैतिक मूल धारमा आउने तथा उसले विगतमा गर्दै आएको हिंसात्मक क्रियाकलाप अन्त्य गर्ने जस्ता ऐतिहासिक बुँदा थिए। प्रचण्डले ११ गते माधवकुमार नेपाल, नारायणमान बिजुक्छेसँग वार्ता गरे भने १२ गते नेपाली काङ्ग्रेसका उपसभापति सुशील कोइराला, नेपाल सद्भावना पार्टीका महामन्त्री राजेन्द्र महतोसँग भेटघाट गरे। १३ गते फेरि शेरबहादुर देउवा तथा माधवकुमार नेपालसँग भेट गरे। असार १४ गते उनको भारतीय राजदूत देव मुखर्जीसँग वार्ता भयो। त्यसलगत्तै नेकपा (माओवादी) ले काङ्ग्रेस तथा एमालेसँग अनौपचारिक वार्ता गर्‍यो।

**माओवादी सेना अस्थायी क्याम्पमा**

अन्तरिम सरकार तथा अन्तरिम संसद् बन्ने चर्चा प्रारम्भ भए पनि माओवादीका सेना आफैंले आफ्नो अस्थायी क्याम्प घोषणा गरेर बस्न थाल्यो। संयुक्त राष्ट्रसंघको टोली नेपाल आइ नसकेको अवस्थामा माओवादीले ५ महिनासम्म देशका विभिन्न स्थानलाई आफ्नो अस्थायी क्याम्प घोषणा गरे।

यसबीच सरकारले पूर्व न्यायाधीश लक्ष्मणप्रसाद अर्यालको संयोजकत्वमा अन्तरिम संविधान मस्यौदा समिति गठन गर्‍यो। साउनको पहिलो साता गठन भएको उक्त समितिलाई १५ दिने म्याद तोकिएको थियो। मस्यौदाकारहरूबीच अन्तरिम व्यवस्थापिकाको स्वरूप, संविधानसभा निर्वाचन प्रणाली, सिटसङ्ख्या आदि विषयमा विवाद भएपछि त्यसले समयमा काम सकेन। माओवादीसहितको अन्तरिम संसद् तथा सरकार समयमै बन्न नसक्ने लक्षण देखा पर्‍यो। यसमा अन्तर्राष्ट्रिय जगत्ले चासो देखायो। अन्तरिम संविधानको मस्यौदा निर्माणमा ढिलो हुन थालेपछि भारत, अमेरिका, युरोपेली युनियन आदि देशले चिन्ता व्यक्त गरे।

**राजालाई स्पेस**

भदौको पहिलो साता प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले राजालाई पनि स्पेस दिनुपर्छ भन्ने धारणा व्यक्त गरे। कोइरालाको यो भनाइ लगातार चर्चामा रह्यो। यसलाई नेकपा (माओवादी) ले राजनैतिक षड्यन्त्रका रूपमा लिँदै आन्दोलनमा फर्कने चेतावनी दियो। नेकपा (एमाले) ले बाम एकता आवश्यक भएको टिप्पणी गर्‍यो। अर्कातर्फ कोइरालाको यही भनाइलाई समात्दै राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय जनशक्ति पार्टीलगायत राजा निकट रहेका दलहरूले बृहत् प्रजातान्त्रिक गठबन्धन बनाउनुपर्ने आवश्यकता औंल्याए। कतिपय नेताले बृहत् प्रजातान्त्रिक मोर्चाको नेतृत्व गिरिजाप्रसाद कोइरालाले गर्नुपर्ने समेत बताए।

**काङ्ग्रेस एकताको चर्चा**

साउन १७ गते नेपाली काङ्ग्रेस केन्द्रीय समितिको बैठकले शेरबहादुर

बाँकी पृष्ठ ८ मा




a call for DJ course with
Nepal's most loved disco-jockey
!the best of
hip-hop, house, techno,
mainstream and party mix!
students will get a first-hand practical session with DJ Raju in Kathmandu's favorite clubs and discos every weekend nights.
book your seats now.
the flight is fun, futuristic and full!!
BOOM INTERNATIONAL
Contact : 016225212,9851099581
Gautam Buddha Marg, Anamnagar

If you've passed
Grade 8
(From any school)

Join Int'l course of
UK
O-LEVEL
(Recognized Worldwide)
Contact:
TNP (Chakrapath)
Mob: 9841 351104

BRITISH ARMY
SINGAPORE POLICE
Preparation Class मा भर्ना खुल्यो !!!

~ सरकारी मान्यता प्राप्त Training Center
~ अनुभवी PTI द्वारा Training दिईने
~ उत्कृष्ठ विद्यार्थीहरुलाई छात्रवृतिको व्यवस्था
~ आफ्नै सुविधा सम्पन्न Indoor Training House
~ दक्ष एवं अनुभवि Teacher द्वारा पढाईने
~ हरेक हप्ता Test लिइने
~ दक्ष एवं अनुभवि प्रशिक्षकहरुद्वारा खोलिएको
~ अतिरिक्त क्रियाकलापहरु पनि गराइने
धमाधम भर्ना भइरहेको छ ।
कोर्षहरु
Physical: Pull Up, Set Up, 800m. (running), B.F.T., Doko Carry
Educational: Mathematics, Grammer (English), Essay Writing, Dictation, Comprehensive Passage, BARB Test, English Oral
BGR Institute & Training Centre P. Ltd.
Chabahil, Kathmandu, Tel: 01-6214244
Medicare Hospital, नजिक (राम भवन)

होटल तालिम
S.L.C. दिएर बसेका विद्यार्थीलाई ५0%छुट
* कुक १ ½ + १ ½ महिना (इन्डियन, चाईनिज, कन्टिनेन्टल र ईटालियन)
* वेटर र वारमेन १ महिना साथै सम्पूर्ण होटल तालिममा भर्ना खुल्यो।
# 5 star होटलका सेफद्वारा संचालित
# 100% ग्यारेण्टीको साथ तालिम दिइने
# तालिमपछी गल्फकन्ट्री पठाउने व्यवस्था
# उत्कृष्टलाई रोजगारीको ग्यारेण्टी
माउन्टेन होटल ट्रेनिङ सेन्टर
चाबहिल गोपिकृष्ण हलको पूर्व गेट संगै
PH: 016212336

महिलाहरूको लागि सुवर्ण अवसर
यहाँ महिलाहरुको लागि विभिन्न किसिमका तालिम दिईन्छ ।
१.सिलाई र कटाई २. ब्यूटिसियन ३. फेसन डिजाईन ४. पेन्टिङ ५. बुनाई ६. प्याचवर्क ७. इम्ब्राइडरी । चायाँ, डण्डिफोरको उपचार पनि गरिन्छ ।
Beautician Advance Course संचालन भैरहेको छ ।
S.L.C. दिएर बसेका विद्यार्थिहरूकोलागि बिशेष छुटको व्यवस्था गरिएको छ ।
त्रिवेणी तालिम केन्द्र
बागबजार, काठमाण्डौ (भक्तपुर जाने बसपार्क अगाडी) फोन:४२३१०३०
खुल्ने समय: बिहान ७ बजेदेखि साँफ ६ बजेसम्म ।

Pre 'A-LEVEL' Course
(A Bridge Course Specialized for A-Level Only)

*Classes run by experienced A-Level teachers' circle
* Entrance preparation classes
* Visit to different A-Level Colleges
Contact
A-Level Complete Solution
A-Level Center
(Specialized for GCE Level)
Chakrapath (Opp. Shankha Park)
Ph. : 2142737, 9841267214

उद्घोषण
बर्कलिय युनिभर्सिटी USA का बरिष्ठ रिपोर्टर गयद्वारा अति आधुनिक विशेष कक्षा साथै नृत्य, संगीत, अभिनय, भिडियो छायांकन, सम्पादन, निर्देशन सम्बन्धी आफ्नै अडियो भिडियो ल्याबमा प्राक्टिकल सहित दक्ष प्रशिक्षकद्वारा प्रशिक्षण
सिङ्गापुर तथा दुबईको लागि २० जना कलाकारहरू चाहियो ।
एभरेष्ट कल्चर एण्ड मिडिया एकेडेमी
फोनः ५५५०६६२



महिला तथा पुरुषहरूको लागी निःशुल्क व्यूटिसियन ट्रेनिङ्ग
NGO को सहयोगमा नेपाल सरकारद्वारा मान्यता प्राप्त हबिब, डा. ब्लोशम कोचर साथै विदेशबाट तालिम प्राप्त प्रशिक्षकहरुद्वारा अत्याधुनिक मेशिनमा कोर्ष ग्यारेन्टीका साथ Basic, Advance, Diploma र हेयर कटिङका साथै अन्य Special कोर्षहरुमा ग्योरेन्टीका साथ रोजगारीको अवसर सहित भर्ना खुल्यो।
विदेश जानेहरूको लागी विशेष कोर्षको पनि व्यवस्था छ ।
सम्पर्क: एन्जल ब्यूटी होम
न्यूरोड लेडिज एण्ड जेन्स् पार्लर -०१६२०७९०४, डिल्लीबजार -४४२४२५६, बाईपास -२१०४०२०
सुर्य विनायक (ट्रलिबस स्टप संगै) -६६१५७७७, कुपण्डोल (कानदेवथान चोक) -५५२३७५१
चावहिल चोक -२१९००८७, क्षेत्रपाटि चोक-४२५५९९०

Language & Computer
Own course books, audio-visual & self-practice lab, Library, internet access & language movie hall
English, Chinese, Japanese, German, French, Spanish, Korean & Hebrew languages & Basic/Advanced computer packages

TOEFL/IELTS Pr.
O'seas Language Centre. Bag Bazar (Near Ratnapark), 4-268945
Osiz Language & Computer Centre
Jamal-Kamalachhi-4244741, Mitra Park, Chabhil-4461459
SLC दिई बसेका विद्यार्थीहरुलाई विषेश छुट ।
Language Video-CDs: Interactive English / Easy Learning: Book/ cassettes/CDs
Now Available in the Market! OLC, 4-247897, 4244741

विशेष ५0% छुटमा होटल तालिम शुरु
नेपाल सरकारबाट स्वीकृत प्राप्त/विदेशबाट होटल म्यानेजमेन्ट गरी पाँचतारे होटलमा काम गरिरहेका सेफबाटे प्रशिक्षण दिईने/अन्तराष्ट्रीय स्तरमा समेत ख्याती कमाउन सफल नेपालको एकमात्र ट्रेनिङ सेन्टर
तालिमहरु: ▸▸कुक ▸▸वेटर ▸▸क्याप्टेन ▸▸तन्दुरी ▸▸वारमेन ▸▸स्टोरकिपर ▸▸हाउसकिपिङ ▸▸रूम ब्वाई ▸▸वेल ब्वाई ▸▸फ्रन्ट अफिसर ▸▸रिसेप्सनिष्ट ▸▸सुपरभाईजर ▸▸वेकरी
नव वर्ष २०६४ को शुभ उपलक्ष्यमा
S.L.C दिनेलाई थप छुट
विशेषताहरु: ▸▸पाँच तारे होटलहरूमा कार्यरत सेफबाटे तालिम दिइने ▸▸फ्री वेटर क्लास ▸▸फ्री अंग्रेजी भाषा ▸▸६ जनामा १ जना फ्री ▸▸स्वदेशी तथा वैदेशिक रोजगारको सहयोग गरिने । ▸▸थप तालिमलाई होटलमा पनि पठाइने व्यवस्था ।
साहारा होटेल तालिम सेन्टर (S.M.T.T.C.)
फोन: २०४०७८२, ९८५१०९३६२९, नयाँ बानेश्वर (शिव दर्शन हल अगाडी)
र्‍याडीसन कूकिङ्ग तालिम सेन्टर (R.M.D.T.T.C.)
फोन: ४४६४७२०, नयाँ बानेश्वर, (BICC पानी ट्यांकीको ठीक अगाडी)

CAREER FOCUSED तालिम
फोटोग्राफी
भिडियोग्राफी
Lab + Practical + Theory
DIGITAL VIDEO EDITING
PHOTO पत्रकारिता
VIDEO पत्रकारिता
Advance को लागि Scholarship पनि
नेपालको नं. 1 Study Center (CTEVT द्वारा सम्बन्धनप्राप्त)
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE
पुतलीसडक चोक, काठमाडौं, फोन : ४४४३३१९

# सबैलाई शुभकामना

नयाँ वर्ष २०६४ लाई उल्लासमय वातावरणमा स्वागत गर्ने अवसर नेपाली जनताले नेपालको इतिहासमा सबैभन्दा लामो प्रतीक्षापछि प्राप्त गर्दैछन् । बितेको वर्ष २०६३ प्रारम्भ हुँदा नेपालीहरू मुलुकमा सबैखाले निरंकुशताको अन्त्य गरेर मानवीय स्वतन्त्रताको स्थापनाका लागि संघर्षरत थिए । त्यसबेला नेपाली जनताले मन खोलेर कसैलाई शुभकामना दिन-लिन सकेका थिएनन् । निरंकुशतन्त्र आफ्नो अस्तित्व जोगाउन तन मन धनले सक्रिय थियो । यस्तो सक्रियतामा उसले नेपाली जनताको दैनिकी प्रभावित हुने गरी लादेको कफ्र्यु र संकटकालका कारण वर्ष २०६३ लाई नेपाली जनताले स्वागत गर्ने अवसर नै पाएनन् । त्यसैकारण २०६४ को स्वागतका लागि नेपाली जनताले अहिले विशेष तयारी गरेका छन् । यस्तो तयारीमा उनीहरूले जनआन्दोलन-२ का क्रममा घाइते भएका र सहिद घोषित गरिएका आफ्ना सहयोद्धा साथीहरूलाई पनि सम्झिरहेका छन् । यस्तो स्थितिमा यस पटकको नयाँ वर्ष आमनेपालीका लागि विशेष अवसरका रूपमा देखा पर्नु स्वभाविक नै हुनेछ । त्यसै पनि नयाँ वर्ष जहिले पनि मानिसहरूको मनमा जस्तोसुकै अभावका बाबजुद पनि एउटा नयाँ आशा र उत्साह लिएर आउँछ । यस्तो आशा र उत्साहले मानिसहरूलाई पुराना सबै किसिमका अभाव, पीर, पीडा र संकटका सबैखाले परिधिलाई बिर्सन प्रेरित गर्छ । नयाँ वर्षले मानिसहरूमा जहिले पनि एउटा उज्यालो दिएर जान्छ । त्यो उज्यालोलाई एउटा संकेतका रूपमा ग्रहण गर्न सक्ने मानिस र समाजले जहिले पनि प्रगतिको बाटो पछ्याउँछ भन्ने विश्वास हाम्रो समाजमा छ । यस्तो विश्वास यस पटकको नयाँ वर्षले हामी सबै नेपालीलाई प्रदान गर्नेछ भन्ने आशा गरौं ।

नयाँ वर्षको अर्थ पात्रो फेरिनु मात्र होइन, यो आफ्नो संकल्पलाई यथार्थमा परिणत गर्ने चुनौती आत्मसात् गर्ने अवसर पनि हो । कतिपय मानिस नयाँ वर्षलाई मनोरञ्जनको एउटा अवसरका रूपमा मात्र ग्रहण गर्छन् भन्ने कतिपय मानिस नयाँ वर्षलाई आफ्नो सम्पूर्ण आशा र विश्वासका आधारमा नयाँ उद्देश्यतर्फ लक्षित हुने अवसरका रूपमा ग्रहण गर्छन् । निश्चय पनि मानिसका रुचि र स्वभाव फरक-फरक हुन्छन् । आफ्नो रुचि एवं स्वभावअनुरूप नयाँ वर्षलाई ढाल्न सक्नुमा पनि मानिसको खुबी र क्षमता प्रेरित हुन्छ । त्यसैले त मानिसहरू नयाँ वर्षलाई उत्सवका रूपमा मनाउँछन् । हामी आशा गरौं, संविधानसभामा प्रवेश गरिरहेका नेपालीहरूले वर्ष २०६४ लाई नेपालको इतिहासकै एउटा उत्कृष्ट कालखण्डका रूपमा परिभाषित हुने गरी आफूलाई सक्रिय गराउनेछन् । इतिहासलाई प्रभावित पार्न सक्ने गरी अहिले नेपाली जनतालाई उपलब्ध अवसरले लक्ष्यभेदी यात्रा तय गर्न सकोस् । नेपाली जनताले आफू र आफ्ना भावी सन्ततिका सबै किसिमका राजनैतिक, आर्थिक, सामाजिक, धार्मिक अधिकारहरूलाई सुनिश्चित गराउने संविधान निर्माणका लागि संविधानसभाको निर्वाचनमा आफ्नो संलग्नतालाई व्यापक रूपमा परिचालित गर्न सक्ने अवसर नयाँ वर्ष २०६४ ले जुटाउनेछ भन्ने आशा गरौं । अन्तमा नववर्ष २०६४ प्रवेशका अवसरमा हामी हाम्रा सम्पूर्ण पाठक, विज्ञापनदाता, वितरक एवं शुभेच्छुहरूप्रति हार्दिक शुभकामना व्यक्त गर्दछौं । नववर्ष २०६४ सबै नेपालीका लागि मंगलमय होस् ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पत्रिकाहरू पढ्न ।
सौजन्य : साप्ताहिक–पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

# आर्थिक तथा सामाजिक प्रतिवेदनमा नेपाल



वर्ष २०६३ राजनैतिक दृष्टिकोणले नेपालका लागि महत्त्वपूर्ण रहे पनि आर्थिक तथा सामाजिक विकासका दृष्टिकोणले खासै उल्लेखनीय रहेन । दूरसञ्चार, वैदेशिक रोजगार तथा हवाई यातायातको क्षेत्रमा गरिएका अध्ययनले केही प्रगति देखाए पनि समग्र आर्थिक क्षेत्रमा नेपालको स्थिति नकारात्मक नै रह्यो ।

मानव विकास प्रतिवेदन २००६ मा नेपाल दुई स्थान तल झरेको छ । राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) द्वारा सन् २००६ नोभेम्बर १० (२०६३ कात्तिक २४) मा सार्वजनिक गरिएको प्रतिवेदनअनुसार नेपालको स्थान १ सय ३८ औं स्थानमा झरेको हो । आर्थिक, सामाजिक, स्वास्थ, शिक्षा तथा सरसफाइजस्ता क्षेत्रको विश्लेषण गरी तयार पारिएको उक्त प्रतिवेदनमा १ सय ७७ देशलाई समेटिएको थियो ।

जनताको आय आर्जन क्षमता, गरिबी तथा स्वच्छ पानीको अभावलाई प्रमुख आधार बनाइएको उक्त प्रतिवदनअनुसार सरसफाइको सफल व्यवस्थापन, सहरी क्षेत्रमा खानेपानीको अभाव तथा गरिबी बढ्ने खतराजस्ता कारणले नेपालको स्थान अघिल्लो वर्षको तुलनामा खस्किएको हो । सन् २००५ मा नेपाल १ सय ३६ औं स्थानमा थियो ।

१ सय २५ देशमा गरिएको अर्को एक आर्थिक सर्वेक्षण अनुसार नेपाल एक सय दसौं स्थानमा छ । स्वीटजरल्याण्डस्थित विश्व आर्थिक मञ्चले तयार पारेको उक्त प्रतिवेदन सन् २००६ सेप्टेम्बर २७ मा सार्वजनिक गरिएको थियो । प्रतिवेदन अनुसार स्वीटजरल्याण्ड, फिनल्याण्ड, स्वीडेन लगायतका १० देश आर्थिक विकासमा अगाडि छन् । उक्त प्रतिवेदन तयार पार्न नेपालका विभिन्न उद्योगधन्दा लगायत ७३ स्थानमा सर्वेक्षण गरिएको थियो । नेपालमा भैरहेको राजनैतिक अस्थिरता, भ्रष्टाचार तथा प्रशासनिक ढिलासुस्ती आर्थिक विकासको बाधक बनेको पनि प्रतिवेदनमा उल्लेख छ ।

एसियाली विकास बैंकको सहयोगमा नेपालमा सञ्चालित परियोजनाको ऋण निकासा दरमा सुधार आएको कुरा बैंकको नेपालस्थित कार्यालयले जनाएको छ । सन् २००६ मा बैंकको निकासा दर १८ प्रतिशत पुगेको छ । निकासा प्रतिशत सन् २००४ मा ४ दशमलव ४ र सन् २००५ मा ५ दशमलव ७ प्रतिशत पुगेको थियो । कार्यालयका अनुसार सञ्चालनमा रहेका परियोजनाका लागि स्वीकृत भएको ऋण र अनुदान अझै करिब ३८ अर्ब रुपैयाँ (५४ करोड अमेरिकी डलर) निकासा हुन बाँकी छ । एसियाली विकास बैंकद्वारा सन् २००६ मा भएका चारवटा परियोजनाको सम्झौता अनुसार १७ करोड अमेरिकी डलर छुटयाइएको मध्ये एसियाली विकास कोषबाट ८ करोड अमेरिकी डलर अनुदानका रूपमा प्राप्त भएको छ । सन् २००६ मा स्वीकृत भएका १२ वटा प्राविधिक सहयोगसम्बन्धी सम्झौता अनुसार नेपालले ५८ लाख डलर पायो ।



- श्रम तथा रोजगार प्रबर्द्धन विभागका अनुसार रोजगारीका लागि पछिल्लो सात महिनामा एक लाख नेपाली बाहिरिए । यसरी विदेशिनेको प्रतिशत गत वर्षभन्दा ११ दशमलव ३४ प्रतिशतले बढी छ । प्रत्येक दिन ५ सय नेपाली विदेश जान्छन् ।
- हवाई यात्री संख्या लक्ष्यभन्दा १७ हजार १ सय २१ बढी भएका छन् । लक्ष्य १ लाख ४७ हजार ५ सय ४८ थियो ।
- प्रत्यक्ष रूपमा दूरसञ्चार सेवा उपभोग गर्ने ग्राहकको संख्या १६ लाख ७८ हजार पुगेको छ । यो संख्या डेढ वर्षअघि ६५ हजार मात्र थियो ।
- आर्थिक वर्ष २०६२ मा सवारी साधन संख्या ५ लाख २८ हजार ५ सय ७० पुगेको छ । यातायात व्यवस्था विभागका अनुसार यातयात क्षेत्रको वृद्धिदर ११ दशमलव ८ प्रतिशत छ । यो संख्या र प्रतिशतमा दुई तिहाइ मोटरसाइकल छन् ।
- दसौं पञ्चवर्षीय योजनामा लिएको सरकारी लक्ष्य प्रगतिविहीन भएको छ । यो योजना अवधिमा एउटा पनि विद्युत् प्रसारण लाइन थपिएन । उक्त अवधिमा ४ सय ३० किलोमिटर लामो विद्युत् प्रसारण लाइन निर्माण गर्ने लक्ष्य थियो । २०५९ देखि सुरु भएको दसौं योजना तीन महिनापछि अर्थात् आउँदो असारमा सकिँदैछ ।

नेपालको सन्दर्भमा प्रतिकूल मौसमका कारण कृषि क्षेत्रमा पर्न गएको नकारात्मक प्रभाव, पेट्रोलियम पदार्थको मूल्यमा भएको अत्यधिक वृद्धि तथा गार्मेन्ट उत्पादनमा आएको ह्रासले गर्दा सन् २००६ को प्रक्षेपित कुल ग्राहस्थ्य उत्पादन ४ दशमलव ५ प्रतिशतमा सामान्य ह्रास आउने एक प्रतिवेदनमा उल्लेख छ । राष्ट्रसंघको पहलमा एसिया तथा प्रशान्त क्षेत्रका ५८ राष्ट्रका आर्थिक गतिविधि, देशीय एवं क्षेत्रीय समस्या, विकास निर्माण तथा मानिसको जीवनस्तरजस्ता पक्षलाई समेटेर तयार गरिएको उक्त प्रतिवेदनअनुसार २००६ को कुल गार्हस्थ्य उत्पादनमा ह्रास आउने अनुमान गरिएको हो ।

भारततर्फको व्यापार सन्तोषजनक देखिएको, गैरबैकिङ वित्तीय क्षेत्रको वृद्धिले निरन्तरता पाएको, राजनैतिक अस्थिरताका बाबजुद स्टक मार्केटको कारोबार, सेयर मूल्य तथा बजार पुँजीकरणमा वृद्धि भएको प्रतिवेदनमा उल्लेख छ । खाद्यन्न, दाल, चिनी तथा अन्य उत्पादनमा मूल्यवृद्धिका बाबजुद मुद्रास्फीति केही मात्र बढेको, मुलुकको तिर्न बाँकी बाह्य ऋण कुल गार्हस्थ्य उत्पादनको तुलनामा ४४ दशमलव ५ प्रतिशतमा झरेको, सन् २००५ को अन्त्यसम्म विदेशी विनियमको मौज्दात वृद्धि भै १२ महिनाका लागि आयात धान्न सक्ने स्थिति रहेको पनि प्रतिवेदनमा उल्लेख छ ।

२०६३ मंसिर २१ मा सार्वजनिक विश्वव्यापी प्रतिस्पर्धात्मक परिसूचक (जीएसआई) मा नेपाल १ सय २५ मुलुकमध्ये १ सय १० स्थानमा परेको छ । विश्व आर्थिक मञ्चले तयार पारेको सूचीमा नेपाललाई पहिलो पटक समावेश गरिएको हो । यसले विश्व बजारको हिस्सा मापन गर्दैन । यसले विश्व बजार ओगट्न सहयोग गर्ने सरकारी नीति, निजी क्षेत्रको क्षमता, स्रोत साधनको सदुपयोग, मानव स्रोत विकास, बजारसम्म पहुँचलगायत क्षेत्र समेट्छ । मञ्चले आर्थिक विकास तथा प्रशासनिक केन्द्रको सहयोगमा सार्वजनिक गरेको विश्व प्रतिस्पर्धात्मक प्रतिवेदन २००६/०७ मा नेपाल दक्षिण एसियामै तल्लो स्थानमा रह्यो । प्रतिवेदन अनुसार नेपालको सबैभन्दा कमजोर पक्ष पूर्वाधार विकास हो । यसमा १ सय २५ मुलुकमध्ये नेपाल १ सय २२ औं स्थानमा छ ।

नेपालमा सन् २००५ को तुलनामा सन् २००६ मा पनि भ्रष्टाचारको मात्रा यथावत् रहेको ट्रान्सपरेन्सी इन्टरनेसनलले 'भ्रष्टाचार अवधारणा सूचकाङ्क २००६' शीर्षकको उक्त प्रतिवेदनमा सन् २००५ र २००६ मा सम्पन्न भ्रष्टाचारसम्बन्धी विभिन्न १२ वटा स्वतन्त्र सर्वेक्षणमा नेपालको स्थान १ सय २१ औं स्थानमा रह्यो । गत वर्ष नेपाल १ सय १७ औं स्थानमा थियो । सन् २००५ र २००६ मा नेपालमा राजाको प्रत्यक्ष शासन थियो । सन् २००६ मा नेपालको कूटनैतिक सम्बन्ध स्थापना भएका देश तीनवटा थपिएर १ सय २५ पुगेको छ । अन्तिम पटक नेपाल र प्रजातान्त्रिक गणतन्त्र कङ्गो, एन्डोरा तथा भानुआटुबीच कूटनीतिक सम्बन्ध स्थापना भयो । कङ्गो र एन्डोरासँग सन् २००६ सेप्टेम्बर २२ तथा भानुआटुसँग सन् २००६ सेप्टेम्बर १९ मा कूटनैतिक सम्बन्ध स्थापित भएको हो ।

सुरक्षा परिषद्को अस्थायी सदस्यका लागि भएको प्रतिस्पर्धामा नेपाल पराजित भयो । सन् २००६ अक्टोबर १६ मा न्यूयोर्कमा सम्पन्न चुनावमा नेपाल पराजित भएको थियो । नेपालले २८ मत तथा प्रतिद्वन्द्वी इन्डोनेसियाले १ सय ५८ मत प्राप्त गरेका थिए । सन् २००७ जनवरी १ देखि सन् २००८ डिसेम्बर ३१ का लागि भएको सदस्य पदमा विजयी बन्न १ सय २४ मत ल्याउनुपर्ने थियो ।

विश्व बैंक तथा बेलायती सहयोग नियोगको एक अध्ययनले नेपालमा जनताको वित्त सेवामाथिको पहुँच घटेको देखाएको छ । अध्ययनमा सहभागीमध्ये २६ प्रतिशत नेपालीको मात्र बैंक खाता भएको उल्लेख छ । एक वर्ष लगाएर गरिएको उक्त सर्वेक्षण अनुसार ३८ प्रतिशत परिवारले अनौपचारिक क्षेत्रबाट ऋण लिएका छन् भने १५ प्रतिशतले मात्रै औपचारिक क्षेत्रबाट ऋण लिएका छन् ।

मध्य तथा सुदूर पश्चिम क्षेत्र विकास अवसरबाट धेरै नै वञ्चित भएको सहस्राब्दी विकास लक्ष्यसम्बन्धी प्रगति प्रतिवेदनले देखाएको छ । ती क्षेत्र गरिबी, शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रमा पछि परेको प्रतिवेदनमा जनाइएको छ । प्रतिवेदन सरकार तथा संयुक्त राष्ट्रसंघीय विकास कोष यूएनडीपीद्वारा संयुक्त रूपमा तयार पारिएको हो । प्रतिवेदनमा उल्लेख गरिएको एक उदाहरण यस्तो छ- कञ्चनपुरमा राष्टि्रय गरिबीको रेखामुनिको जनसंख्या अनुपात भक्तपुरको तुलनामा चार गुणा (३६ का विरुद्ध ९ प्रतिशत) बढी देखिएको छ । दक्षिण एसियामा नेपालको आर्थिक वृद्धिदर सबैभन्दा कम २ दशमलव ८ प्रतिशत छ भने सबैभन्दा बढी भुटानको १८ प्रतिशत छ ।

**–दिवस गुरागाईं**

# नयाँ वर्ष र संवत्सरका विभिन्न नाम

हरेक राष्ट्रमा आ-आफ्नो किसिमले नयाँ वर्ष मनाउने चलन छ । नेपालको राष्ट्रिय संवत् विक्रम संवत् हो । नयाँ वर्षलाई संवत्सर पनि भनिन्छ । सौर्य गणनाअनुसार एक संवत्सरमा ३ सय ६५ दिन हुन्छन् । सूर्य मेष संक्रान्तिबाट आरम्भ भै पुनः सोही राशिमा पुग्ने बेलासम्मको अर्थात् सम्पूर्ण ऋतुको पूरै एक चक्रलाई संवत्सर भनिन्छ । यसरी चन्द्रमानको हिसाबले समेत चैत्र शुक्ल प्रतिपदालाई संवत्सर प्रारम्भ हुने दिन मानिन्छ । प्रत्येक संवत्सरको प्रारम्भ वैशाख १ गते हुन्छ जसलाई नववर्ष शुभारम्भको दिन एवं राष्ट्रिय पर्वका रुपमा मनाइन्छ ।

राजा विक्रमादित्यले थालनी गरेको यो क्यालेन्डर अंग्रेजी क्यालेन्डरभन्दा ५७ वर्ष अघि छ । यसको अर्थ जिसस क्राइस्टको जन्मभन्दा ५७ वर्षअघि नै विक्रमादित्यले आफ्नो पात्रो प्रयोगमा ल्याइसकेका थिए । हामीकहाँ प्रचलनमा रहेको नेपाल संवत् भने ११२७ वर्षपहिले शंखधर साख्वाले प्रचलनमा ल्याएका हुन् । त्यसबाहेक पनि विश्वका थुप्रै मुलुकमा आफ्नै रीति, संस्कृति एवं परम्पराअनुसारका क्यालेन्डर प्रयोगमा छन् । राजा विक्रमादित्यले लागू गरेको शार्वरीनाम संवत्सर मान्नेहरूले आउँदो वैशाख १ गतेदेखि आफ्नो घर-घरमा झुन्ड्याएर राखेको पात्रो झिकी नयाँ वर्षको पात्रो राख्छन् ।

सेकेन्ड, मिनेट, घण्टा, दिन, रात, बार आदि गरी नै समय उपलब्धिलाई नै नयाँ मानिन्छ । जसमा पन्ध्र तिथिको एक पक्ष हुन्छ र यस्ता दुई पक्षबाट एक महिना हुन्छ । यस्ता दुई महिनाको एक ऋतु हुन्छ । यसरी यस्ता तीन ऋतुको छ महिना वा एक अयन हुन्छ, जसमा दुई अयन अर्थात् छ ऋतुको बाह्र महिना र एक संवत्सर हुन्छ । यस्ता साठी संवत्सरको साठी नै वर्ष हुन्छ । ज्योतिषशास्त्रअनुसार हिन्दू संस्कृतिमा साठी संवत्सर छन् । यिनीहरूको नाम हरेक वर्ष बदलिन्छ र साठी वर्ष पूरा भएपछि पुनः सोही नाम दोहोरिन्छ । जुन क्रमशः निम्नानुसार छन् :

(१) प्रभव (२) विभव (३) शुक्ल (४) प्रमोद (५) प्रजापति (६) अंगिरा (७) श्रीमुख (८) भाव (९) युवा (१०) धाता (११) ईश्वर (१२) बहुधान्य (१३) प्रमाथी (१४) विक्रम (१५) वृष (१६) चित्रभान (१७) स्वभानु (१८) तारण (१९) पार्थिव (२०) व्यय (२१) सर्वजित (२२) सर्वधारी (२३) विरोधी (२४) विकृति (२५) खर (२६) नन्दन (२७) विजय (२८) जय (२९) मन्थन (३०) दुर्मुख (३१) हेमलम्ब (३२) विलम्बी (३३) विकारी (३४) शार्वरी (३५) प्लव (३६) शुभकृत् (३७) शोभन (३८) क्रोधी (३९) विश्वांवसु (४०) पराभव (४१) प्लवंग (४२) किलक (४३) सौम्य (४४) साधारण (४५) विरोधकृ (४६) परिधावि (४७) प्रमादि (४८) आनन्द (४९) राक्षस (५०) नल (५१) पिंगल (५२) कालयुक्त (५३) सिद्धार्थ (५४) रौद्र (५५) दुर्मत्रि (५६) दुन्दुभि (५७) रुधिरोद् (५८) रक्ताक्षी (५९) क्रोधन, (६०) क्षय ।

विगतमा जे-जस्ता घटनाहरू भए पनि हामी मानवजाति जहिले पनि आशा, विश्वास र भरोसा लिएर बाँचेका हुन्छौं । हाम्रो जीवन आधार सुखद् भविष्यको आशा नै हो । यही सुखद् भविष्यको आशाले अभिव्यक्तिको माध्यम दिन्छ । कुनै पनि नववर्षको नयाँ जोस, जाँगर र उमंग बोकेर आएको हुन्छ । नववर्ष २०६४ साल सुखद् भविष्य लिएर उदाइरहेको छ भन्ने आशाका साथ हामी भोलिदेखि नयाँवर्षमा प्रवेश गरिरहेका छौं । यो आशालाई संकल्पमा बदलेर सुखद् भविष्यको वास्तविकता परिणत गर्ने र असल मित्र हाम्रै हात हुन् ।

**– विश्वनाथ खरेल**

# चलचित्रमा २०६३ को चर्चा



• नायिका बिपना थापाले चलचित्र सेन्सर बोर्डको सदस्य पद अस्वीकार गरिन् । जनआन्दोलन भाग-२ मा संलग्नता जनाउने एक मात्र चर्चित अभिनेत्री बिपनालाई सरकारले सेन्सर बोर्डको सदस्यमा मनोनीत गरेको थियो ।

• नायक राजेश हमालले जगजित सिंहको स्वर तथा आलोकश्रीद्वारा संगीतबद्ध म्युजिक भिडियोमा मोडलिङ गरे ।

• व्यावसायिक रूपमा सफल चलचित्रका निर्देशक शिव रेग्मीले निर्देशन गरेको दुई चलचित्र असफल रहे । यसरी असफल हुने चलचित्रमा मानिस र दुनियाँ छन् । चलचित्र मानिसको निर्माण निर्देशक रेग्मीले नै गरेका थिए ।

• चलचित्र प्राविधिक संघले चलचित्र महोत्सवको आयोजना गऱ्यो । उक्त महोत्सवलाई कलाकारले महत्त्व दिएनन भनेर बढी चर्चा भयो ।

• कान्तिपुर टेलिभिजनबाट प्रसारण हुने चलचित्रसम्बन्धी कार्यक्रम रजतपटले नायक राजेश हमाललाई महानायक घोषणा गऱ्यो ।

• चर्चित म्युजिक भिडियो निर्देशकहरूले चलचित्र निर्देशन गर्ने घोषणा गरे, जसमध्ये भूषण दाहालको कागबेनी र सिमोस सुनुवारको मिसन पैसा निर्माण क्रममा छन् भने आलोक नेम्वाङ एकैपटक दुई चलचित्र निर्देशन गर्ने सोचमा छन् ।

• यो वर्ष दलगत रूपमा चलचित्रकर्मीको पनि संगठन बने र चर्चामा आए । यसरी संगठन बनाउने



दलहरूमा कांग्रेस, एमाले तथा माओवादी देखिए ।

• चलचित्र निर्माता तथा प्रदर्शक उद्धव पौडेलले एकै पटक सातवटा सिनेमास्कोप चलचित्र निर्माणको घोषणा गरे । ती सात चलचित्रमध्ये दुई चलचित्र भोजपुरी भाषाका हुनेछन् । त्यसैगरी अर्को चलचित्र प्रदर्शक सुनील मानन्धरले एकैपटक पाँच चलचित्र निर्माणको घोषणा गरेर आफूलाई निर्माताका रूपमा परिणत गरे ।

• २०६३ सालको मंसिर १५ पछि चलचित्रकर्मी, संगीतकर्मी, टेलिभिजनका भिजेहरू धमाधम विवाह-बन्धनमा बाँधिए । यसरी विवाह बन्धनमा बाँधिनेहरूको संख्या एक दर्जनभन्दा बढी छ ।

• यो वर्ष धेरै कलाकर्मी बिदेसिए । यो हूलमा जल शाह, रमेश उप्रेती, गीता शाही, सञ्जीव सिंह आदि देखिए ।

• चलचित्र विकास बोर्डले ३५ मिलिमिटरमा निर्माण गरिने पछिल्ला दस चलचित्रलाई जनही पाँच लाख रुपैयाँ दिने घोषणा गऱ्यो ।

• नायिका झरना थापा आफैंले गरेको लोभका कारण चर्चामा आइन् । आफूद्वारा अभिनीत चलचित्रका दस गीत निर्मातालाई जानकारी नै नदिई बूढासुब्बा म्युजिकलाई बेचेपछि उनी लोभी नायिकाका रूपमा चिनिइन् ।

• चलचित्र क्रोधले मोटरसाइकल लगायत दर्शकहरूलाई कम्प्युटर बाँड्ने घोषणा गऱ्यो ।

• चलचित्र ए...पण्डित बाजेले दर्शकलाई चकलेट बाँड्यो ।

## ५१ दिनको नाटक

रिल लाइफमा अभिनय गर्न जान्ने कलाकर्मी रियल लाइफमा पनि अभिनय गर्न पारङ्गत देखिन्छन् । चलचित्र चले पनि चलाइए पनि ५१ दिनको हल्ला चलाउन सक्नु उनीहरूको विशेषता हो । यस्तो नमुना उनीहरूले यो वर्ष पनि प्रस्तुत गरे ।

केही कलाकर्मी ५१ दिनको अनावश्यक हल्लाले दर्शकमा प्रभाव पारेको तर्क राख्छन् । दुई स्थानमा चलेका चलचित्रले दुवै ठाउँमा चलेका दिन जोडी ५१ औं दिन मनाएको नाटक पनि यस पटक देखियो । त्यसैगरी पानी पनि भन्न नपाएका चलचित्रका निर्माताले आफ्नो चलचित्रले धेरै कमाएको हल्ला गर्दै हिंडे । यसको प्रमुख कारण बक्स अफिसको व्यवस्था हुन नसक्नुलाई मान्न सकिन्छ । एकातिर निर्माताहरू मधेस आन्दोलनले चलचित्र चलेनन् भनेर आँसु झार्छन् भने अर्कातिर चलचित्रले ५१ दिन मनाएको ढोङ्ग रच्छन् । चाडबाडमा चलचित्र चल्छन् भनेर नाक फुलाउने निर्माताहरू गत दसैं, तिहार तथा अन्य चाडबाडबाट पनि निराश भए ।

## ५१ औं दिन मनाउने चलचित्र

• चलचित्र क्रोधले काठमाडौंको विश्वज्योतिमा ५१ औं दिन पूरा गरेको कार्यक्रम गऱ्यो ।

• चलचित्र भरोसाले दाङको एक हलमा ५१ दिन मनाएको हल्ला चलायो ।

• ५१ दिन मनाएको चर्चामा चलचित्र चोर-सिपाही र तकदीर रहे । यी दुई चलचित्रले क्रमशः ७६ र ६३ दिनसम्म एउटै हलमा चलेर वर्षको कीर्तिमान राखे ।

## नयाँ नायक/नायिका

अभिनव रेग्मी (मानिस), राजेश ढुंगाना (आरडी) (जीवनदाता), दिलीप गौतम (ए...पण्डित बाजे), प्रेरणा शर्मा (अहंकार, देशदेखि विदेशसम्म), नम्रता झा (हामी साथीभाइ) शुभेच्छा थापा (क्रोध) ।




Admission Open

Meet **Dr. Hari Pd. Thapaliya,** only at **KEI**
(Head of Bio. Dept. St. Xavier's College) Mobile: 9841283506

KEI's

**Advanced Science** cum
**Bridge Course** 2007

- Entrance Preparation for **I.Sc./+2**
  (St. Xavier's, Budhanilkantha, SOS, K.U. & Other reputed institutions)
- **Staff Nurse** Entrance Preparation

for **S.L.C.** appeared Students

**Kathmandu Educational Institute (KEI)**

**Head Office**
**Putalisadak**
Opposite of Shankardev Campus
Putalisadak, Kathmandu, Nepal
Tel: 4246668, 012304646, 9851047961

**Branch Office**
**Kumaripati**
Opp. of Campian College
Kumaripati, Lalitpur
Tel: 01 6209525

**New Baneshwor**
Opp. of BICC West Gate
New Baneshwor, KTM
Tel: 01 4493797, 9841278250



**S. L. C. TOPPERS' CHOICE**

**PEF**

Advanced Science Course
Entrance Preparation
Staff Nurse Preparation



Anjana Rajbanshi
SLC Topper 2062
92.38%

Swotantra Gautam
SLC Topper 2062
92.63%

Free Books & CD

Classes begin from 3rd Baishakh

Program Co-ordinator J. M. Sylvester

**Popular Education Foundation**
Adwait Marg (Behind Old Buspark), Kathmandu
Tel: 01-4248557, 4240674

Branch Office at:
Blue Bird College. Kumaripati
Tel: 5538944, 5555142

Chuchchepati (Pasang Lhamu Sherpa Chowk), Chabahil
Tel: 01-2111395, 9841474435

# मुलुकले गुमाएका चर्चित व्यक्तित्वहरू

*वर्ष २०६३ को प्रारम्भमै नेपालमा लोकतन्त्र स्थापित भयो । १० वर्षसम्म जनयुद्धका नाममा ठूलो जनधनको क्षति पुऱ्याएका नेकपा (माओवादी) शान्ति प्रक्रियामा आए । यसले नेपालमा अकालमा दैनिक ४ जना मारिने नेपालीको संख्या १ मा झऱ्यो । यति हुँदाहुँदै पनि मृत्यु कसैको वसमा नरहेकाले नेपालले यो वर्ष धेरै चर्चित व्यक्ति गुमायो ।*



## जनआन्दोलनका सहिद

जनआन्दोलनमा लागेका लाखौंको भीडमा २१ जना युवाले ज्यान गुमाएर आफूलाई अमर बनाए । देशमा लोकतन्त्रको सुन्दर सपना सजाएका २१ जना युवालाई लोकतन्त्रपछिको सरकारले सहिद घोषणा गरेपछि उनीहरू राष्ट्रकै धरोहर बन्न पुगे । यसरी सहिद हुनेमा उमेशचन्द्र थापा (दाङ), दर्शनलाल यादव (सप्तरी), भीमसेन दाहाल (पोखरा, घर काभ्रे), तुलसी क्षेत्री (चितवन), शिवहरि कुँवर (काभ्रे), विष्णु पाण्डे (नवलपरासी), हीरालाल गौतम (बारा), सेतु विक (बाँके), राजन गिरी (चन्द्रगढी), सुरज विश्वास (झापा), यामलाल लामिछाने (बर्दिया), वासुदेव घिमिरे (काठमाडौं), दीपक विश्वकर्मा (सोलुखुम्बु), सगुन ताम्राकार (काभ्रे), गोविन्दनाथ शर्मा (कुश्मा बजार), प्रद्युम्न खड्का (काठमाडौं), जहाँगिर खान (भारतको बिहार घर भै काठमाडौंमा मजदुरी गर्ने), अनिलकुमार लामा (काठमाडौं), चन्द्र बयलकोटी (काठमाडौं) छन् ।

## धुन मात्र बाँकी

अग्रज सङ्गीतज्ञ दिव्य खालिङको गत वर्ष असारमा मृत्यु भएपछि हामीमाझ उनका सुन्दर धुन मात्र बाँकी छन् । हृदयरोगका कारण एक वर्षदेखि उपचार गराउँदै आएका खालिङको उपचारका क्रममा सिलिगुडी अस्पतालमा देहान्त भएको थियो । उनको जन्म सन् १९५४ मा दार्जीलिङमा भएको थियो । खालिङले 'म त लालीगुराँस भएछु'..., प्रेयसीका यादहरू... लगायत दुई सय गीतमा सङ्गीत भरेका थिए । उनले संगीत दिएका गीत नारायण गोपालदेखि उदय-मनिलासम्मले गाएका छन् ।

## अलविदा अलिमियाँ

लोककवि अलिमियाँले आफ्नो ८९ वर्षे सक्रिय जीवन गत वर्ष साउनमा त्यागे । विक्रम संवत् १९७५ पोखराको मुसलमान टोलमा जन्मिएका मियाँले आठ वर्षको उमेरदेखि लोकगीतको सङ्कलन, गायन एवं प्रचार-प्रसार गर्दै आएका थिए । लोकगीत सिक्ने र त्यसलाई चाडबाडमा सुनाउने कार्यलाई सबैले मन पराएपछि मियाँले यस्तो कार्य थालेका थिए । उनका १३ जना दाजुभाइ तथा दिदीबहिनी थिए । मियाँका चार पुस्तक प्रकाशित छन् । उनलाई लोकगायकको सम्मान दिँदै विभिन्न राष्ट्रिय पुरस्कारका साथै सार्वजनिक रथयात्रा गरिएको थियो । उनको जीवनीसम्बन्धी पुस्तक पनि प्रकाशित छ ।

## हेलिकप्टर दुर्घटना

गत वर्ष धेरै सवारी साधन तथा एउटा हेलिकप्टर दुर्घटना भयो । यस्ता दुर्घटनामा करिब ७ सय २२ व्यक्तिको मृत्यु भयो । यद्यपि एउटा हेलिकप्टर दुर्घटनामा वातावरण, भूगोल तथा जटिबुटीका क्षेत्रमा अपूरणीय क्षति भयो । गत वर्ष असोज ७ गते भएको उक्त हेलिकप्टर दुर्घटनामा चालक दलका ४ सहित २० यात्रुको निधन भयो । तीमध्ये अधिकांश वन, जडीबुटी, भूगोल तथा वातावरणका क्षेत्रमा लामो अनुभव भएका व्यक्ति थिए ।

**डा. हर्कबहादुर गुरुङ**

डा. हर्क गुरुङ नेपालका भूगोलविद्, वातावरणविद्, इतिहासविद्, दैवी प्रकोप विद्, प्राज्ञ, प्राध्यापक तथा अनुसन्धानदाताका रूपमा नेपाल तथा विश्वका २५ मुलुकका विभिन्न संघ-संस्थासँग आबद्ध थिए । नेपालको नक्सा बनाएर सार्वजनिक गर्ने पहिलो व्यक्ति पनि गुरुङ नै हुन् । उनले करिब १५ वटा पुस्तक लेखेका छन् ।

**डा. तीर्थमान मास्के**

नेपाली वन्यजन्तुका विषयमा सबैभन्दा धेरै अध्ययन गर्ने डा. तीर्थमान मास्के गोही तथा गैंडा विशेषज्ञ पनि थिए । नेपाल सिमसार क्षेत्रका प्रथम अध्यक्ष डा. मास्केकै अगुवाइमा नेपालमा विभिन्न स्थानमा आरक्षण क्षेत्रहरू स्थापना भएका हुन् । डा. मास्के गोहीको अनुसन्धान गर्ने विश्वका थोरै विद्वान्मध्ये एक मानिन्छन् । उनका ७ पुस्तक प्रकाशित छन् ।

**नारायण पौडेल**

सरकारी जागिरेका रूपमा वातावरण क्षेत्रमा काम प्रारम्भ गर्ने नारायण पौडेलले आफ्नो २२ वर्षे जागिरे जीवनमा नेपालका सबै जिल्लाको भ्रमण गरे । पौडेलले मकालु बरुण राष्ट्रिय निकुञ्जको व्यवस्थापनमा देखाएको काम दक्षिण एसियाकै नमुना मानिन्छ । निकुञ्जमा सेना राखेर होइन, जनतालाई संलग्न गराएर मात्र वन्यजन्तुको सुरक्षा हुन्छ भन्ने मान्यता राख्ने पौडेल पछिल्लो समयमा निकुञ्जका छिमेकी गाउँलाई सक्रिय पार्न जुटेका थिए ।

**मिङ्मा शेर्पा**

वन्यजन्तुको संरक्षणमा स्थानीय जनताको सहभागिता गराउन अहोरात्र खटिने अर्का व्यक्ति मिङ्मा शेर्पा हुन् । उनकै प्रयासमा अन्नपूर्ण, मकालु, कञ्चनजङ्गा तथा बरुण क्षेत्र संरक्षण गर्ने योजना सरकारले बनाएको हो । संरक्षण क्षेत्रका बारेमा विश्वका सबैजसो सम्मेलनमा सक्रिय सहभागी हुने मिङ्मा विश्व सम्पदा संघका सदस्य पनि थिए ।

**डा. चन्द्र गुरुङ**

डा. चन्द्र गुरुङ वन्यजन्तु संरक्षणका विशिष्ट व्यक्ति हुन् । उनी विश्व वन्यजन्तु कोष नेपालका प्रतिनिधि थिए । पछिल्लो चरणमा चन्द्र गुरुङ भू-तराई तथा भू-हिमाल कार्यक्रममा सक्रिय थिए । उनी बर्दिया राष्ट्रिय निकुञ्जका संरक्षक पनि थिए ।

**यशी लामा**

यशी लामा हिमाली जडिबुटी विशेषज्ञका रूपमा चर्चित थिइन् । नेपालका हिमाली जटिबुटीको व्यावसायिक प्रवर्द्धन गर्न उनको ठूलो भूमिका रह्यो । हिमाली जिल्लामा स्वास्थ्यकर्मीको अभाव हटाउन उनले नै आम्ची प्रणालीको अवधारणा भित्र्याएकी थिइन् । यार्सागुम्बालाई व्यवसायीकरण गर्न पनि उनको योगदान छ ।

यसैगरी उक्त हेलिकप्टर दुर्घटनामा दिवंगत हुने डा. दामोदर पराजुली, शरद राई, डा. विज्ञान आचार्य पनि वातावरणविद् थिए । दिवङ्गत हुनेमा तत्कालीन वन तथा भू संरक्षण मन्त्री गोपाल राई, कञ्चनजङ्घा संरक्षण व्यवस्थापन परिषद्का अध्यक्ष दावाछिरिङको पनि राजनीति तथा व्यवस्थापनमा महत्त्वपूर्ण योगदान छ ।


## नरबहादुर कर्माचार्य

नेपालमा सशस्त्र क्रान्ति नगरी बामपन्थीहरू सत्तामा आउन सक्तैनन् भन्ने मान्यता राख्ने नेपाल कम्युनिस्ट पार्टीका संस्थापक सदस्य नरबहादुर कर्मचार्यको ८२ वर्षको उमेरमा रक्त क्यान्सरको कारणबाट निधन भयो । विक्रम संवत् १९७९ मा पाटनमा जन्मिएका कर्माचार्य २५ वर्षको उमेरदेखि कम्युनिस्ट आन्दोलनमा होमिएका थिए । अखिल नेपाल किसान संघमा संलग्न भएर कर्मचार्यले तराईमा किसान आन्दोलन चलाएका थिए । कर्माचार्य नेकपा (माओवादी) ले दीर्घकालीन जनयुद्ध प्रारम्भ गर्नुपूर्वसम्म डा. बाबुराम भट्टराईको संयोजनमा गठित संयुक्त जनमोर्चाका केन्द्रीय सदस्य थिए ।

## नोना कोइराला

नेपाली काङ्ग्रेसकी केन्द्रीय सदस्य तथा कोइराला परिवारकी सदस्य नोना कोइरालाको ७९ वर्षको उमेरमा मुटु, कलेज, मृगौला तथा फोक्सोको समस्याबाट निधन भयो । विक्रम संवत् १९८५ सालमा बनारसमा जन्मिएकी नोनाको विवाह १५ वर्षको उमेरमा खरदार कृष्णप्रसाद कोइरालाका साहिंला छोरा केशवप्रसाद कोइरालासँग भएको थियो । कोइराला परिवारमा भित्रिएपछि उनको राजनैतिक यात्रा प्रारम्भ भयो । नोनाका दुई छोरा निरञ्जन तथा डा. शेखर हुन् । राणाशासन विरोधी आन्दोलनमा नोनाले हतियार व्यवस्थापनको जिम्मा पाएकी थिइन् । नोना २०१७ साल, २०१९ साल, २०३१ तथा २०४७ सालमा जेल परेकी थिइन् । नोना २०४८ सालदेखि लगातार नेपाली काङ्ग्रेसको केन्द्रीय सदस्य थिइन् ।

## मोहन कोइराला



नेपाली साहित्यमा प्रयोगवाद भित्र्याउने कवि मोहन कोइरालाको ८० वर्षको उमेरमा निधन भयो । कोइरालाका सारङ्गी बोकेको समुन्द्र, नीलो दह, हिमचुली रक्तिम छ, ऋतु निमन्त्रण तथा गरलपानजस्ता प्रयोगवादी कविता-सङ्ग्रह प्रकाशित छन् । कोइरालाले स्वतन्त्रताका पक्षमा कलम चलाउँदै आएका थिए । उनको फर्सीको जरा नामक कविता नेपाली स्नातकोत्तर तहमा अध्यापन हुन्छ ।


प्राइभेट
TEST/SLC/०६४ मा
८ कक्षा वा ९ कक्षा पास भई स्कुल जान छाडेका र Test/LSC फेल भई स्कुल जान छाडेका विद्यार्थीहरुका लागि
वासिन्टन एकेडेमी, नयाँबानेश्वरमा
- होस्टेलको पूर्ण सुविधा ।
- विहान, दिउसो/अंग्रेजी, नेपाली दुवै माध्यममा पढाइने ।
- कक्षा दशको मात्र पाठ्य पुस्तक अध्ययन गरे पुग्ने ।
- वर्षौ अनुभवी शिक्षकद्वारा विद्यार्थीको मिनी पावरका आधारमा पढाइने कक्षामा

नयाँ भर्ना खुल्यो

भर्ना तालिका :
- ०६३ चैत्र २४ गतेदेखि फाराम वितरण ।
- ०६४ वैशाख २ गतेसम्म पहिलो समूहको भर्ना लिइने ।
- ०६४ वैशाख ३ गते पहिलो समूहको कक्षा सञ्चालन ।
- पहिलो समूहमा ३० जनालाई मात्र भर्ना लिइने ।

भर्ना संख्या १०० जना

| माध्यम | विहान | दिउँसो |
|---|---|---|
| अंग्रेजी | ३० जना | २० जना |
| नेपाली | ३० जना | २० जना |

सम्पर्क :
वासिन्टन एकेडेमी
नयाँ बानेश्वर चोकबाट, शंखमुलतर्फ २ सय मिटर अगाडि
(कोलम्बस कलेजको ठीक अगाडि) फोन : ४७८१०६१



ADMISSION OPEN
LEMS School
पुल्चोक, ललितपुर
कक्षा नर्सरीदेखि कक्षा नौसम्म आवासीय तथा दिवा कक्षाहरूमा भर्ना खुल्यो ।
सिघ्र सम्पर्क Ph.5527345
- आवासीय सुविधा ।
- यातायातको व्यवस्था ।
- अतिरिक्त क्रियाकलाप । (नृत्य, संगीत, स्काउट, मार्सल आर्ट)
- कलेजका प्राध्यापकद्वारा अध्यापन ।
- विशेष छात्रवृत्तिको व्यवस्था ।
Limited Seats Only. Hurry up !
आवासीय विद्यार्थीहरूलाई विशेष छुट



सुखी विवाहित जीवनको लागि
सेवाको १३ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएका यौन रोग, शीघ्रपतन, स्वप्न दोष, पिसावसित धातु खस्ने, नपुंसकता, सन्तान नहुने र कमजोरी आदिको सफल उपचारको लागि आज नै भेट्नुहोस् ।
भेट्ने ठेगाना: फोन नं. : ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल पारीपट्टी, काठमाडौं



Free
YOKO
Height बढाउने High Quality 997/-
SAUNA BELT 1997/-
कपाल उमार्ने तेल 750/-
रूप अमृत 1497/-
स्तन बढाउने 1697/-
Free
AB KING PRO 5500/-
Global Fitness Shop
चावहिल (मेडिकेयर अगाडि)
Ph: 2307216 / 2081493




Learn Languages & Computer in Easy Way
Test Preparation:
IELTS, TOEFL, GRE, GMAT & Visa Preparation Classes
Computer Basic to Advance.
Languages:
English, German Japanese,French Korean, Chinese Spanish, Italian, Hebrew
नोटः हिब्रु र कोरीएन भाषाका कक्षाहरु शुरु भईरहेका छन् ।
Unique Educational Institute
Exhibition Road Putalisadak, KTM
Phone: 01-4238356



PRIVATE TEST/SLC
२०६४ को लागि भर्ना खुल्यो
कक्षा ८ पास, कक्षा ९ पास/फेल तथा Test/S.L.C. फेल भएर स्कुल जान नसकेका विद्यार्थीहरुका लागि Private Test/SLC तयारी कक्षामा धमाधम भर्ना लिईदैछ । सिट सीमित छ ।
(English and Nepali both medium)
Bright Future Institute
मोबाइल : ९८५१००२८०४, फोन नं।: ४४६३०७३, चावहिल, काठमाडौं ।



गरिबी, अन्याय, अत्याचार, भ्रष्टचार, अशिक्षा, जातिय भेदभाव हाम्रा शत्रु हुन् । यसका विरुद्ध सबै सचेत, सजग र क्रियाशील रहनु पर्दछ ।
नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# वर्षका उल्लेख्य विवाद



*राजनैतिक वृत्तबाट २०६३ सालभरि विवादका धेरै स्वर उठे। सामाजिक, शैक्षिक तथा प्रशासनिक क्षेत्र पनि विवादमुक्त रहन सकेन। खासगरी राजा ज्ञानेन्द्रको व्यक्तव्य तथा माओवादी नेतृत्व तहमा रहेकाहरूले गरेको टिप्पणी एवं क्रियाकलापहरू बढी विवादित भए।*

• जनआन्दोलन-२ निर्णायक मोडमा पुग्नै लागेका बेला वैशाख ८ गते राजा ज्ञानेन्द्रले देशबासीका नाममा गरेको संबोधन अमान्य भयो। देशव्यापी रूपमा राजा ज्ञानेन्द्रको संबोधन विरुद्ध ठूल्ठूला जनसभा तथा विरोधका कार्यक्रम भैरहे। अन्ततः उनले तीन दिनपछि अर्थात् २०६३ वैशाख ११ गते खोसेर लिएको राजकीय सत्ता जनतालाई फिर्ता गर्नुपर्‍यो।

• सम्पत्ति विवरण तथा जनआन्दोलनका विरोधीहरूको पहिचान गर्ने क्रममा राजा ज्ञानेन्द्र विवादमा तानिए। राजा ज्ञानेन्द्र गरिब देशका धनी राजाका रूपमा चिनिए। त्यसैगरी शाही सरकारका अधिकांश मन्त्रीले जनआन्दोलन दबाउने दोष राजा ज्ञानेन्द्रतिर सारिदिए।

• वर्षको अन्ततिर राजा ज्ञानेन्द्र नराम्रो विवादमा मुछिए। फागुन ७ गते उनले दिएको सन्देशका विरुद्धमा देशव्यापी रूपमा प्रदर्शन भए। उनले २०६१ माघ १९ को कदम जनताको चाहना बमोजिम भएको र त्यसको जस-अपजस आफैले लिने कुरा वक्तव्यमार्फत् उल्लेख गरेका थिए।

• सबैभन्दा धेरै विवादमा मुछिनेमा माओवादी अध्यक्ष प्रचण्ड पनि हुन्। भारतको अतिभक्ति तथा पाकिस्तान विरोधी टिप्पणी उनको पहिलो विवाद बन्यो। उनले भारतमा आयोजित एक पत्रकार सम्मेलनमा भनेका थिए- पाकिस्तानी जासुसहरूले हाम्रो जनयुद्धलाई हतियार दिने कुरा गरेका थिए तर हामीले मानेनौं भारतप्रति सकारात्मक हुने कारणमा उनले भनेका थिए- नेपाललाई हेर्ने भारतको नीति परिवर्तन भएका कारण हामी सकारात्मक बनेका हौं तर विज्ञहरूले भारतको नीति परिवर्तन भएको थाहा पाएका छैनन् भने भारत स्वयंले पनि घोषित वा अघोषित कुनै पनि रूपमा नेपालसम्बन्धी नीति परिवर्तन गरेको कुरा सार्वजनिक गरेको छैन।

• अध्यक्ष प्रचण्ड आफ्नै पार्टीभित्र पनि विवादित बने। मदन भण्डारीद्वारा प्रतिपादित जनताको बहुदलीय जनवाद (जबज) राम्रो भएको तर एमालेले त्यसलाई सही ढंगले कार्यान्वयन गर्न नसकेको उनले उल्लेख गरेका थिए। प्रचण्डको यो अभिव्यक्तिले माओवादी पार्टी पंक्तिलाई अप्ठ्यारोमा पारेको थियो।

• अध्यक्ष प्रचण्ड कूटनैतिक क्षेत्रमा सबैभन्दा बढी विवादित बने। राजावादीले अमेरिकी अधिकारीको हत्या गरी त्यसको दोष आफ्नो पार्टीलाई लगाएर सत्तामा जानबाट रोक्ने षडयन्त्र भएको उनको तर्क थियो। अमेरिकन दूतावसले यो आरोप प्रमाणित गर्नुपर्छ भनेपछि माओवादी त्यसमा असमर्थ देखियो।

• माघको पहिलो साता मधेश बन्दको उलंघन गर्ने क्रममा माओवादीले सिरहाको लाहानमा एक व्यक्तिको गोली हानी हत्या गरेपछि तराई लामो समय तनावग्रस्त बन्यो। विश्लेषकहरूले यो घटनालाई तराई आन्दोलनको विजको संज्ञा दिए।

• शिविरमा रहेका माओवादीले शिविर छोडी सहर पसेपछि उक्त कार्यको चौतर्फी निन्दा भयो।

• गणतान्त्रिक नेताहरूको हत्याका लागि दरबारबाट ६० करोड रुपैयाँ निकासा भएको र युवराज पारसले माओवादी विरुद्ध सिडी बनाएर सैनिक ब्यारेकमा बाँडेको कुरा माओवादीका एक सांसदले सार्वजनिक गरे। उक्त आरोपको दरबार तथा सेनाले खण्डन गरे भने माओवादीले स्पष्ट प्रमाण देखाउन सकेन।

• फागुनको दोस्रो साता राष्ट्रसंघीय नेपाल मिसनले पत्रकार सम्मेलनमार्फत् पहिलो चरणको छापामार तथा हतियार दर्ता सम्पन्न भएको जानकारी दियो। माओवादी शिविरमा ३० हजार ८ सय ५२ छापामार तथा ३ हजार ४ सय २८ हतियार भएको मिसनले जनाएको थियो। छापामारको तुलनामा हतियार नभएपछिको शंकाका सम्बन्धमा माओवादीले खोलाले बगाएको तथा डढेर सकिएको हास्यास्पद तर्क अघि सारेको थियो।

• लोकतन्त्र स्थापनापछि प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले सबैलाई स्पेस दिनुपर्छ भन्दै आफूलाई सेरेमोनियल किङको पक्षमा उभ्याएपछि कोइराला पुरानै बाटो हिंड्न थालेको आरोप लाग्यो। फागुनको अन्तिम साता पुनः प्रधानमन्त्री कोइरालाले स्पेसको कुरा पुरानो भैसकेको भनेपछि मात्रै कोइरालामाथि लागेको आरोप-प्रत्यारोपको टुंगो लाग्यो।

• नेपाली सेनाको कल्याण कोणमा दस अर्ब मौज्दात रहेको सार्वजनिक भयो। कोषबाट वार्षिक सत्तरी करोड रुपैयाँ कल्याणकारी कार्यमा खर्च हुने गरेको पनि सार्वजनिक भयो।

• प्रमुख तीन निजी जीवन बिमा कम्पनीले बिमा समितिको निर्णय विपरीत बोनस नदिने निर्णय गरे। त्यो निर्णयले साढे तीन लाख उपभोक्ता ठगिएका छन्। ती तीन कम्पनीमा लाइफ इन्स्योरेन्स कर्पोरेसन नेपाल, एलआइसी, अमेरिकन लाइफ इन्स्योरेन्स कम्पनी (एलिको) तथा नेपाल लाइफ इन्स्योरेन्स कम्पनी (एनएलआइसी) छन्। तीमध्ये एलिकोले ग्राहकहरूलाई पाँच प्रतिशत बोनस दिने निर्णय गरेको छ।

• रायमाझी आयोगको प्रतिवेदन अध्ययन गरी कारबाही सिफारिस गर्न तत्कालीन उपप्रधानमन्त्री केपी ओलीको संयोजकत्वमा एक कार्यदल बनेको थियो। फागुनको अन्तिम साता उक्त कार्यदलले राजालाई कारबाही गर्नु नपर्ने सिफारिस गरेको थियो।

• सरकारले राजदूत तथा शिक्षा क्षेत्रका निर्णायक पदकमा नियुक्ति गर्न नसकेको कुरामा कडा विवाद झेल्नुपर्‍यो।

• फागुनको अन्तिम साता सूचना तथा सञ्चार मन्त्रालयको सहमतिमा उद्योग विभागले रोयल टच नामक विज्ञापन एजेन्सीलाई टेलिभिजन प्रसारणका लागि अनुमति दियो। सेटेलाइट प्राविधिका लागि अनुमति पाएको उक्त एजेन्सी पूर्णरूपमा भारतीय लगानीमा सञ्चालित संस्था हो।

• सर्वोच्च अदालतमा घूस खाने शैली प्रकाशमा आयो चैतको पहिलो साता। नाम चलेका अखबारले न्यायाधीश तथा मुद्दा दायर गर्ने पक्ष वा विपक्षबीचको टेलिफोन संसाद प्रकाशित गरे अर्थात् अदालतको फैसलामा प्रश्नचिन्ह लाग्यो।

• बैसठ्ठी हजार अस्थायी शिक्षकलाई स्वतः स्थायी गर्ने विधेयक पारित भयो।

• चालीस लाख नागरिकता विहीनलाई नागरिकता दिने प्रक्रियाका सम्बन्धमा विभिन्न किसिमका टिकाटिप्पणी भैरहे। कतिपय प्रजिअले नागरिकताको व्यापार भैरहेको अनुभव सार्वजनिक गरे।

• चैत २१ गते सम्पन्न मिस नेपाल कार्यक्रमको विरोधमा माओवादी तथा तीनका भ्रातृ संगठनहरूले कार्यक्रम स्थलमा धर्ना दिए। कार्यक्रमस्थल बाहिर नारा-जुलुस तथा ब्यानर च्यात्नेसम्मको काम माओवादीले गरे तर माओवादीकै नेताले सम्हालेको सञ्चार मन्त्रालय अन्तर्गतको नेपाल टेलिभिजनबाट उक्त कार्यक्रमको प्रत्यक्ष प्रसारण भयो।

• वर्षको अन्त्यमा माओवादीको मजदुर संगठनले होटल उडल्यान्डका मालिकलाई चरम यातना दिई एक करोड रुपैयाँ दिने गरी कागज गराएको विरोधमा उपत्यका बन्द भयो। माओवादीले आफूहरूलाई दुःख दिएको भन्दै उद्योगी तथा व्यापारीहरू सडकमा निस्किए तर माओवादीले सडकमा उत्रिएका तमाम उद्योगी तथा व्यापारीलाई दरबारियाहरूको झुण्ड भएको आरोप लगायो।

• ठूला पार्टीहरूबीच संस्थान निजीकरणका सम्बन्धमा फरक मत सार्वजनिक भयो। यसरी फरक मत राख्ने पार्टीहरूमा नेपाली कांग्रेस, एमाले, नेपाली कांग्रेस प्रजातान्त्रिक छन्।

• फागुनको तेस्रो साता नेपाल कम्युनिष्ट पार्टी एमालेले राजालाई संसदबाट महाभियोग लगाई बर्खास्त गर्न सक्ने प्रस्ताव दर्ता गरायो तर माओवादी लगायत केही पार्टी तथा बुद्धिजीवीले एमालेको यो कदमलाई राजा राख्ने खेलको संज्ञा दिए।

• सरकारमा भागबण्डाको विषयलाई लिएर वर्षभरि धेरै विवाद भए। चैतको तेस्रो साता बनेको अन्तरिक सरकारको दोस्रो नेतृत्वकर्ता को हुने भन्ने सम्बन्धमा समेत ठूलै विवाद भयो। यो प्रतिस्पर्धा कांग्रेसका रामचन्द्र पौडेल प्रधानमन्त्रिपछिका दोस्रो प्रमुख मन्त्री चयन भए।

• पश्चिम पृतनापति दिलीपशमशेर राणाको अभिव्यक्तिले सम्पूर्ण सैन्य क्षेत्रलाई पुनः विवादास्पद बनायो। उनले फेरि सेना परिचालन हुन सक्ने भएका कारण तयार रहनु भन्ने खालको राजनैतिक भाषण गरेका थिए।

• शाही सरकारका मन्त्रीहरू रायमाझी आयोगको छानविनका क्रममा बढी विवादित बने। उनीहरूले जनआन्दोलन दबाउने कार्यमा आर्थिक हिनामिना, मानवअधिकार उल्लंघन तथा जनधनको क्षतिको दोषी भएको आरोप खेपिरहे। यस्तो आरोप खेप्नेमा शाही सरकारका गृहमन्त्री कमल थापा प्रमुख रहे।

• गृहमन्त्री कृष्णप्रसाद सिटौला तराई आन्दोलनका कारण विवादमा तानिए। तराईलाई तनावबाट मुक्त गर्न सरकारले गरेको वार्ताको तगारो बने गृहमन्त्री। गृहमन्त्रीले राजीनामा नदिउन्जेल तराई आन्दोलनका नेतृत्वकर्ताले वार्ता सुरु नगर्ने अडान राखिरहे। त्यसैगरी अन्य पार्टी तथा आफ्नै पार्टीपंक्तिबाट पनि उनको राजीनामा मागियो।

• वर्षभरि गैंडा तस्करीका कथा प्रकाशित भैरहे। गैंडा मृत्युका समाचार पनि एकपछि अर्को गरी प्रकाशमा आइरहे। संरक्षण समिति बने पनि गैंडा पूर्ण सुरक्षित रहन सकेनन्। वर्षको अन्त्यतिर एक पूर्वपाइलटसहित केही व्यक्ति आधा दर्जनभन्दा बढी गैंडा मारेको अभियोगमा पक्राउ परे।

–दिवस गुरागाईं


**निः शुल्क ब्यूटिसीयन तालिम**

नेपाल सरकारको मान्यता प्राप्त EN को सहयोगमा अनुभवी वरिष्ठ ब्यूटिसीयनहरू द्वारा



ग्यारेन्टीका साथ पार्लर खोल्न तथा विदेश जान दक्ष बनाइने विहानी तथा दिवा समयको लागी रोजगारको अवसर सहित ब्यूटिसीयन Basic, Advanced र Diploma तहमा भर्ना लिइदैछ।

७ दिन भित्र सम्पर्क गर्नुहोला।

फोन नं. ४४१९१६७ २००३०३३

BBC प्रशिक्षण केन्द्र

पुतली सडक चोक संगै, डिल्लीबजार रोड

New Management | New Premises

**BROOKFIELD SCHOOL**

Sinamangal, Kathmandu

*(Recognized for its Excellent Academic Achievement)*

With Us: **ADMISSION OPEN: Grade Nursery to IX**

- Separate Blocks: Pre- Primary, Primary and Secondary with Open Space (Louis Green Environment).
- Computer Lab: Per student -1 Computer.
- Physics, Chemistry, Biology: Separate well equipped Labs.
- Easy Access to Internet.
- Rich Library with all Reference Books.
- Sports: Basketball, Cricket, TT (International Standard).
- A Large Conference Hall for Talent Show Activities.
- Cafeteria with Healthy and Hygienic foods.
- Various Scholarships for the Deserving Candidates.

For furtherDetails:
Ph: 4-470646/4474908
Or visit the School
Please visit our Website: www.brookfield.edu.np
Email: info@brookfield.edu.np

Excellence in Education is our Motto!

**विशेष छुट सहित ब्युटिसियन तालिम**

नेपाल सरकारबाट मान्यता प्राप्त, NGO को सहयोगमा सञ्चालित, वरिष्ठ ब्युटिसियनहरूद्वारा प्रशिक्षण दिइने Basic, Advance, Diploma र Special कोर्षहरू सञ्चालन हुँदैछ। SLC दिएर बसेका विद्यार्थीहरूलाई विशेष प्राथमिकता दिइनेछ।



सम्पर्क :

New CBTC, महाराजगञ्ज, चक्रपथ चोक, पेट्रोल पम्पसगै फोन : २०८०५५२
मोबाइल : ९८५१०६९९४४

**होटल तालिम**

कुक · वेटर · हाउसकिपिङ्ग · लण्ड्रीमेन · वेलब्वाई · सेक्यूरिटी गार्ड · केयर गिभर तालिम आदि

विशेषताहरू:
- विदेश जानेलाई विशेष व्यवस्था
- Theory/Pratical दुबैको व्यवस्था
- कुक सिक्नेलाई Waiter free
- उत्कृष्टलाई स्वदेशमै रोजगारी

**Language**

कोरीयन, जापनिज, हिब्रु र अंग्रेजी भाषा

***TUTION:***

SLC, +2, Bachelor (All Level All Subjects)

**Private Test / SLC**

कक्षा ८ वा ९ पास अथवा Test / SLC फेल भई स्कुल जानबाट वञ्चित, उमेर नाधेका र जागिर गर्दै पढ्न चाहनेको लागी अध्यनको सुवर्ण अवसर Eng र Nepali दुबै भाषामा विहानी बेलुकी कक्षा

- विगतको राम्रो नतिजा रहेको दक्ष तथा अनुभवि द्वारा मनोवैज्ञानीक तरिकाबाट पढाइने।

**कामना इन्ष्टिच्युट** कोटेश्वर

4601878, 4600335 (प्रहरी चौकी संगै) टंक प्रसाद शालिक अगादि

**होटल तालिम**

५ तारे होटलका प्रशिक्षक द्वारा प्रशिक्षण गराईने

Cook :- 4,500/-
Waiter :- 1,500/-

साथै रूमब्वाई, हाउसकिपिङ्ग, डोमेष्टिक हेल्पर, बेलब्वाई साथै होटल सम्बन्धि सम्पुर्ण ट्रेनिङ्गहरू साथै अग्रेजी भाषा निशुल्क, ट्रेनिङ्गपछि 90% रोजगारको ग्यारेन्टी तु-सम्पर्क गर्नुहोला।

त्रिवेणी ट्रेनिङ्ग सेन्टर, मैतिदेवी
फोन: ४४१६५१९, ९८४१३८७८१५

**ब्रिटिस आर्मी सिङ्गापुर पुलिस**

तयारी कक्षाहरू धमाधम हुँदैछ।

Physical & Education
गतसाल १००% सफलता



Physical को विषेश तयारी

**Abroad Institute**

☎: 4-253426 पुतलीसडक, कुमारी बैंक छेउ

**S.L.C दिएको हो..? आउनुस्।**

Cook Rs. 2,499 / मा
(कन्टिनेन्टल, इटालियन, इन्डिएन, चाइनीज ग्रुपमा)
Waiter Rs. 1,599 /

(RMTTC)
४४६४७२०, ९८५१०९३६२९
(BICC पानी ट्याकीको ठीक अगाडी)

(SMTTC)
२०४०७८२ (शिव दर्शन हल अगाडी)
नयाँ बानेश्वर

Happy New Year Offer

**YOKO**

HEIGHT INCREASER 900/- High Quality 1400/-
SANUNA BELT 2400/- Low Quality 1500/-
AB KING PRO 5500/-
यस विज्ञापनलाई कटिङ्ग गरी ल्याउनुभएमा २०% छुट
ANTI SPOT 2495
ROOP AMRIT 1600/- 800/-
Breast Evramartin 800/-

Global TV Pro Shop
PutaliSadak, शंकरदेव क्याम्पस अगाडी
फोन ४२४२०६१, ४२३०८१५ (काठमाडौं)
९८४५०४२९२९ (नारायणगढ), ४५७९३ (बुटवल)
९८५१०१४६०२ (लगनखेल)

**नि:शुल्क ब्यूटिसियन ट्रेनिङ्ग**

NGO को सहयोगमा विगत ९ वर्षदेखि संचालित नेपाल सरकारद्वारा स्वीकृत प्राप्त विदेशबाट तालिम लिएका वरिष्ठ ब्यूटिसियनहरुद्वारा अत्याधुनिक मेशिनहरुमा छोटो समयमा कोर्ष ग्यारेन्टीका साथ Basic, Diploma, Advance, Beautician Teacher Training, Hair dressing / Special Short कोर्षका सिमित सिटमा रोजगारीको अवसार सहित भर्ना खुल्यो।



नारायणगढ ०५६-५३२७५५, पोखरा: ०६१-६२२०९५, ITC प्रशिक्षण केन्द्र बनेपा ०११-६६०३७२, नयाँ बानेश्वर २०४२६५२, डिल्लीबजार हुलाक अगाडी ४४१३९५८, कोटेश्वर चोक २०८१६७०, कलंकी चोक: २१९०२१८, ठमेल चोक २१९०८००, गोंगबु चोक २०८११०९, चावहिल चोक ४४९३३६१, लगनखेल बसपार्क २१२२४४८

**प्राइभेट Test / S. L. C.**

विगत ५ बर्ष देखि Private Test/ S.L.C. मा 100% विद्यार्थी उत्तीर्ण गराउन सफल एक मात्र Institute मा २०६४ सालको लागि नयाँ भर्ना खुल्यो।

कक्षा समय: बिहान र दिउँसो | माध्यम: English र नेपाली

साथै कोरियन र अंग्रेजी भाषाको नयाँ कक्षाहरू संचालन भइरहेको छ।

**Model Educational Institute**

बागबजार (P. K. Campus को गेट अगाडी), Tel: 4-218146

# इतिहास रचे नेपालीहरूले

पृष्ठ ३ बाट जारी

देउवा सभापति रहेको नेपाली काङ्ग्रेससँग एकता गर्ने विधिवत् निर्णय गऱ्यो । यसले राजनैतिक वृत्तमा तरङ्ग ल्यायो । त्यसपछि नेपालको राजनीति एकाएक दुई काङ्ग्रेसको एकीकरणतर्फ अग्रसर भयो । यसबीच कोइरालाले दसैंसम्ममा दुई काङ्ग्रेसबीच एकीकरण भैसक्ने बताएपछि गाउँ-गाउँमा यसको प्रचार भयो । दुवै दलका सभापतिले कृष्णप्रसाद भट्टराईको निवासमा वार्ता गरे । उक्त वार्तामा काङ्ग्रेस एकताको औपचारिक निर्णय हुने अपेक्षा गरिएको थियो । यद्यपि उक्त वार्तापछि एकीकरणकै चर्चा सेलायो ।

**माओवादीको केन्द्रीय बैठक**

माओवादीले आफैंले अस्थायी ब्यारेक खडा गरेको काभ्रेको कामीडाँडामा केन्द्रीय कमिटीको बैठक गरेपछि नेपाली राजनीतिको ध्यान फेरि माओवादीमा केन्द्रित भयो । बैठक भदौ ११ देखि १६ सम्म चलेको उक्त बैठकले अप्रैल आन्दोलनको खाका कोर्दै सरकारसँगको वार्ता असफल भए सहरी विद्रोह गर्ने आफ्नो नीति सार्वजनिक गऱ्यो । वार्तामा प्रचण्ड आफैं सामेल हुने नीति पारित गर्दै सरकारलाई पत्र पठायो । यसले सरकारलाई वार्ता चाँडै गर्न दबाब दियो । कृष्णबहादुर महराको नेतृत्वमा भैरहेको वार्तालाई 'ओभरटेक' गर्दै प्रचण्डको नेतृत्वमा १० सदस्यीय टोली वार्तामा बस्ने भएपछि सरकारले पनि प्रधानमन्त्रीकै नेतृत्वमा वार्ता कमिटी बनाउनुपर्ने सर्त माओवादीले राख्यो । यसले वार्तामा बादल लाग्यो । यो विवाद असोजको पहिलो सातासम्म जारी रह्यो । अन्त्यमा प्रधानमन्त्री निवासमा आठ दलका शीर्ष नेताहरूले नै वार्ता गरेर जारी द्वन्द्व टुङ्ग्याउने निष्कर्ष निकालेपछि फेरि राजनैतिक घटनाक्रम अघि बढ्यो । दसैं मुखमा आएकाले दसैंपश्चात् वार्ता अघि बढाउने निर्णय भयो ।

**राष्ट्रसंघको प्रवेश**

२०६३ सालको दसैं राजनैतिक विवादमा अल्झिए पनि दसैंलगत्तै संयुक्त राष्ट्रसंघको टोली शान्ति प्रक्रियामा प्रवेश गऱ्यो । संयुक्त राष्ट्रसंघकै सक्रियतामा नेपालका १४ जिल्लाका २८ क्याम्पमा माओवादी सेना राख्ने निर्णय भयो । संयुक्त राष्ट्रसंघ, नेपाल सरकार तथा नेकपा (माओवादी) त्रिपक्षीय सन्धि गर्ने सहमति भयो । त्यही सहमतिअनुसार मंसिर ५ गतेसम्म माओवादी सेना इलामको चुलाचुली, सिन्धुलीको दुधौली, काभ्रेको नागीडाँडा, पाल्पाको हुर्मिङ, रोल्पाको दहवन, सुर्खेतको दशरथपुर कैलालीको तालबण्डमा राख्ने निर्णय भयो ।

**शान्ति सम्झौता**

माओवादी सेना अस्थायी क्याम्पमा पुगेपछि सरकार तथा नेकपा (माओवादी) बीच मंसिर ५ गते शान्ति सम्झौता भयो । सरकारका तर्फबाट प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला तथा विद्रोहीका तर्फबाट माओवादी अध्यक्ष प्रचण्डले हस्ताक्षर गरे । यो सम्झौतालाई देशभित्र तथा विदेशमा ठूलो स्वागत गरियो । अमेरिका, भारत, युरोपियन युनियन, चीन, जापान आदि देश तथा संस्थाहरूले त्यसको स्वागत गरे । मंसिर ६ गते सार्वजनिक बिदा दिइयो । त्यसलगत्तै मंसिर १२ गते सरकार, माओवादी तथा संयुक्त राष्ट्रसंघबीच हतियार व्यवस्थापनका



नेपाल फोटो डटकम

विषयमा त्रिपक्षीय सम्झौता भयो । लगत्तै माओवादी सेनाका हतियारको रेकर्ड राख्ने कार्य प्रारम्भ भयो ।

**अन्तरिम संविधान**

हतियार व्यवस्थापन प्रारम्भपछि अन्तरिम संविधानमा हस्ताक्षर गर्ने कार्य अघि बढ्यो । अन्तरिम संविधान मस्यौदा समितिमा विवादमा रहेका बुँदालाई आठ दलले सहमतिमा लागू गर्ने निर्णय गरे । यसका लागि आठ दलका शीर्ष नेताहरूद्वारा एक-एक प्रति संविधान मस्यौदा लिएर अध्ययन गर्ने सहमति भयो । सबै दलले आ-आफ्नो नीतिअनुसार विज्ञहरूसँग सल्लाह गरे । करिब १५ दिनको मेहेनतपछि अन्तरिम संविधानको दस्तावेज तयार भयो । दस्तावेजमा राजालाई निलम्बनको अवस्थामा राखेर संविधानसभाको निर्वाचन गर्ने व्यवस्था थियो । पुसको अन्त्यमा आठ दलबीच अन्तरिम संविधानमा हस्ताक्षर भयो ।

**संसद्मा माओवादी प्रवेश**

माघे सङ्क्रान्ति नेकपा (माओवादी)का लागि उल्लेखनीय रह्यो । आफ्नो १० वर्षे हिंसात्मक राजनीतिलाई तिलाञ्जली दिँदै उक्त दल माघ १ गते अन्तरिम संसदमा प्रवेश गऱ्यो । तेस्रो ठूलो राजनैतिक दलका रूपमा उसले आफ्ना ७३ जना नेता तथा कार्यकर्तालाई अन्तरिम संसद्मा प्रवेश गरायो । त्यसमा अधिकांश कम उमेरका थिए । ४० प्रतिशत महिलालाई संसद् प्रवेश गराएको नेकपा (माओवादी) ले दलित, जनजाति तथा दुर्गम क्षेत्रका प्रतिनिधिलाई बढी ग्राह्यता दियो । माओवादीको संसद् प्रवेशलाई विदेशी तथा स्वदेशी सञ्चारमाध्यमले ठूलो महत्त्व दिए ।

**तराईमा हिंसा**

अन्तरिम संविधानमा आठ दलले हस्ताक्षर गरेको भोलिपल्ट उक्त संविधानप्रति असहमति व्यक्त गर्दै मधेसी जनअधिकार फोरमका अध्यक्ष उपेन्द्र यादवसहित केही व्यक्तिले अन्तरिम संविधानको मस्यौदा जलाए । सरकारले उक्त कार्यक्रममा हस्तक्षेप गरी २८ जनालाई पक्राउ गऱ्यो, जसको नेपालका पूर्वी जिल्लामा विरोध हुन थाल्यो । यसबीच माघ ५ गते मधेसी जनअधिकार फोरमले मधेस बन्दको आह्वान गऱ्यो । यसै दिन नेकपा ( माओवादी) का कार्यकर्ताको दुईवटा बस पूर्वी नेपालबाट चितवन जाने क्रममा फोरमले रोक्यो । दुई पक्षबीच वादविवाद हुँदा माओवादीका एक कार्यकर्ताले गोली चलाए । गोली लागेर एक जना मधेसी विद्यार्थीको मृत्यु भयो ।

त्यसले आन्दोलनलाई ऊर्जा दियो । त्यसपछि लगातार आन्दोलन जारी रह्यो । मधेसी आन्दोलनमा १ प्रहरीसहित ३८ व्यक्ति मारिए । मधेसको माग पूरा गर्न प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले अन्तरिम संविधानमा असहमति रहेका बुँदा हटाउने तथा तराईमा निर्वाचन क्षेत्र बढाउने वक्तव्य दिए । यसले पनि आन्दोलन थामिएन । फोरमले प्रधानमन्त्रीले दोस्रोपल्ट मधेसीको मागलाई सम्बोधन गर्नुपर्ने तथा गृहमन्त्रीले राजीनामा दिनुपर्ने माग अघि सार्दा प्रधानमन्त्रीले दोस्रो पल्ट फेरि मधेसका नाममा सम्बोधन गरे । यसले पनि फोरमको चित्त बुझेन । गृहमन्त्रीको राजीनामा नआएको भन्दै फोरमले आन्दोलन जारी रहेको बतायो । नयाँ वर्षको आगमनमा पनि मधेसी जनअधिकार फोरमले आन्दोलन रोकेको छैन ।

**रौतहट घटना**

मधेसी जनाधिकार फोरमको आन्दोलनमा ठूलो राजनैतिक घाटा बेहोरेको नेकपा (माओवादी) माथि मधेसी जनाधिकार फोरमका कार्यकर्ताले रौतहटको गौरमा ठूलो आक्रमण गरी ४ सर्वसाधारणसहित २५ माओवादीको हत्या गरे । मधेसी जनाधिकार फोरमले गर्न लागेको आमसभालाई नेकपा (माओवादी) ले बिथोल्न खोज्दा झडप भएको मानवअधिकारवादी संस्थाहरूले बताएका छन् । नेकपा (माओवादी) ले आफ्ना ५ जना कार्यकर्ता अझै हराइरहेको बताएको छ । रौतहटको घटनापछि माओवादी अध्यक्ष प्रचण्डले मधेसी जनाधिकार फोरममाथि प्रतिबन्ध लगाउनुपर्ने माग राखे । नेकपा(माओवादी) ले देशव्यापी रूपमा आमसभा गऱ्यो, जसलाई उक्त दलका अध्यक्ष प्रचण्डले नै सम्बोधन गरे ।

**अन्तरिम सरकार**

जसरी माघको पहिलो दिन नेकपा (माओवादी) संसदमा प्रवेश गरेको थियो त्यसैगरी चैतको प्रथम दिन उक्त दल सरकारमा प्रवेश गऱ्यो । सरकार बनाउँदा पनि नेकपा ( माओवादी) तेस्रो ठूलो दलका रूपमा सरकारमा पुग्यो । नेकपा (माओवादी) ले सूचना तथा सञ्चारसहित चारवटा महत्त्वपूर्ण मन्त्रालयको कार्यभार सम्हाल्यो । सरकार गठन भएलगत्तै असार ६ गते संविधानसभाको निर्वाचन गर्ने निर्णय भयो ।

**केन्द्रबिन्दु**

यो वर्ष प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला राजनीतिको केन्द्रबिन्दुमा रहे भने दलका रूपमा नेकपा ( माओवादी) केन्द्रबिन्दुमा रह्यो । बितेका एक वर्षमा जेजस्ता महत्त्वपूर्ण घटना भए, त्यसलाई भविष्यमा नेपालको इतिहासले महत्त्वपूर्ण स्थान दिने विश्लेषकहरूको ठम्याइ छ ।

**– अश्विनी कोइराला**

## जन्मदिनको शुभकामना






पुनम राई
२०६० चैत ३१



अनुष्का कोइराला
२०५५ वैशाख १



अनुष्का पाण्डे
२०६० वैशाख १




रोहन राय
२०६१ वैशाख ४



हानामी ज्वारचन
२०६३ वैशाख ४



प्रश्रय चालिसे
२०६१ वैशाख ४



डिकजोन राई
२०६२ वैशाख ५



आरती सेढाईं
२०५८ वैशाख ६



आयुष केसी
२०६२ वैशाख ६



मञ्जित श्रेष्ठ
२०६० वैशाख ६



कृषत गुरुङ
२०५२ वैशाख ५



बबिहाङ राई
२०६१ वैशाख २



खुसी कारञ्जित
२०६२ वैशाख ५



मनासु राई
२०६१ चैत्र ३०



शुभम मल्ल
२०६० वैशाख ५



फारम

जन्मदिनको शुभकामना

नाम :.....................................................

जन्म मिति :.....................................................

स्कुल :.........................................

ठेगाना : .........................................

तस्बिर अनिवार्य


E.I.A Regd:103/062

Admission Open for

PRIVATE TEST/SLC


के तपाईं कक्षा ९, Test वा SLC फेल हुनुभयो ?

☞ १वर्षे नियमित कोचिङ्ग कक्षा
☞ उपत्यकामै SLC तयारी कक्षाको लागि विश्वसनिय विद्यालय
☞ तपाँईकै आफ्नै Mind Power अनुसारका नियमित कक्षा
☞ दिवा तथा बिहानी सिफ्ट, नेपाली तथा English माध्यममा
☞ Visiual Lab, Seminar Class, Regular Exam को व्यवस्था
☞ वोर्डस तथा गाडीको समेत व्यावस्था, हप्ताको सातैदिन पढाई
☞ उत्कृष्ट विद्यार्थीहरुलाई छात्रवृति

के तपाईंको अध्ययन कक्षा ८ पास गरेर रोकिएको छ ?

Special Discount for every Computer courses

SEA PUBLIC OPEN SCHOOL
Lekhanath Marga,Thamel ☎ : 4420537
Lagankhel, Lalitpur ☎: 2171369


The NYATAPOLA SWIMMING POOL

Features:
↗ Mini Olympic Standard Size
↗ Non Polluted Water
↗ Swimming Coach is present for the learner
↗ Life Guards on every moment

Tel: 4361746
Samakhusi Town Planning
Kathmandu



अंग्रेजि
दुई महिना मै!
*Basic *Intermediate *Advanced
जान्दे नजान्ने हरुको लागी विशेष व्यवस्था
Free:Books, Cassets & Video-CDs
TOEFL, IELTS
Study in:
UK, USA, Australia
Free: Email & Internet
Computer: Basic to Diploma
Member Of ECAN
Getway ☎ 4241870
Educational Consultancy P. Ltd
Bagbazar, KTM.





40% on Discount Computer Courses
Basic computer
Diploma in computer
Graphic Designing
Web Page Designing
Accounting Package
Hardware & Networking
24 Hours Internet & Email Facility
Contact:-
Getway ☎ 4241870
Bagbazar, KTM.



DEI offer for SLC appeared students
Bridge Course
Staff Nurse Preparation
Computer & Language
Scholarship upto 100%
DYNAMIC Educational Institute
Thamel, Tel: 01-4422431, 9841364268





# फेसन रिवाइन्ड २०६३

रोजिन शाक्य



समय अनि मानव जीवनमा आएका परिवर्तनसँगै फेसनशैली पनि परिवर्तित हुन्छ भने पुराना फेसनशैली परिमार्जित स्वरूपमा देखापर्ने गरेको पाइन्छ । फेसन संसारमा वर्षौंदेखि नारी व्यक्तित्वमा शालिनता, सुन्दरता, माधुर्यता तथा ग्ल्यामर सञ्चार गर्दै आएको साडीको फेसनले वर्ष २०६३ मा महिलावर्गको फेसनशैलीलाई छुट्टै पहिचान दिलाएको अनुभव गरियो । साडीमा विशेषतः हल्का ब्राइट कलरको फेसनले बजार लिएको देखियो । तिनमा पनि रातो, गुलाबी, रानी, मजेन्टा, पिन्क, डार्क पिच, ब्लु, अरेन्ज, फ्युसिया, टरकवाइज, ब्लेक एन्ड ह्वाइट आदि रंगका मल्टी सेडेड भन्दा पनि सिंगल सेडेड साडीहरू बढी प्रचलनमा रहे ।

विशेष गरी हातले इम्ब्रोइडरी गरिएका जर्जेटका साडीले यस पटकको फेसन बजार ततायो । जर्जेटका अतिरिक्त सिफन, नेट, क्रेप, एवं टिस्युका साडीले पनि फेसन प्रेमीहरूको ध्यान आकर्षित गर्न सफल भएको देखियो । डिजाइनर साडीहरूमा इम्ब्रोइडरी, जरदोजी, सितारा, सिक्वेन्स, जरी, स्टोन, बिड्स, प्याच जस्ता वर्कहरूले प्राथमिकता पाए । साडीसित म्याच गर्ने ब्लाउज एवं चोलीमा पनि विभिन्न प्रयोगहरू भए । ग्ल्यामर तथा सुन्दरताको समिश्रणमा डिजाइन गरिएका चोलीहरूको नेकलाइनमा हल्टर, एसेमिट्रिकल, स्पेगेटी, स्वीट हार्ट, स्ट्रिङ, एवं स्ट्राइपको प्रचलन बढेको पाइयो । ब्याकलेस, पछाडि बो वा रिङ युक्त चोलीको प्रयोग पनि उत्तिकै रह्यो ।

लेहेंगा चोली तथा इभिनिङ गाउनको प्रभाव भने खासै देखिएन वर्ष २०६३ को फेसन स्टाइलमा । कुर्ता-सलबारको क्रेज भने कायमै रह्यो । विशेषगरी चुडीदार तथा पटियाला शैलीको पुनरावृत्ति भएको पाइयो कुर्ता-सलबारको फेसन शैलीमा । पाइन्ट शैलीको सलबार तथा सर्ट-कुर्तीभन्दा इम्ब्रोइडरी गरिएका चुडीदार शैलीको क्रेज बढी रह्यो । त्यसैगरी कन्ट्रास्ट कलर कम्बिनेसनमा हल्टर, स्लिभलेस, कट सोल्डर्स, स्ट्रिङ-स्ट्राइप एवं टयुबयुक्त कुर्तामा चुडीदार तथा पटियाला शैलीको सलबार बढी लोकप्रिय रहे । कुर्ता-सलबारमा पिन्क र ब्लु, यलो र ग्रिन, ब्लु र मरुन, अरेन्ज र रेड, ब्ल्याक र ह्वाइट, पिन्क र ब्लु आदि कलर कम्बिनेसन पनि उत्तिकै देख्न पाइयो ।

फुल स्लिभभन्दा सी-थ्रु स्लिभ अर्थात् जर्जेट वा क्रेपका पारदर्शी सिंगल लेयर्ड स्टाइलको क्रेज बढेको पाइयो । स्कर्ट, लेहेंगा, ट्राउजर वा साडीसित पनि प्रयोग गर्न सकिने भएकाले कोर्सेटको प्रचलन निकै बढेको पाइयो । कोर्सेटका साथमा अम्ब्रेला कट स्कर्ट वा जरदोजी, क्रिस्टल, सिक्वेन्स, चिकनकारीको प्रयोग भएका कढाइदार ट्राउजरको कम्बिनेसनले पनि फेसनप्रेमीहरूको मन लोभ्यायो । एसिमिट्रिकल हेमलाइनयुक्त पहिरनको प्रचलन त रह्यो नै साथै तिनको प्रयोग ब्लाउज एवं कुर्तामा समेत बढेको देखियो । आरामदायक, सुविधाजनक तथा स्टाइलिस पनि भएकाले पोन्चो फेसन शैलीले पहिरन संसारलाई तताएको महसुस गरियो । विशेषतः अनइवन हेम लाइनयुक्त पोन्चोको क्रेज बढी रह्यो ।

पोन्चोसँगै कफ्तानको डिमान्ड पनि बढेको पाइयो । मेक्सिकन महिलाहरूको राष्ट्रिय पोशाकका रूपमा परिचय बनाएको पोन्चो तथा कफतानको फेसनशैली विशेषतः युवतीहरूमाझ बढी लोकप्रिय रहे ।

साडी, कुर्ता-सलबारका अतिरिक्त डिजाइनर वेअरतर्फ कोर्सेट, मिडियम फिटेड एवं स्ट्रेट ट्राउजर्स, सिगरेट टाउजर, फुल फ्लेयर्ड गाउन, ट्इङ केपरिज, र्‍याप अराउन्ड टप, विभिङ इफेक्ट वन पिस ड्रेसहरू, विभिन्न शैली एवं डिजाइनका स्कर्टहरूले वर्ष २०६३ को फेसनमा रौनक थपे । विवाह, भोज, पार्टीलगायतका फङ्सनल एवं फर्मल वातावरणमा जहाँ डिजाइनर वेअरको वहार रह्यो त्यहीं अन्य अवस्थामा विशेषतः युवापुस्ता वेस्टर्न आउटफिटमै रमाएको पाइयो ।

विशेष गरी डान्सपार्टी, गेट टुगेदर पार्टी, ग्रान्ड आदिमा क्यामिसोल, स्लिभलेस, स्ट्राइपलेस, हल्टरनेक, काउल नेक, अफ सोल्जर, डिपनेक, दुज कुर्ती, फिटेड टिसर्ट तथा स्यान्डो आदिका साथमा जिन्स, कटन, लिनेन, लाइक्रा आदिका प्लिटेड, सर्कुलर, फ्लेयर्ड टियर्ड, स्ट्रेट लेयर्ड ह्याङकरचिफ शैलीका मिनी-माइक्रोका साथमा नि-लेन्थ, काल्फ-लेन्थ एवं एङकल-लेन्थ स्कर्टहरूको ग्ल्यामर वर्षभरि नै छाएको पाइयो ।

जहाँ मिनी-माइक्रो स्कर्टमा ब्लयाक, ह्वाइट, ब्राउन, ब्लु, ग्रीन कलरको नि-लेन्थ तथा काल्फ-लेन्थ बुटको कम्बिनेसन फेसनमा हट आइटम रह्यो त्यहीं डिजाइनर स्कर्टका साथमा स्ट्राइपी स्थान्डल, मुलस, हाइहिल सुज तथा स्टिलिटोजको प्रचलन रह्यो । स्कर्ट स्टाइलका साथमा फन्की ह्यान्ड ब्यागको फेसनप्रति क्रेज उत्तिकै रह्यो । क्याजुएल फेसन वेअरमा कलर्ड करडोइज, लेसडिटेल भएको क्यामिसोल, कटन, ट्याङ्क, स्टाइलिस क्रेप्रिज, क्रस्ड स्कर्ट, फ्लेयर्ड, लेथर्ड, सर्कुलर, एङ्गुलर, निलेन्थ वन पिस पहिरनहरू, स्लिभलेस, टरटलनेक, स्ट्रेच पाइन्ट, टेलर्ड पाइन्ट, सिगरेट पाइन्ट, जिन्सका विभिन्न शैलीहरू पनि चलन चल्तीमा रहे ।

जाडो मौसममा भने स्वेटरभन्दा बढी पुल ओभर, बम्बर ज्याकेट, पफी ज्याकेट, फिटेड ब्लेजर, पोलिनेक, टर्टल नेक, हाइनेक, कार्डीगन, स्वेट सर्ट आदि प्रचलनमा रहे । त्यसैगरी डबल भिजन सर्ट, फिटिङ लेदर ज्याकेट, वेस्ट लेन्थ ज्याकेट, लङ कोट, डेनिम ब्लेजर, रफ कलर, फर कलर आदि विभिन्न शैलीका ज्याकेटले जाडोमा न्यानो फेसनशैली सञ्चार गरे । जाडो मौसममा शरीरलाई न्यानो प्रदान गर्ने विभिन्न उपायमध्ये सल तथा स्टोलको प्रयोग पनि उत्तिकै रह्यो । पस्मिना, सेमी, पस्मिना, सिल्क पश्मिना, काश्मिी कढाइयुक्त सलहरू, जमावार एवं विभिन्न रंगका प्रिन्टेड तथा इम्ब्रोइडरी बिड्स एवं हल्का स्टोन वर्क गरिएका स्टोल एवं सलले जाडो मौसमलाई न्यानो प्रदान गर्‍यो ।



पुरुष फेसन भने फल्याट सुज, स्पोर्टी सुज, फिटिङ सर्ट, बेली जिन्स, क्रन्ज जिन्स, फिटिङ वेस्ट लेन्थ सिम्पल लुक भएका कोट तथा कोट शैलीका ज्याकेटमा अघि बढेको पाइयो । विशेषतः साठी-सत्तरीको दशकको रक स्टार शैली एवं फंकी स्टाइल लोकप्रिय रह्यो । ब्याक स्ट्रिट ब्वाइजका संगीतकर्मीहरूले अँगालेको फिटिङ फन्की स्टाइलका कोट, ज्याकेट एवं ब्लेजरको क्रेज पनि उक्तिकै रह्यो युवाहरूमाझ ।

पुरुषवर्गको फर्मल लुकमा भने लिनेन फ्याब्रिकको प्रयोग बढेको पाइयो । ब्ल्याक, ब्राउन एवं लाइट क्रिम सेडमा जिन्स शैलीका क्रिज लेस, ननप्लिटेड, क्रस पकेटयुक्त पाइन्टहरूले पुरुष वर्गको फर्मल लुकलाई अघि बढाएको पाइयो । पाइन्टको मोहोडा १७ देखि १९ इन्च वा चुज शैली र लिनेन एवं सिल्कका शरीरमा टम्म मिल्ने वेष्ट लेन्थ कमिजको चलन पनि उत्तिकै रह्यो । कलेज जानेहरूमा भने चुज र एङ्कल लेन्थ शैलीका पाइन्टप्रति क्रेज रह्यो । कमिजको कलरको लम्बाइ भने साढे तीनदेखि साढे चार इन्चसम्म राख्ने प्रचलन पनि बढेको पाइयो पुरुष फेसनमा ।

राम्रो क्वालिटी, दर्जनौं शैली, आकर्षक डिजाइन, मनमोहक कलर कम्बिनेसनका कारण फर्मल वेअरमा पुरुषहरूबीच रेडिमेड कमिजहरू लोकप्रिय रहे । कोटमा भने थ्री वटन र साइड चिरिएको शैली बढी प्रचलनमा रहे । यसका अतिरिक्त ठूलो ब्यागी पाइन्ट, लुज टीसर्ट, लुज ज्याकेट, घाँटीमा चेन, हातमा औंठी, कानमा हीरा वा सुनको टप टाउकोमा स्कार्फ खुट्टामा स्पोर्ट्स सुजको कम्बिनेसनलाई पछ्याएर आफूलाई हिपहप लुकमा प्रस्तुत गर्ने जमात पनि उत्तिकै देखियो ।

अन्य एक्सेसरिजको तुलनामा स्कार्फ, हेयर ब्यान्ड, स्टाइलिस फुटवेअर तथा फन्की एवं ट्रेन्डी ह्यान्ड ब्याग र पर्सको प्रचलन बढी देख्न पाइयो फेसन बजारमा । रेड, ग्रिन, पिन्क, लाइम यलो, फुसिया जस्ता क्यान्डी कलरमा पोल्का डटेड, विविध प्रिन्ट, प्याटर्न तथा मातिफ प्रयोग भएका आकर्षक सुन्दर ह्याण्ड ब्याग र पर्सहरू यौवनाहरूको स्टाइल स्टेटमेन्टको महत्त्वपूर्ण हिस्सा बन्न पुग्यो ।

ह्यान्ड ब्यागहरूमा पोते, क्रिस्टल, मिरर, थ्रेड, इम्ब्रोइडरी एवं स्टोन वर्कहरूको प्रयोग पनि उत्तिकै देख्न पाइयो । काँधमा झुन्डाउने, हातमा बोक्नेदेखि कम्मरमा बाँध्ने स-साना पोट्ली ब्यागहरूको क्रेज पनि उत्तिकै रह्यो । फेसन बजारमा विशेष गरी टोट, होबो, मेसेन्जर, सिगार, क्लच, सेसेल, बेगवेट, पाउच, डफल तथा पोट्ली स्टाइलका ब्यागहरू बढी प्रचलित रहे ।

घाँटीमा बाँध्दा फर्मल लुक प्राप्त हुने र टाउकोमा बाँध्दा स्टाइलिस लुक दिने विभिन्न कलर सेड र प्रिन्टयुक्त विशेषतः सिल्क र लिनेनका स्कार्फहरूको प्रचलन पनि उत्तिकै रह्यो । यौवनाहरूमा क्यान्डी कलर रेन्जमा उपलब्ध हेयर ब्यान्ड प्रयोग गरी आफ्नो व्यक्तित्वमा फन्की र पङ्की लुकको इच्छा राख्नेहरूको जमात पनि उत्तिकै देखियो । व्यक्तित्वको आकर्षण र मुहारको सुन्दरताको महत्त्वपूर्ण भूमिका खेल्ने हेयर स्टाइलिङमा हेयर स्ट्रेटिङ, कर्ली, लुक कायमै रहे पनि पङ्की हेयर स्टाइलिङ, ब्रेड्स अर्थात् झट्ट हेर्दा केश क्रेस्रा-क्रेस्रा र डोरीले बेरिएको जस्तो देखिने फेसन शैली पनि चलनचल्तीमा देखियो ।

यसका अतिरिक्त ड्रेड लकस शैली, हेयर एक्सटेन्स पनि प्रचलनमा रहे । अस्थायी र स्थायी दुवै रूपमा गर्न सकिने वेभिङ स्टाइलतर्फ पनि रुचि बढेको पाइयो । हेयर कलरिङ सदाबहार रहे पनि हाइलाइटिङतर्फ मल्टी कलरको प्रयोग एवं सेडेड हेयर कलरिङको शैली बढी प्रचलनमा देखिए ।

फुटबेयरतर्फ भने यौवनाहरूमाझ काल्फ लेन्थ, निलेन्थ बुट, स्ट्राइपी स्थान्डल्स, मुलस, स्टिलिटोज र फ्ल्याट बढी पपुलर रहे । कामकाजी महिला तथा गृहिणीहरूलाई विशेषतः स्लिपअन, पोइन्टेड स्लिपअन, टाइअप स्यान्डल आदिले आकर्षित गर्‍यो । फुटवेयर फेसनमा क्रिस्टल, मिरर, स्टोन, बिड्स वर्कको प्रयोगका साथै पोल्का डटेड, फ्लोरल तथा एनिमल प्रिन्टको प्रभाव पनि उत्तिकै देख्न पाइयो । गरगहनाको संसारमा भने फ्युजन, इमिटेसन, एन्टिक एवं ज्वेलरी बढी प्रभावकारी रहे । विशेष गरी इमिटेसन ज्वेलरीतर्फ लकेट, सिक्री, मंगलसूत्र, औंठी, टप, रिङ, पाउजु, नेकलेस आदि बढी प्रचलनमा रहे । विभिन्न स्टोन तथा मेटलका



डिजाइनिङयुक्त फ्युजन ज्वेलरीको फेसन पनि पपुलर नै रह्यो । यिनका अतिरिक्त अक्सिडाइज, जंक ज्वेलरी, टाटु एवं प्लाष्टिक ज्वेलरीले पनि विशेषतः युवावर्गलाई बढी आकर्षित गर्‍यो ।

पुरुष गरगहनामा भने तुलनात्मक रूपले कम मूल्यमा तथा विविध आकर्षक डिजाइन एवं शैलीमा उपलब्ध हीराको औंठी पेन्डेन्टप्रति विशेष लगाव रह्यो । ब्रासलेट र कानमा लगाइने स-साना रिङ तथा टप पुरुष वर्गले बढी रुचाएको पाइयो । युवा उमेरका पुरुष वर्गमा भने आफ्नो जन्मदिन एवं राशिसित मेल खाने प्रेसियस एवं सेमीप्रेसियस स्टोन जडित औंठी, पेन्डेन्ट वा रिस्टलेट लगाउने ट्रेन्ड पनि विकसित भएको देखियो । वर्षको अन्तिमतिर भने लामो कपाल भएकाहरूले अभिषेक बच्चनले आफ्नो कपालमा प्रयोग गर्न थालेको मसिनो खालको कालो रंगको हेयर अट्याचरको स्टाइललाई पछ्याएको पाइयो ।

# उकालो लाग्न नसकेको चलचित्र क्षेत्र

● दिवस गुरागाईं

नेपाली चलचित्र उद्योगका लागि २०६३ साल निराशाजनक रह्यो। प्रदर्शनमा आएका साठी प्रतिशतभन्दा बढी चलचित्रको असफलताले यो वर्षलाई निराशाजनक बनाएको हो। त्यसैगरी सफल भनिएका अधिकांश चलचित्रले लगानी उठाउनुमै चित्त बुझाए। यो वर्ष प्रदर्शनमा आएका कुनै पनि चलचित्र सुपरहिट भन्न लायक भएनन्। प्रदर्शकहरूका अनुसार नेपाली चलचित्रको नजर पचास लाखमा सीमित भएको छ। कुनै बेला यही सुनवार (मिसन पैसा), राजुशाह (सपनाको नौलो संसार), निकेश पौडेल (कुसुमे रुमालको सिक्वेल), श्याम भट्टराई (मर्यादा), नरेशकुमार केसी (शिरीषको फूल), रामजी लामिछाने (घातक) छन्। यीमध्ये अधिकांशको चलचित्र नहेरी बढी आशा गर्नु हतार हुनेछ। ०६४ मा ती सबै चलचित्र प्रदर्शन हुने भएका छन्। त्यसपछि नेपाली चलचित्रको निर्माण शैलीमा केही परिवर्तन आउने सम्भावना पनि छ।

त्यसैगरी नयाँ नायक-नायिकाको पनि उल्लेख्य उपस्थिति देखा परेन। सार्वजनिक भएका नयाँ काम थाल्ने अभिनय भने गरि नै रहेका छन्।

जनआन्दोलन-२ पछि माओवादी सत्तामा आएको अवसरको फाइदा उठाउनका लागि भए पनि माओवादीका विषयमा झन्डै आधा दर्जन चलचित्र निर्माणको घोषणा गरिए। यसरी घोषित र निर्माण गरिएका चलचित्र अल्पविराम (नारायण पुरी), नयाँ नेपाल (किशोर ढकाल), आवाज (बद्री अधिकारी), लालसलाम (शिवजी लामिछाने), जनयुद्ध आदि छन्। यीमध्ये आवाज वर्षको अन्त्यतिर प्रदर्शनमा आएको छ। निर्देशक तथा



बजार अढाई करोडको थियो, जसलाई केही वर्षअघि चलचित्र 'दर्पण छायाँ' ले पुष्टि गरिसकेको छ।

२०६३ साललाई कतिपयले 'बोकाको दाइँ' को संज्ञा दिए। स्थापित अधिकांश चलचित्र निर्माता देखा नपरेका कारण यो वर्षले त्यस्तो संज्ञा पाएको हो। त्यसैगरी डिजिटल भन्दै भिडियो चलचित्र निर्माणको बाढी आएका कारण पनि चलचित्र क्षेत्र ओरालो लागेको मूल्यांकन गरियो।

राजनैतिकवृत्तमा नयाँ नेपालको नारा लागे पनि चलचित्र क्षेत्रमा नयाँ चलचित्र र प्रविधिका विषयमा उल्लेख केही काम भएन। आधा दर्जनभन्दा बढी नयाँ निर्देशकले काम सुरु गरे पनि परिणाम भने हेर्न पाइएन। निर्देशकका रूपमा काम सुरु गर्नेहरूमा भूषण दाहाल (कागवेनी), सिमोस निर्देशक दिनेश डिसी (सावधान) तथा राजेन्द्र उप्रेती (भरोसा) ले काम गर्ने शैलीमा प्रशंसा बटुले पनि उनीहरूका चलचित्र खासै चलेनन्। २०६४ सालमा प्रदर्शनमा आउने चलचित्रमा केही नयाँ अनुहार देखापर्ने निश्चित छ। प्रदर्शक तथा निर्माता उद्धव पौडेल सातवटा चलचित्र निर्माणको घोषणा गरेर सक्रिय भएका छन्। उनले ती चलचित्र कति वर्षमा निर्माण गरेर प्रदर्शन गर्ने हुन्, उल्लेख गरेका छैनन्। वर्तमान परिवेशमा तुलसी घिमिरे, युवराज लामा, अशोक शर्मा आदि पुराना स्थापित निर्माता तथा निर्देशकहरू अघि बढ्न डराएको प्रस्ट हुन्छ। सीमित हुँदै आएको चलचित्र बजारमा किन र कस्तो चलचित्र निर्माण गर्नु ? उनीहरूको प्रश्न हुने गर्छ। यति भएर पनि उनीहरू चाँडै उनीहरूको हालसम्मको सोच-विचारको मूल्यांकन गर्दा यी चलचित्रबाट धेरै आशा गर्ने ठाउँ देखिँदैन।

जनआन्दोलन-२ पछि कलाकार पनि विभिन्न पार्टीको झन्डामुनि गोलबन्द हुने लहर चल्यो। कांग्रेसको सांस्कृतिक संघ, एमालेको जनपक्षीय चलचित्रकर्मी मञ्च तथा माओवादीको गणतान्त्रिक चलचित्रकर्मी मोर्चाले धेरै कलाकारलाई आफ्नो झन्डामुनि ताने। यो अभियानले अरू केही कुरामा फाइदा नपुर्‍याए पनि राजावादीको आरोप लागेका केही चलचित्रकर्मीलाई केही हदसम्म पखाल्न भने सफल रह्यो।

२०६३ सालमा निर्मित झन्डै तीन दर्जन चलचित्रको अनुमानित लगानी सरदर ४० लाखका दरले १४ करोड हुन आउँछ। चलचित्र निर्माताले त्यो रकम फिर्ता पाउन नसकेको कुरा निर्माता तथा प्रदर्शकहरूको स्वीकारोक्तिले प्रस्ट हुन्छ। चलचित्र संघका अनुसार पछिल्लो दुई वर्षमा एक सयवटा चलचित्र हल बन्द भएका छन्।

त्यसैगरी २०६३ ले दर्शकलाई कुनै नवीन स्वाद दिन सकेन। जति चले भनियो, ती एक्सनप्रधान भएका कारणले चले भन्ने निष्कर्ष निर्माताहरूको छ। सायद यही कारण निखिल उप्रेतीलाई भ्याई-नभ्याई छ भने अर्का एक्सन नायक विराज भट्ट पनि चलचित्रक्षेत्रमा प्रवेश गर्नेबित्तिकैदेखि सक्रिय भएका छन्।

### संकेत आशाको

२०६३ सालभरि चलचित्र क्षेत्रले आशालाग्दो संकेत नदेखे पनि नयाँ वर्ष केही राम्रो भएर जाने देखिन्छ। चलचित्र विकास बोर्डले ३५ एमएममा चलचित्र निर्माण गर्न जसरी प्रोत्साहित गरेको छ त्यसले प्राविधिक रूपमा यो क्षेत्रलाई केही हदसम्म उठाउने प्रस्ट छ। बोर्डले चलचित्र प्रदर्शन गर्ने हलको स्तर वृद्धिका लागि पनि नयाँ प्याकेज ल्याउने तयारी गरेको बताइन्छ। अर्कातर्फ केही बुद्धिजीवीको भनाइमा उक्त सहुलियतले चलचित्र निर्माताहरूलाई राम्रो चलचित्र निर्माण गर्नमा भन्दा परजीवी बनाउन सक्छ। त्यसको साटो बोर्डले त्यही बजेटमा दुईवटा राम्रा चलचित्र निर्माण गरेको भए हुन्थ्यो। त्यसैगरी हिन्दी चलचित्रमाथि लाग्ने गरेको विकास शुल्क तथा एमजी घटाउने अघिल्लो विकास बोर्डको कदम उल्टयाउन सक्यो भने विकास बोर्डले केही काम गरेको ठहर्नेछ।

### विवाहको वर्ष

मनोरञ्जन क्षेत्रका लागि २०६३ साल 'विवाह वर्ष'का रूपमा पनि चर्चित भयो। एकपछि अर्को विवाहको समाचारले अखबारका पाना रंगिरहे। २०६३ मंसिरको दोस्रो साता साप्ताहिकमा 'यस पटकको मंसिर पनि रित्तै ?' शीर्षकको समाचार छापिएलगत्तै विवाहको क्रम पनि सुरु भयो। विवाहको सुरुवात नायिका सज्जा मैनालीले गरिन्।

सज्जा मैनालीपछि अर्की नायिका कृति भट्टराईले पनि विवाह गर्ने घोषणा गरिन्। त्यसैगरी अमेरिका पलायन भएकी नायिका जल शाहले पनि विवाह गरिन्। नायकहरूमा रमेश उप्रेती र सुशील छेत्री लगनगाँठोमा बाँधिए। गायक सत्यराज आचार्यले २०६३ मै लगन जुराए। गत वर्ष रिमिक्स एल्बमबाट चर्चामा आएका दुई जना डिजे राजु र डिजे सन्तोषले पनि यही वर्ष जोडी भेट्टाए। टेलिभिजन कार्यक्रम सञ्चालकहरू शिवानी सिंह थारु, सुरजसिंह ठकुरी, पुष्पा जोशी आदिले पनि विवाहका लागि वर्ष २०६३ लाई नै रोजे। नायिका सिर्जना बस्नेत र निर्देशक सुरेन्द्र शाहले पनि २०६३ देखि नै आफूलाई एक-अर्काको जोडीका रूपमा चिनाए। नायिका सुस्मिता कार्की र कविता खड्काले पनि यसै वर्ष विवाह गरे भने हास्यगायक तथा कलाकार श्रीकृष्ण लुइँटेलले पनि यसै वर्ष विवाह गरे। टेलिभिजन कार्यक्रम सञ्चालकहरूमा ब्रजेश खनाल तथा आस्था थापाले आफ्ना पूर्व जीवनसाथीसँगको सम्बन्धलाई पूर्णविराम लगाएर नयाँ सम्बन्ध गाँसेका समाचारहरू प्रकाशमा आए।

# चलचित्र क्षेत्रका चर्चित व्यक्ति

जनआन्दोलन भाग-२ को सफलताले कतिपय कलाकर्मी रातारात चिनिए वा चर्चामा आए भने कतिपय कुना पस्नुपर्ने अवस्थामा पुगे। दुईवटा नाउमा खुट्टा राख्ने कतिपय कलाकर्मी घर न घाटका भए भने कोहीचाहिँ चलचित्रको असफलताले असफल भए।

## हिरोहरू



**शैलेश आचार्य :** जनआन्दोलन भाग-२ ताका भारतमा बसेर आन्दोलनमा होमिएका शैलेश आचार्यले आन्दोलन सफल भएपछि सम्पूर्ण कलाकर्मीको नेतृत्व गर्ने सरकारी अवसर पाए। उनी हाल चलचित्र विकास बार्डको अध्यक्ष छन्।

**बिपना थापा/रेखा थापा :** नायिका बिपना थापा जनआन्दोलन भाग-२ मा संलग्नता जनाउने एक मात्र परिचित अभिनेत्री थिइन्। जनआन्दोलनमा जनाएको सहभागिताको कदर गर्दै सरकारले उनलाई चलचित्र सेन्सर बोर्डको सदस्यमा मनोनीत गर्‍यो, तर उनले उक्त पद अस्वीकार गरिन्। त्यसैगरी रेखा थापा चलचित्रमा एकछत्र आधिपत्य कायम गर्ने नायिकाका रूपमा चर्चित रहिन्। उनले झन्डै एक दर्जनभन्दा बढी चलचित्रमा अभिनय गरिन्।

**तीर्थ थापा/केपी पाठक :** निर्माता निर्देशक तीर्थ थापा कांग्रेस समर्पित नेपाल सांस्कृतिक सघंका अध्यक्ष हुन् भने निर्माता निर्देशक केपी पाठक एमाले समर्थित जनपक्षीय चलचित्रकर्मी संघका अध्यक्ष हुन्। जनआन्दोलन भाग-२ अघि र पछिका दिनमा चलचित्रकर्मीहरूलाई संगठित गर्दै उनीहरूको राजनैतिक छवि सुधार गर्न थापा र पाठकको भूमिका अहम मानिन्छ। चलचित्रकर्मीहरूमाथि लामो समयदेखि राजावादीको आरोप लाग्दै आएको थियो।

**दीपकराज गिरी :** हास्यव्यङ्ग्य क्षेत्रमा महजोडीपछि स्थापित र चर्चित दीपकराज गिरी वर्षभरि चर्चामा रहे। टेलिभिजन मार्फत उनले प्रस्तुत गरेको हास्यश्रृंखला 'तीतो सत्य'को बौद्धिकवर्ग समेतबाट प्रशंसा हुने गरेको छ। यस वर्ष देश-विदेशमा उनका विभिन्न कार्यक्रम चर्चा रहे।

**राजेश हमाल/निखिल उप्रेती :** महानायकका रूपमा प्राप्त उपाधिले भन्दा पनि सदाबहार नायकका रूपमा राजेश हमालको चर्चा रह्यो। त्यसैगरी जनआन्दोलन भाग-२ मा जनाएको सहभागिता र वर्षभरि दसभन्दा बढी चलचित्रमा गरेको अभिनयका कारण निखिल उप्रेती चर्चामा रहे।

## जिरोहरू

**शम्भुजित बाँस्कोटा :** राजाको शासनमा चलचित्र क्षेत्रको जिम्मेवारीमा रहँदा सरकारी सञ्चारमाध्यमको दुरुपयोग गरेको आरोप सहेर वर्ष बित्यो। उनले गरेको जनआन्दोलन भाग- २ विरोधी क्रियाकलाप पनि चर्चामा आइरह्यो। यद्यपि पछिल्लो समयमा उनी आफ्नो छवि सुधार्न पुरानै पेसा अर्थात् संगीतकर्ममा व्यस्त छन्।



**कृष्ण मल्ल :** राजाको शासनको उत्तरार्द्धमा चलचित्र विकास बोर्डको अध्यक्ष बनेका कृष्ण मल्ल लोकतन्त्र विरोधी क्रियाकलापमा संलग्न भएको आरोपका कारण २०६३ सालभरि सार्वजनिक कार्यक्रममा त्यति देखा परेनन्।

**मनीषा कोइराला :** छ महिनामा एकपटक नेपाल आएर बलिउडको धक्कु लगाउने मनीषा कोइरालालाई २०६३ ले यो अवसर दिएन। राजाका हरेक निरंकुश कदमको पक्षमा उभिँदै आएकी मनीषा जनविरोधी गतिविधिका कारण नायिकाबाट खलनायिकामा परिणत भइन्।

**शिव रेग्मी :** सफल निर्देशक शिव रेग्मी आफूद्वारा निर्देशित ठूलो बजेटका चलचित्र लगातार रूपमा असफल भएपछि चर्चाविहीन मात्र होइन, असफलताको पगरी गुथ्न बाध्य भए। उनका असफल चलचित्र हुन् मानिस र दुनियाँ। यद्यपि उनले चलचित्र पाउने क्रम भने घटेको छैन।

**अशोक शर्मा/नारायण पुरी :** निर्माता संघका अध्यक्ष अशोक शर्मा र निर्देशक समाजका अध्यक्ष नारायणपुरी जता आगो बल्यो त्यतै ताप्दै हिंड्नाले अवसरवादीका रूपमा चिनिए।

# चलचित्रको लेखाजोखा

सुपरहिट : कुनै भएनन्

हिट : हिम्मत, क्रोध, अग्निज्वाला

सेमिहिट : दादागिरी, चोरसिपाही, निखिल दाइ

मध्यम : दुर्गा, कृष्णअर्जुन, को आफ्नो को बिरानो, अजम्बरी नाता, मनमा माया, ए पण्डित बाजे, तकदीर, शक्ति, मैदान, भरोसा।

### २०६३ मा प्रदर्शित चलचित्र

को आफ्नो को बिरानो, अजम्बरी नाता, फेरि अर्को साइनो, मनको माया, मैदान, गंगा, दुर्गा, ए पण्डित बाजे, सावधान, लेखान्त, अभिमन्यू, प्रियतम, जीवनदाता, लवकुश, बिन्तीपत्र, क्रोध, शक्ति, आमाको काख, दादागिरी, निखिल दाइ, मानिस, हंगामा, दुनियाँ, हिम्मत, भरोसा, हामी ट्याक्सी ड्राइभर, चोर-सिपाही, अग्निज्वाला, प्यारी बहिनी, तकदीर, भाग्यविधाता, कृष्णअर्जुन, आवाज।

**स्रोत : चलचित्र निर्माता संघ**

(चलचित्रकर्मीमा यथार्थ स्वीकार गर्ने परिपाटी नभएको तथा बक्सअफिसको व्यवस्था नभएका कारण असफल चलचित्रको सूची बनाउने जिम्मा पाठकवृन्दलाई नै छोडेका छौं।)

### उत्कृष्ट नायक/नायिका

| नायक | नायिका |
|---|---|
| निखिल उप्रेती | रेखा थापा |
| राजेश हमाल | सञ्चिता लुइँटेल |
| विराज भट्ट | झरना थापा |
| रमित ढुंगाना | सज्जा मैनाली |
| दिलीप रायमाझी | निरुता सिंह |

| निर्देशक | चलचित्र |
|---|---|
| दीपक श्रेष्ठ | हिम्मत |
| दयाराम दाहाल | अग्निज्वाला |
| आकाश अधिकारी | क्रोध |
| मदन घिमिरे | मनमा माया |
| शोभित बस्नेत | शक्ति |

**सफल चलचित्र**

१. हिम्मत
२. क्रोध
३. अग्निज्वाला
४. दादागिरी
५. चोर-सिपाही/निखिल दाइ

**संगीतकार**

१. महेश खड्का
२. सुरेश अधिकारी
३. चेतन सापकोटा
४. शम्भुजित बास्कोटा
५. लक्ष्मण शेष







# २०६४ सालका लागि कलाकारहरूको संकल्प




नयाँ वर्षको आगमनसँगै हाम्रो जीवनमा धेरै नयाँ नौला कुराहरू भित्रन्छन्। नयाँ वर्षलाई हामी हर्ष र उल्लासका साथ मनाउँछौं। भनिन्छ यो दिन हाँसो र खुसीका साथ मनाउनाले वर्षभरि नै खुसी रहन पाइन्छ। यो दिन हरेक व्यक्तिले विभिन्न तरिकाले मनाउँछन्। यो अवसरलाई हाम्रा सेलिब्रेटीहरू नयाँ संकल्प लिने तयारी पनि गर्दैछन्।

नयाँ वर्षको दिन पारेर काम सुरु गरे वर्षभरि नै काममा व्यस्त रहन पाइने कुरामा सहमति जनाउने नायिका ऋचा घिमिरे नयाँ वर्षको पहिलो दिन पनि काम गरेर नै बिताउने योजनामा छिन्। नयाँ वर्षमा राम्रा-राम्रा चलचित्रमा अभिनय गर्नुका साथै नेपालीहरू भएको विदेशमा गएर कार्यक्रम गर्ने योजना घिमिरेको छ। उनी २०६४ सालमा आफ्नो धेरै चिया-कफी खाने बानी हटाउने संकल्प लिने तयारीमा छिन्।

नयाँ वर्षको दिन देशका विभिन्न ठाउँमा मानिसहरूको घुइँचो लाग्छ। रेष्टुराँ, रिसोर्ट तथा होटलहरूमा नववर्षको अवसर पारेर विभिन्न कार्यक्रम आयोजना गरिन्छन् तर मोडल तथा कोरियोग्राफर प्रशान्त ताम्राकार भने यो दिन पनि इभेन्ट प्रोग्राममा व्यस्त भएर अरूलाई मनोरञ्जन दिँदै रात्री भोजन परिवारसँगै रमाइलोका साथ गर्ने योजना बुन्दैछन्। २०६४ सालमा उनी आफ्नो इभेन्ट तथा फेसनसम्बन्धी कमी-कमजोरीहरूलाई हटाएर बढी मात्रामा कार्यक्रम गर्ने संकल्प लिने विचार गर्दैछन्।

नयाँ वर्षसँगै हरेकमा नयाँ आशा, जोस एवं जाँगर पलाउँछ। नयाँ वर्षमा पहिले गर्न नसकेका काम, कुरा गर्ने हिम्मत, हौसला तथा विश्वास जाग्छ। धेरै व्यक्तिहरू आफ्ना नयाँ कामको सुरुवात यही दिन पारेर गर्छन्। यस्तै विचार लिएकी गायिका सिन्धु मल्लले २०६४



सालको स्वागत आफ्नो नयाँ एल्बमको तयारी गरेर विभिन्न कार्यक्रमहरूमा सहभागी जनाउँदै गर्ने योजना बनाएकी छिन्। सांगीतिक क्षेत्रमा प्रवेश गर्नुअघि नै सफल गायिका बन्ने संकल्प गरेकी मल्ल विशेष गरेर अझ राम्रा गीतहरू गाएर श्रोताहरूको माझमा बढी लोकप्रिय हुने संकल्प गर्दैछिन्।

नेपालीहरू संसारको जुनसुकै कुनामा भए पनि यो दिनलाई खुसीका साथ मनाउँछन्। नववर्षको अवसर पारेर विभिन्न देशमा रहेका नेपालीहरूले सांगीतिक कार्यक्रमको आयोजना गरी नेपाली कलाकारहरूलाई कार्यक्रममा सहभागी गराउन निमन्त्रणा पठाउँछन्।

यसरी विदेशमा रहेका नेपालीहरूलाई मनोरञ्जन प्रदान गर्ने सिलसिलामा गायक निमा रुम्बा पनि नयाँ वर्षको स्वागत विदेशमा कार्यक्रम गरी गर्ने योजना बनाउँदैछन्। २०६४ सालमा नयाँ एल्बम निकाल्नुका साथै राम्रा-राम्रा गीत-संगीतबाट आफ्ना श्रोता तथा दर्शकहरूलाई मनोरञ्जन गराउने संकल्प निमाको छ।

नयाँ वर्ष विशेष यही व्यक्ति भन्दा पनि आफ्नो मन मिल्ने व्यक्तिसँग मनाउँदा आनन्द हुन्छ। त्यसैले कसैले आफ्नो परिवारसँग, कसैले प्रेमीसँग त कसैले आफ्ना साथीभाइसँग मिलेर यो अवसरको स्वागत गर्छन्।

नायक विराज भट्ट यस पटकको नयाँ वर्ष आफ्ना मन मिल्ने साथीहरूसँग मनाउने तयारीमा छन्। गएको वर्ष झैं नयाँ वर्षमा राम्रा-राम्रा चलचित्रमा काम गरेर आफ्ना दर्शक माझ अझ लोकप्रिय बन्ने प्रयास गर्नुका साथै आफूमा नराम्रो बानी नभएकाले त्यस्तो संकल्प लिनुपर्ने आवश्यकता नभए पनि आफ्नो अभियानमा अरू प्रगति गर्ने संकल्प उनले लिएका छन्।

नववर्षको स्वागत कसैले पार्टी दिएर गर्छन् भने कोही पिकनिक त कोही फोन, सन्देश तथा कार्डमार्फत् शुभकामना आदान-प्रदान गर्छन्। यो दिन सबैले एक-अर्काको सुख-शान्ति एवं प्रगतिको कामना गर्छन्।

संगीतकार लक्ष्मण शेष यो दिन सांगीतिक क्षेत्रका साथीहरूलाई संगीतलाई केवल मनोरञ्जनात्मक मात्र नबनाएर सामाजिक विकासतिर उन्मुख गराउने माध्यमका रूपमा पनि विकास गर्नुपर्ने तथा देशको राजनैतिक परिस्थितिबाट ग्रस्त नेपालीहरूलाई नयाँ सोंच एवं चेतनामूलक भावना बाँडेर नयाँ वर्ष मनाउने विचार गर्दैछन्। २०६४ सालमा राम्रा तथा मीठा संगीत निर्माण गर्नुका साथै आफूमा भएका नराम्रा बानी हटाउने संकल्प गर्ने तयारीमा छन् उनी।

सबैको नयाँ वर्ष भए पनि यसलाई मनाउने तरिका भने मानिस अनुसार फरक-फरक हुन्छ। कसैले कामको व्यस्तताबाट फुर्सद लिएर आफन्तसँग यो दिनको स्वागत गर्छन्





भने कसैले आफ्ना काममा रमाएर यो दिन बिताउँछन्।

यस्तै सोचाइ राखेर आफ्नो काममै रमाउने नायिका अरुणिमा लम्साल नववर्षको पहिलो दिन आफ्नो कामलाई निरन्तरता दिंदै सुटिङमै व्यस्त रहने बताउँछिन्। २०६४ सालमा अझ बढी व्यस्त हुने र आफ्नो धेरै बोल्ने बानी नियन्त्रण गर्ने संकल्प गर्ने लम्सालले बताइन्।

नववर्षको अवसर पारेर कसैले आफ्नो बानी-व्यवहारमा परिवर्तन ल्याउने प्रयास गर्छन् भने कसैले आफ्नो पेशामा। त्यस्तै चलचित्र निर्देशक श्याम भट्टराइले पनि नयाँ वर्षमा आफ्नो चलचित्र निर्देशनमा केही नयाँ परिवर्तन ल्याई नेपाली दर्शकलाई नेपाली चलचित्रतिर आकर्षित गर्ने सुरमा छन्। उनले २०६४ सालमा दुईवटा चलचित्र निर्देशन गर्ने योजना बनाउनुका साथै आफ्नो जग पनि बसाउने संकल्प गरेका छन्।

–अरुणा भट्टराई



# वर्ष २०६३ का सेलेक्टेड मोडलहरू




वर्ष २०६३ मा ग्याम्प मोडलिङमा व्यावसायिक पक्षले उल्लेख्य उपलब्धि हासिल गर्न नसकेको अवस्था रहे पनि दृश्य मोडलिङतर्फ भने संलग्न मोडलहरूले चर्चा एवं प्रसिद्धिसँगै व्यावसायिक सफलता पनि आर्जन गरेको देखिन्छ ।

वर्ष २०६३ मा म्युजिक भिडियो तथा विज्ञापनहरूमा मोडलका रूपमा सर्वाधिक उपस्थित रह्यो प्रियंका कार्कीको । मिस टिन नेपाल २००५ को उपाधिसँगै चर्चाको शिखरमा पुगेकी प्रियंकाको कान्तिपुर टेलिभिजनमा कार्यक्रम प्रस्तोताका रूपमा संलग्नता तथा 'घरबेटी बा' श्रृंखलामा उपस्थितिले थप चर्चा दिलायो । प्रियंकाले यस अवधिमा विभिन्न विज्ञापनमा आफूलाई मोडलका रूपमा उभ्याइन् ।

चिटिक्क मिलेको जिउडाल, सुन्दर आकर्षक मुहारकी धनी नम्रता श्रेष्ठ पनि वर्ष २०६३ मा म्युजिक भिडियोमा उत्तिकै देखापरिन् । आधा दर्जनभन्दा बढी म्युजिक भिडियोहरूमा देखिएकी नम्रताले अभिनय गरेका गीतहरूमध्ये रामकृष्ण ढकालको दिलको कुरा नगर दिलमाया..., भिडियोले बढी चर्चा पायो । सपन श्रेष्ठको तिमी त्यसै लजायौ..., गीतमा उनको सुन्दरतामा अझ निखार आएको अनुभव हुन्छ । यसका अतिरिक्त एमटी ८८४८, मोहन गुरुङ, धमेन्द्र सेवान, रसिक अर्याल आदिका गीतहरूमा पनि उनको उपस्थिति प्रशंसनीय रह्यो । भिडियो मोडलहरूमा सबैभन्दा सुन्दर मानिने नम्रताले यस अवधिमा टेलिभिजन कार्यक्रम प्रस्तोता तथा कान्तिपुर एफएमका आरजेको अनुभव पनि सँगाल्न भ्याइन् । यसका अतिरिक्त विभिन्न विज्ञापनमा नम्रता मोडलका रूपमा देखा परिन् ।

मिस इन्टरनेसनल नेपाल २००५ को उपाधि विजेता निशा अधिकारीको व्यस्तता तथा चर्चा पनि उत्तिकै रह्यो । कान्तिपुर टेलिभिजनमा कार्यक्रम प्रस्तोता हुँदै 'घरबेटी बा' श्रृंखलाको अभिनयसँगै पाकिस्तानी श्रृंखलामा पनि नायिका बन्ने अवसर प्राप्त गरिन् निशाले । निशा पछिल्लो पटक सिमोस सुनुवारले निर्देशन गर्ने चलचित्र 'मिसन पैसा' मा नायिकाका रूपमा अनुबन्धित भइन् । आशिष बाङ्देल तथा आभा मुकारुङका गीतका भिडियोमा मोडलका रूपमा देखिएकी निशालाई सुदीप गिरीको सान्नानी... गीतको भिडियोले विशेष चर्चा दिलायो । अहिले उनी अन्तिम राईको पूर्वै जाने रेल..., शिशिर बाङ्देलको 'सम्झी आउँछु, कर्णदासको मलाई भोलि केही भए... गीतका भिडियोका कारण चर्चामा छिन् । निशा विभिन्न पेपर तथा होर्डिङ विज्ञापनहरूमा पनि व्यस्त रहिन् ।

सन् २००४ को मिस नेपाल प्रतियोगिताकी फस्ट रनरअप सराह गुरुङ पनि वर्ष २०६३ मा चर्चामा आएका मोडलहरूमध्ये एक हुन् । नेपाल वान टेलिभिजनमा 'लभ लाइन' कार्यक्रम सञ्चालन गर्दै आफ्नो जीवनको लभ लाइनमा जापानी युवक स्काइ टेट्सुसित इन्गेजमेन्ट रिङ साटिन् सराहले । विभिन्न प्रोडक्टको टेलिविज्ञापनमा उपस्थित जनाएकी सराहको सुन्दर, मुहार तथा आकर्षक जीउडालसहितको हाउभाउ आधा दर्जनभन्दा बढी म्युजिक भिडियोमा कैद भयो ।

वर्ष २०६३ मा देखिएका मोडलहरूमध्ये चर्चा तथा सफलताको बाटोमा अगाडि देखिए ऋचा शर्मा र यमुना उप्रेती । यमुना उप्रेती थोरै समयमा आफूलाई स्थापित गर्न सफल भइन् । पेपर, होर्डिङ तथा टेलिविज्ञापनहरूमा देखा परेकी यमुना पछिल्लो समयमा मेरो मोबाइलको टेलिविज्ञापनमा ग्ल्यामरस उपस्थितिले थप चर्चामा छिन् । भरत सिटौला, विधान श्रेष्ठ आदिका गीतहरूमा मोडलका रूपमा फिचर भएकी यमुना यसै वर्ष गोपीकृष्ण मुभिजको ब्यानरमा दीपक श्रेष्ठद्वारा निर्देशित चलचित्र 'पर्खी बसें' की मुख्य नायिका समेत बनेकी छिन् ।




द ग्याम्प मोडलिङ एजेन्सीबाट व्यावसायिक मोडलिङको प्रशिक्षण लिएकी ऋचा शर्माले यस अवधिमा खेल द गेम, अन डिमान्ड, सुपर एक्टिङ कम्पिटिसन जस्ता टेली कार्यक्रममा भिजेको अनुभव सँगाल्न भ्याइन् । कान्तिपुर टेलिभिजनको 'घरबेटी बा' र हाउस फुल श्रृंखलामा समेत आफ्नो क्षमता प्रदर्शन गरेकी ऋचाले केही विज्ञापन तथा एक दर्जन म्युजिक भिडियोहरूमा उपस्थित जनाइन् । ऋचा यस पटकको मिस नेपाल प्रतियोगितामा पनि सहभागी भइन् । ऋचाले प्रतियोगितामा मिस ब्युटिफुल स्माइलको अवार्ड प्राप्त गरेकी छिन् ।

डिजे सन्तोषको चियाबारीमा... रिमिक्स गीतको म्युजिक भिडियोबाट चर्चामा आएकी मोडल प्रेरणा शर्मा पनि वर्ष २०६३ मा चलचित्र वृत्तमा प्रवेश गरिन् नायिकाका रूपमा । प्रेरणाले चलचित्र अहंकार तथा घातकमा अभिनय गरिन् । चियाबारी... गीतको भिडियोमा देखा परेकी अर्की मोडल हेमा श्रेष्ठ वनमा फुल्यो फूल... गीतका कारण चर्चामा छिन् हिंजोआज । केही विज्ञापनमा पनि देखा परिसकेकी हेमा मिस नेपाल २००५ की प्रतिस्पर्धी पनि हुन् । उल्लेखित सुन्दरीहरूका अतिरिक्त वर्ष २०६३ मा परिचय बनाएका अन्य युवतीहरूमा सुमिका बज्राचार्य, सञ्जिता गुरुङ, आयुषा बस्नेत, समिता सुब्बा, बबिना शर्मा, अञ्जु सिम्खडा आदि छन् ।

पुरुष मोडलहरूतर्फ भने राजवल्लभ कोइराला तथा आमिर गौतम सबैभन्दा सफल देखिए । गायक कर्णदासको 'भेटिएर छुट्नुभन्दा... गीतको भिडियोबाट चर्चा कमाएका राजवल्लभ पुनः कर्णदासकै मलाई भोलि केही भए... गीतको भिडियोमा देखिए । सुपर एक्टिङ कम्पिटिसन हुँदै उनी दीपक श्रेष्ठ निर्देशित चलचित्र 'पर्खी बसें' का नायक बन्न पुगे । हाल प्रसारणमा रहेको मेरो मोबाइलको टेलिविज्ञापनमा पनि राजको उपस्थिति छ । सोही विज्ञापनमा फिचर भएका सुबोध थापाको म्युजिक भिडियोमा सक्रियता विगतका वर्षमा जस्तै यस वर्ष पनि रह्यो । म्युजिक भिडियो निर्देशक आलोक नेम्वाङले रुचाएका मोडलहरूमध्ये एक सुबोध यो वर्ष मोहन गुरुङको प्रिय भनी म..., राहुल वैद्यको आफ्नो मन... आदि गीतमा देखा परे ।

एक दर्जनभन्दा बढी म्युजिक भिडियोका नायक आमिर गौतमको सक्रियता तथा सफलता पनि उत्तिकै रह्यो । भारतीय अभिनेता जोन अब्राहमको शैली अपनाएका आमिर गत वर्ष झैं यस वर्ष पनि विभिन्न म्युजिक भिडियोहरूमा देखा परे । आमिर ठूलो पर्दाको नायक पनि बने । उनलाई नायक बनाएका हुन्- म्युजिक भिडियो निर्देशक सिमोस सुनुवारले । गायक अनिल सिंहको प्रियतम... गीतको भिडियोमा फिचर भएका दिवस उप्रेती पनि यस वर्ष सफल रहे । दिवसले जगजित सिंह/साधना सरगम तथा आनन्द कार्कीका गीतहरूमा अभिनय त गरे नै साथै श्याम भट्टराई निर्देशित चलचित्र मर्यादामा नायक पनि बने ।

मोडलिङ हुँदै नायक बनिसकेका तर चलचित्रमा त्यति जम्न नसकेका अमृतजंग बस्नेत तथा दीपर्शन राणाको उपस्थिति विभिन्न म्युजिक भिडियोहरूमा उत्तिकै रह्यो । विज्ञापन तथा म्युजिक भिडियोमा राम्रो उपस्थिति जनाएका विनय श्रेष्ठ, निरोज शाक्य, राज घिमिरे, राजीव श्रेष्ठ आदिको निरन्तरता कायमै रह्यो । यसैगरी गौतम मानन्धर, विकास खतिवडा, हरिश सिग्देल, मञ्चिन शाक्य आदिको उपस्थिति पनि उत्साहप्रद देखियो वर्ष २०६३ मा ।



# विरोधका बीच नयाँ मिस नेपाल




## प्रतियोगिताको विरोधमा प्रदर्शन

मिस नेपाल प्रतियोगिता आयोजना हुन थालेदेखि प्रत्येक वर्ष यसको विरोधमा प्रदर्शन हुँदै आएको छ। यसपटक पनि यो दृश्य हेर्न पाइयो मिस नेपाल प्रतियोगिता आयोजना स्थलमा। दिउँसो करिब दुई बजेदेखि नै सुन्दरी प्रतियोगिताको विरोधमा आवाज गुञ्जिन थालेको थियो अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र बाहिर। महिलालाई वस्तुका रूपमा प्रयोग गर्न पाइँदैन, महिलाको अस्मिता बेच्न पाइँदैन, सुन्दरी प्रतियोगिता बन्द गर आदि नारा लेखिएका प्ले कार्ड बोकेका विभिन्न संगठनका महिला अधिकारकर्मीहरू मिस नेपाल प्रतियोगिताको विरोधमा ओर्लिएका थिए। अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको मूल प्रवेशद्वारमा धर्ना दिएर सुन्दरी प्रतियोगिता विरुद्ध नारावाजी गर्दै प्रदर्शनकारीहरूले कोणसभा समेत गरे। आयोजनास्थलभित्र पस्न खोज्दा सुरक्षाकर्मीबीच केही समय झपड हुनुका साथै सुरक्षाकर्मीको लाठीबाट केही प्रदर्शनकारी घाइते भए। मूल प्रवेशद्वारमा धर्ना दिन नछोडेपछि करिब पौने चार बजे मिस नेपाल प्रतियोगिता अवलोकन गर्न पुगेकाहरू पानी ट्यांकीपट्टिको प्रवेशद्वार हुँदै आयोजनास्थल प्रवेश गरेका थिए। सम्मेलन केन्द्रको मञ्चमा विजेता छनौट हुने कार्य प्रारम्भ भैसक्दा पनि बाहिर नारा गुञ्जिन बन्द भएको थिएन। करिब ६ बजेसम्म पनि मिस नेपाल प्रतियोगिताको विरोधमा धर्ना दिने कार्य जारी नै थियो।

पृष्ठ १ बाट जारी

उपस्थित निर्णायक मण्डलको छनौटमा पर्न सफल भइन् र उनको शीरमा सजियो मिस नेपाल २००७ को मुकुट।

२०६३ कै अन्तिम तथा महत्त्वपूर्ण प्रतिस्पर्धाका रूपमा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा भव्य रूपमा सम्पन्न भयो डाबर बाटिका मिस नेपाल– २००७। काठमाडौं जेसिजको सहभागिता, द हिडेन ट्रेजरको आयोजना तथा रचना गुरुङ शर्माको कोरियोग्राफीमा सम्पन्न यस पटकको मिस नेपालमा १९ जना प्रतिस्पर्धी सहभागी थिए। विभिन्न विषयमा ६ साता लामो प्रशिक्षणबाट तिखारिएका १९ जना सुन्दरी सर्वप्रथम नेपाल एजुकेसन अफ फेसन टेक्नोलोजी (एन.ई.एफ.टी) इन्टरनेसनल इन्टिस्च्युट अफ फेसन डिजाइनिङ (आई. एन. आई. एफ. डी.) तथा लखौटिया इन्स्टिच्युट अफ आर्ट एण्ड डिजाइनका डिजाइनहरूले तयार पारेका विभिन्न जनजाति र नेपाली परम्परा झल्काउने पहिरन लगाएर मञ्चमा प्रस्तुत भएका थिए। जातीय एकता र परम्परा संरक्षणमा समर्पित उक्त एथनिक राउन्डमै प्रतिस्पर्धीहरूले आ-आफ्नो परिचय दिएका थिए।

त्यसपछि प्रतिस्पर्धीहरू विभिन्न वर्क गरिएका रंगीन साडीमा सजिएर ठाँटिदै बिरालो चालमा प्रस्तुत भए। यही चरणबाट छानिए उत्कृष्ट दस जना सुन्दरी, अनि पालो आयो प्रत्येकले निर्णायकका प्रश्न सामना गर्ने। सबै प्रतिस्पर्धीहरू आत्मविश्वासी देखिए पनि ओभर कन्फिडेन्सको सिकार भए ऋचा शर्मा, सृष्टि मानन्धर र रश्मी केसी जसका कारण उनीहरू टपटेन राउन्डभन्दा अघि बढ्न सकेनन्। निर्णायकहरूका प्रश्नको उत्तरको आधारमा मिस नेपाल २००७ को विजेता हुने दौडमा शीताष्मा, वन्दना, श्वेता तथा विभाबीच कडा प्रतिस्पर्धा देखियो।

टप फाइभ राउन्डमा पुगेका यी सुन्दरीहरूमध्येबाट अन्ततः श्वेता शाह, वन्दना शर्मा र शीताष्मा चन्द क्रमशः छानिए– सेकेन्ड रनरअप, फस्ट रनरअप र मिस नेपाल। अन्य उपाधितर्फ सावित्रा श्रेष्ठ (रियल मिस नेचुरल ट्यालेन्ट), वन्दना शर्मा (सोनी मिस फोटो जेनिक), ऋचा शर्मा (डाबर रेड टुथपेष्ट, मिस ब्युटिफुल स्माइल), शीताष्मा चन्द (द न्यू एरा मिस पर्सनालिटी र मिस बेष्ट वाक) नानीमाया खड्का (डाबर बाटीका सेम्पु मिस ब्युटिफुल हेयर) तथा रश्मी केशी (डाबर बाटिका स्याफ्रन ग्लो सोप मिस ब्युटिफुल कम्प्लेक्सन) छनौट भए।

# केही दृश्य कार्यक्रमका

- प्रतियोगिता प्रारम्भ भएयता शीताष्मा, वन्दना, श्वेता तथा बबिता दर्शकको रोजाइमा पर्न सफल भएका थिए।
- टपटेन राउन्डमा पुग्न सफल सुन्दरीहरू जहाँ मञ्च पछाडि क्यामेरा सामु आफ्नो खुसी तथा उत्साह बाँड्दै थिए त्यहीं नपर्नेहरू रसाएका आँखा लुकाउने प्रयास गर्दै एक-अर्कालाई हौसला दिँदै थिए।
- टपटेन राउन्डमा पुगेकी ऋचा शर्माले प्रश्न नबुझिकनै उत्तर दिंदा प्रेक्षालयमा केही क्षण शून्यता छाएको थियो।
- १२ जना निर्णायकको समूहमा प्रमुख निर्णायक नायक राजेश हमाल, पूर्व मिस नेपाल माल्भिका सुब्बा तथा सञ्चारकर्मी भूषण दाहालको प्रश्नमा दर्शकहरूले जोडदार ताली बजाएका थिए।
- ५ फिट ८ इन्च अग्ली सृष्टि मानन्धरलाई होचो कदकी कार्यक्रम सञ्चालिका महिमा भट्टराईले 'यु लुक टल' भन्दा प्रेक्षालय हाँसोले गुन्जायमान भएको थियो।
- टपटेन राउन्डमा पुगेका विभा प्रजापति, श्वेता शाह र शीताष्मा चन्दको उत्तरमा दर्शक दीर्घाबाट बढी ताली बजेको थियो।
- सिर्जना सिंह योञ्जनको परिकल्पनामा प्रस्तुत गरिएका सांगीतिक प्रस्तुतिले पनि कार्यक्रमलाई रोचक बनाएको थियो। विशेषतः नायिका उषा पौडेलले नेतृत्व गरेको सामूहिक नृत्य तथा जुना प्रसाईं, नलिना चित्रकार, सिने गुरुङ, सरोज दत्ता तथा राजन इशानको सामूहिक मेड्ली प्रस्तुति दर्शनीय थिए।
- उत्कृष्ट पाँचको चरणमा निर्णायक प्रश्न राख्ने बेलामा अचानक प्राविधिक गडबढी भैदिंदा प्रेक्षालयमा केही बेर होहल्ला भएको थियो। केही समय नेपाल टेलिभिजनको प्रत्यक्ष प्रसारण समेत प्रभावित भएको थियो।
- कार्यक्रमको बीच-बीचमा बज्ने लामो विज्ञापनका कारण दर्शक तथा उपस्थित सञ्चारकर्मीले दिक्क मानेका थिए भने अवसर सदुपयोग गर्दै फोटो पत्रकारहरू निर्णायक मण्डलको ठीक पछिल्तिर लहरै बसेका मिस नेपाल २००५ का विजयी सुन्दरीहरूको तस्बिर खिच्न व्यस्त देखिन्थे।
- मिस नेपाल को हुन्छ भन्ने कुरामा दर्शकदीर्घामा मात्र नभएर केही फोटो पत्रकारबीच पनि शीताष्मा र वन्दनाका सम्बन्धमा बाजी चलेको थियो।
- फस्ट तथा सेकेन्ड रनरअप घोषणा भएपछि गत वर्षका फस्ट तथा सेकेन्ड रनरअप शोभना तथा आयुष्मालाई उद्घोषकले विजेतालाई मुकुट पहिर्‍याइदिन आग्रह गरे पनि स्टेजमा मुकुट ल्याउन ढिलाइ गरिएकाले आफ्नो शीरको मुकुट लगाइदिने हो कि भनेर एकक्षण शोभना एवं आयुष्मा दुवै अन्यौलमा परेका थिए।
- संयोग नै हुनुपर्छ मिस नेपाल २००७ का उत्कृष्ट तीनैजना विजेता ललितपुर निवासी हुन् र तीनै जना फुटबल हेर्न मन पराउँछन्।

# को-को हुन् विजेता ?






## शीताष्मा चन्द

**मिस नेपाल २००७**



लगनशील भै मेहनतका साथ अघि बढेर सफलता हात पार्नु आफ्नो जीवनको लक्ष्य भएको बताउने शीताष्मा चन्द यस वर्षकी मिस नेपाल हुन्। मिस नेपाल २००७ को उपाधिसँगै एक लाख रुपैयाँ, काइनेटिक नोभा बाइक तथा मिस वर्ल्ड प्रतियोगितामा नेपालको प्रतिनिधित्व गर्ने अवसर एवं जिम्मेवारी उनले पाएकी छिन्। शीताष्मा यो जिम्मेवारीलाई इमान्दारिताका साथ लगनशील भई निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्छिन्।

मिस नेपालको उपाधि बाहेक मिस पर्सनालिटी तथा मिस बेस्ट वाकको उपाधि पनि जितेकी शीताष्मा चन्द ललितपुरको एकान्तकुनास्थित भनिमण्डल निवासी हुन्। रातो बंगला स्कुलबाट स्नातक गरेकी शीताष्माले यामाहा म्युजिकमा सेल्स एक्जेक्युटिभको अनुभव पनि सँगालेकी छिन्। एयर नेपाल इन्टरनेसनलको एयर होस्टेज बनेको अनुभव पनि उनीसित छ।

५ फिट साढे ७ इन्च अग्ली २३ वर्षीया शीताष्मा आफूलाई स्पोर्टी गर्ल भन्न रुचाउँछिन्। पौडी खेल्नु, संगीत सुन्नु तथा चलचित्र हेर्नु उनका रुचिका विषय हुन्। आफ्नो कलेज तथा रातो बंगला क्लबबाट बास्केटबल खेल्ने शीताष्मालाई फुटबल हेर्न पनि उत्तिकै मनपर्छ। आफूमा भएको प्रतिभा तथा क्षमता प्रदर्शन गर्न आफ्नी आमाको प्रेरणाबाट मिस नेपाल प्रतियोगितामा प्रतिस्पर्धी भएकी शीताष्मा यो प्रतियोगिताको सहभागिताबाट आफूमा आत्मविश्वास तथा बोल्ने क्षमता बढेको एवं आफ्नो व्यक्तित्वमा परिवर्तन आएको अनुभव सुनाउँछिन्। सिकाएको कुरा चाँडै टिप्न तथा सुन्न सक्ने खुबी, कडा परिश्रम, प्रतिभा एवं अनुशासनबाट नै आफू मिस नेपाल बन्न सफल भएको धारणा उनको छ।

## बन्दना शर्मा

**फस्ट रनरअप**

हरेक सफलताका कथाहरू ठूलो असफलताको कथा पनि हो भन्ने विचार राख्ने ललितपुर निवासी वन्दना शर्मा यसपटक मिस नेपाल प्रतियोगिताकी फस्ट रनरअप हुन्। समाजमा आफ्नो छुट्टै पहिचान बनाउन आफूमा भएको क्षमता प्रदर्शन गर्न तथा आफूभित्रको बौद्धिकता एवं प्रतिभाको जाँच गर्न मिस नेपाल प्रतियोगितामा



सहभागिता जनाएको बताउने वन्दनाले फस्ट रनरअपको उपाधि सहित ६० हजार रुपैयाँ तथा मिस अर्थ इन्टरनेसनलमा नेपालको प्रतिनिधित्व गर्ने अवसर पाएकी छिन्।

मिस फोटोजेनिक उपाधि पनि जितेकी २२ वर्षीया वन्दना शर्मा बी.बी.ए. की छात्रा हुन्। ५ फिट ४ इन्च अग्ली गोरो वर्णकी वन्दनाको भ्रमण तथा वाटर स्पोर्ट्समा बढी झुकाव छ। टेबल टेनिस खेल्नु तथा फुटबल हेर्नु पनि उनका रुचि हुन्।

## श्वेता शाह



**सेकेन्ड रनरअप**

कसैलाई दुःख नदिई सफल जीवन जिउनु आफ्नो जीवनको उद्देश्य मान्ने ललितपुर निवासी श्वेता शाह यस पटकको मिस नेपाल प्रतियोगिताकी सेकेन्ड रनरअप हुन्। ५ फिट ६ इन्च अग्ली श्वेताले सेकेन्ड रनरअपको उपाधिसहित ४० हजार रुपैयाँ तथा मिस एसिया प्यासेफिक इन्टरनेसनलमा नेपालको प्रतिनिधित्व गर्ने अवसर पाएकी छिन्।

त्रिभुवन विश्वविद्यालयबाट समाजशास्त्रमा स्नाकोत्तर गरिरहेकी २२ वर्षीया श्वेता सन् २००४ यतादेखि फ्रान्सेली दूतावासमा सेक्रेटरीका रूपमा कार्यरत छिन्। यु.एन.ओ. मा काम गर्ने अभिलाषा बोकेकी श्वेता पौडी खेल्न तथा क्रिकेट र फुटबल हेर्न मन पराउँछिन्। साहित्य पढ्न रुचाउने श्वेतामा विदेशी भाषा सिक्ने रहर पनि उत्तिकै छ। भूपी शेरचन, महाकवि देवकोटा, विलियम सेक्सपियर तथा रिचर्ड ब्याक उनलाई मनपर्ने साहित्यकार हुन्।

# क्याटवाक क्यालेन्डरमा वर्ष २०६३



समयको निरन्तरताले क्याटवाकको गतिलाई एक वर्ष पुरानो बनाइदिएको छ। वर्ष २०६३ मा करिब ७० वटा फेसन कार्यक्रम सञ्चालित भए, जसमध्ये करिब तीन दर्जन प्रतियोगितात्मक रहे भने बाँकी फेसन सोहरू थिए। देशमा विद्यमान राजनैतिक अस्थिरताले फेसन गतिविधिको सञ्चालनमा प्रभाव पारे पनि असार हुँदै कात्तिक महिनासम्म फेसन गतिविधिले निरन्तरता पाए।

वर्षभरि आयोजना भएका करिब तीन दर्जन फेसन सोमध्ये एकाध मात्रै राम्रो छाप छोड्न सफल भए। तीमध्ये सर्वाधिक चर्चाको विषय बन्यो– सनसिल्क नेपाल फेसन सप्ताह २००६। आईईसी डिजाइनिङ संस्थाले सन् २००४ बाट प्रारम्भ गरेको फेसन सप्ताहको तेस्रो संस्करणमा १ सय ३४ जना नेपाली फेसन डिजाइनरले तयार पारेका ७ सयभन्दा बढी फेसन शैली समेटिएका थिए।

फेसन सप्ताहका क्रममा भदौ २५ गतेदेखि २९ गतेसम्म लामो र्‍याम्पमा भारतका रोहिनी र्‍याएन, सोल्मा लाज्राडो, रोहिणी साहनी, पूजा प्रधान, भेदिता सिंहलगायत ग्लाड्राञ्ज सुपर मोडल २००६ का सेकेन्ड रनरअप रुपाली सुरी, फस्ट रनरअप हिना परदेशाई तथा विजेता आरती शर्मासहित नेपालका एक दर्जन चर्चित मोडलले यस पटकको फेसन सप्ताहको शोभा बढाएका थिए। व्यावसायिक मोडलहरूका अतिरिक्त चलचित्र संगीत, सौन्दर्य, फेसन, सञ्चार आदिका क्षेत्रमा चर्चित नामहरू भुवन केसी, रेखा थापा, प्राश्ना शाक्य, रामकृष्ण ढकाल, सुदीप गिरी, कमला श्रेष्ठ, स्नेहा राणा, उषा खड्गी, माल्भिका सुब्बा, जीवन लुइँटेल, प्रियंका कार्की, सुरजसिंह ठकुरी आदि मोडलका रूपमा र्‍याम्पमा उत्रेर फेसन सप्ताहलाई थप रौनक प्रदान गरे। यस पटकको फेसन सप्ताहलाई भारतीय टेलिभिजन च्यानल 'जुम' र ग्लाड्राग्ज म्यागजिनले पनि समेटेको थियो।

फेसन सप्ताहका अतिरिक्त वर्षको पूर्वार्द्धतिर राजधानीमा सम्पन्न फेसन फ्युजन र क्याटमाण्डु क्याटवाक पहिरन प्रदर्शनी र स्तरीयताका दृष्टिले उल्लेखनीय रह्यो। नेपाल ब्रिटेन सोसाइटीको आयोजनामा प्रशान्त ताम्राकारको कोरियोग्राफीमा सम्पन्न फेसन फ्युजन बौद्धस्थित हयात रिजेन्सीमा सञ्चालन गरिएको थियो।

हयात रिजेन्सीमै डिजाइनिङ संस्था आईआईएफटीले प्रस्तुत गरेको क्याटमाण्डु क्याटवाक भारतीय मोडलहरू पूर्व मिस इन्डिया टिना चटवाल, विनिता बोहोरा, श्रेया मदन, हिमाली थापा तथा साहिबा सिंहको उपस्थितिले अझ आकर्षक बनेको थियो। सो कार्यक्रमलाई भारतीय कोरियोग्राफर कौषिक घोषले कोरियोग्राफी गरेका थिए।



**राजधानीपछि वर्ष २०६३ को फेसन मोडलिङ गतिविधिमा व्यस्त रह्यो पर्यटकीय नगरी पोखरा। यो वर्ष पोखरामा एक दर्जन फेसन कार्यक्रम सञ्चालित भए, जसमध्ये सानो बाबु, सानो परी, लिटिल क्विन एन्ड मास्टर किङ र मिस्टर एन्ड मिस पश्चिमाञ्चल प्रतियोगितात्मक रहे। प्रतियोगितात्मक कार्यक्रमका अतिरिक्त पोखरामा फेसन सोहरू पनि उत्तिकै भए। वर्षको प्रारम्भतिर आयोजिन फेसन सोमा सेमीबुटिककी डिजाइनर सविता शेरचनका सिर्जनाहरू समेटिएका थिए। त्यसपछिको समय पोखरा नगरी फेसनमय नै रह्यो। वर्षभरि प्रस्तुत फेसन कार्यक्रममध्ये तारे होटल फूलबारीमा सम्पन्न एक्सप्लोरिङ वियोन्ड शीर्षकको फेसन सो, फूलबारीमै सम्पन्न थाइल्यान्डका मोडलहरूले गरेको फेसन प्रस्तुति, जापानबाट आएका मोडलहरूको परम्परागतदेखि आधुनिक जापानी शैलीका पहिरनहरू समेटिएका फेसन कार्यक्रम उल्लेखनीय रहे। त्यसैगरी वर्षको अन्ततिर होटल कान्तिपुरको परिसरमा सम्पन्न हट फेसन नाइट शीर्षकको कार्यक्रम पनि दर्शनीय रह्यो। पोखराका ख्यातिप्राप्त एवं नयाँ अनुहारले क्याटवाक गरेको उक्त कार्यक्रममा १२ वटा सिक्वेन्समार्फत आईईसी पोखरा सेन्टरका १९ जना तथा राजधानीका ४९ जना डिजाइनरका सिर्जना प्रदर्शन गरिएको थियो। राजधानी र पोखराका अतिरिक्त धरान, विराटनगर, वीरगन्ज, बुटवल तथा चितवन आदि क्षेत्रमा पनि मोडलिङ गतिविधिले मौलाउने अवसर पायो वर्ष २०६३ मा।**

फेसन डिजाइनरहरूको कल्पनाशीलता एवं सिर्जनशीलताको प्रतिस्पर्धाका रूपमा सोल्टी क्राउन प्लाजामा प्रस्तुत डिजाइनर प्रतिस्पर्धा पनि वर्ष २०६३ का दर्शनीय कार्यक्रमहरूमध्ये एक रह्यो। नेपाल इन्स्टिच्युट अफ फेसन डिजाइनिङ (एनईएफटी) को आयोजनामा सम्पन्न सो डिजाइनर प्रतिर्स्धामा राजधानीको नमुना कलेज, एनईएफटी, आईईसी, आईआईएफटीका अतिरिक्त पोखरा र बुटवलको साफ्ट सेन्टर, चितवनको एनईसी तथा धरानका डिजाइनर-हरूका चार दर्जन सिर्जनालाई प्रतिस्पर्धामा उतारिएको थियो।

उल्लेखित फेसन कार्यक्रमका अतिरिक्त आर्डर निटवेयरको पस्मिनाका पहिरनहरूको कलेक्सन समेटिएको फेसन सो, नमुना कलेजका विद्यार्थीहरूको सिर्जना सँगालिएको जर्नी अफ फेसनको दोस्रो संस्कारण, पवित्रा समाज सेवा नेपालद्वारा आयोजित असहाय बालबालिकाप्रति समर्पित विभिन्न क्षेत्रका व्यावसायिक महिलाहरूको क्याटवाकमा सम्पन्न फेसन सो, काष्ठमण्डप आर्ट स्टुडियोले करिब एक दर्जन चित्रकारले पहिरनमा तयार पारेका चित्रकारीताको प्रदर्शनी आदि उल्लेखनीय रहे। उक्त प्रदर्शनीमा र्‍याम्पमा उत्रिएका मोडलहरूले समसामयिक घटनालाई प्रतिविम्बत गर्ने विभिन्न मानवआकृति तथा वस्तुको चित्र अंकित पहिरनहरू प्रस्तुत गरिएका थिए।

नेपाली मोडलिङको आकाशलाई साइवर संसारमा फैलाउने इन्टरनेट मोडलिङतर्फको क्रेज झन् बढेको पाइयो वर्ष २०६३ मा। साइवरसंसार डटकम, पोखरासिटी डटकम, लब्लीपोखरा डटकम, ई-कान्तिपुरका अतिरिक्त फुर्सद डटकम, परिचय डटकम, पोखरापेज डटकम, डाँफे डटकमलगायत थुप्रै वेबसाइटमा फेसन र मोडलले महत्त्वपूर्ण स्थान पाए। विज्ञान-म्युजिक भिडियो वा फेसन कार्यक्रमका आवश्यकताअनुसार मोडलको शारीरिक एवं बौद्धिक योग्यता, क्षमताका आधारमा मोडल छनौट गर्न सरल-सहज गर्ने उद्देश्यअनुसार मोडलहरूको विस्तृत विवरण समेटिएको मोडलसंसार डटकम नामक साइट पनि प्रारम्भ भयो

वर्षभरि सञ्चालन भएका र्‍याम्प गतिविधिमा करिब एक हजार युवायुवतीको संलग्नता रहेको देखिन्छ। र्‍याम्प गतिविधि अघि बढाउने कार्यमा काठमाडौं जेसिजका अतिरिक्त नेपलिज फेसन होम, जित हाम्रो, ग्लालेक्सी मोडलिङ एजेन्सी, बी.एल. हाउस, ट्रेन्ड्स, द एरो, मोडलिङ एजेन्सी, बी. फेसन डटकम, सूर्यकला फिल्म्सजस्ता संस्था बढी सक्रिय रहे। द र्‍याम्प नयाँ मोडल उत्पादनमै व्यस्त रह्यो, साथै विभिन्न मोडलिङ प्रयोजनमा पनि द र्‍याम्पको सक्रियता रह्यो। मोडल संयोजनतर्फ ड्रीम्स अनलिमिटेड र ट्रेन्ड्स नामक संस्थाहरू पनि उत्तिकै व्यस्त रहे।

छोटो समयमा नाम, दाम र प्रसिद्धि आर्जन हुने क्षेत्रका रूपमा परिचय बनाउँदै गएको भए पनि फेसन मोडलिङ क्षेत्रमा शारीरिक एवं आर्थिक शोषणका कारण सम्बन्धित क्षेत्रका व्यक्तिहरू पिरोलिएको कटु यथार्थलाई पनि बिर्सन सकिँदैन। यसै विषयमा संगठित आवाजको आवश्यकता औंल्याउँदै पोखराका मोडलहरूले आफ्नो हकहित र अधिकारका लागि साझा संगठनको अवधारणा अगाडि ल्याए।

पोखराका चर्चामा आएका मोडल, कोरियोग्राफर, फेसन डिजाइनरहरूको संलग्नता रहेको उक्त साझा संगठनले मोडलिङ पेसालाई मर्यादित एवं व्यावसायिक बनाउने कुरामा सक्रियताका साथ लाग्ने बताइएको छ, तथापि एकजुट हुने मामिलामा एकै ठाउँमा समेटिन नसक्दा पोखरामा फेसन मोडलिङ क्षेत्रमा संलग्न हुनेहरूको दुईवटा संगठन देखा पर्‍यो।

वर्ष २०६३ को र्‍याम्प गतिविधिको समीक्षा गर्दा र्‍याम्प मोडलिङमा व्यावसायिक पक्षले उल्लेख उपलब्धि हासिल गर्न नसकेको देखिए पनि वर्षभरि सञ्चालन भएका कार्यक्रमहरूमा करिब एक हजार युवायुवती मोडलिङ गतिविधिमा संलग्न रहेको पाइयो। अन्ततः नयाँ नेपालको नयाँ अनुहारको खोजीमा वर्षकै सबैभन्दा प्रतीक्षारत कार्यक्रम मिस नेपाल २००७ प्रतियोगिताको आयोजनासँगै केही अन्य फेसन कार्यक्रमसहित नयाँ वर्षको सुनौलो बिहानीको आशा गर्दै वर्ष २०६३ को क्याटवाक क्यालेन्डरले बिदा माग्यो।

## प्रतियोगितामा र्‍याम्प

गत वर्ष भएका करिब दुई दर्जन मोडल एवं सौन्दर्य प्रतियोगितामध्ये मिस नेपाल प्रतियोगिताका अतिरिक्त लक्स सुपर मोडल हन्टले विशेष चर्चा पायो वर्ष २०६३ मा। ६ गते सोल्टी क्राउन प्लाजामा सम्पन्न अन्तिम प्रतिस्पर्धामा काठमाडौंकी सोनु पौडेलले लक्स सुपर मोडल हन्टको उपाधिसहित ५० हजार नगद पुरस्कार र युनिलिभर नेपालसित मोडलिङको सम्झौता प्राप्त गरिन्।

व्यावसायिक पक्षले प्राथमिकता पाउने गरेकाले विगतका वर्षका तुलनामा मोडल तथा सौन्दर्य प्रतियोगितातर्फको क्रेज बिस्तारै कम हुन थालेको अनुभव गरिए पनि यस्ता प्रतिस्पर्धाको आयोजनाले वर्ष २०६३ मा पनि निरन्तरता पाए। यस अवधिमा विकासकुमार लम्साल र अञ्जु सिम्खडा (मिस्टर एन्ड मिस युथ), राकेश महर्जन र प्रतिसा खड्का (मिस्टर एन्ड मिस क्रिएटिभ लुक्स), विक्की शाक्य र बेन्जु शाक्य (मिस्टर एन्ड मिस ग्लोबल कलेज), सुलक्षण भारती र समा बस्नेत (मिस्टर ह्यान्डसम र मिस ब्युटिफुल), नीरज बराल र विद्या ढकाल (मिस्टर एन्ड मिस युनिभर्सिटी इन्टरनेसनल नेपाल), सुज्वाय यङ र कल्पना कुँवर (सूर्यकला सुपर मोडल) तथा दीपक थापा र सवनम भण्डारी (मिस्टर एन्ड मिस काठमाडौं)का रूपमा पायो। यसैगरी मोफसलले सरिनालाई (मिस फेयरी, धरान), सुवास पौडेल र सुनीता हेयु, (मिस्टर एन्ड मिस पश्चिमाञ्चल) घोषित भए।

गत वर्षदेखि आयोजना हुन थालेका जातीय ब्युटी एवं ट्यालेन्ट सोले यस वर्ष पनि निरन्तरता पाए। दोस्रो संस्करणका रूपमा ए एन्ड एच बिजनेस हाउस, नेपलीज फेसन होम, ड्रीम एरा र क्रिएटिभ फेसन फिल्डले क्रमशः आयोजना गरेको मिस टिन गुरुङमा प्राप्ति गुरुङ र मिस नेवाःमा सुविता प्रधान, मिस इन्जिनियर्समा अपेक्षा लिम्बू र मिस टिन तामाङमा सपना घिसिङ विजेता बने।

काठमाडौं जेसिजले सन् १९८९ मा प्रारम्भ गरेको लिटिल लेडी प्रतियोगिताको निरन्ततासँगै यस पटककी विजेता बनिन् कुसुम अधिकारी। जेसिजकै मास्टर नेपाल प्रतियोगितामा भने प्रवेश शेरचन विजेता बने। नेपलिज फेसन होमले भने यसपटक सन् २००६ र २००७ को किङ क्विन प्रतियोगिता वर्ष २०६३ मै सम्पन्न गर्न भ्यायो, जसमा क्रमशः परिसा राजभण्डारी र रिया महर्जन विजेता बने। यसैगरी फेसन होमले नै आयोजना गरेको लिटिल मिस नेवामा भने श्रृज्ञा रघुवंशीले विजेताको ताज पहिरिन्।

बालबालिकासम्बन्धी कार्यक्रम सञ्चालन गर्दै आएको 'जित हाम्रो' नामक संस्थाले आफ्नो सानो बाबु-सानो परी तथा राइजिङ भ्याली स्टार नामक प्रतियोगितालाई निरन्तरता दियो। यसका अतिरिक्त जित हाम्रो संस्थाले मिस्टर एन्ड मिस लिटिल नेपाल कार्यक्रमलाई अगाडि ल्यायो। यसैगरी द एरो मोडलिङ एजेन्सीले मास्टर किङ एन्ड लिटिल क्वीन शीर्षकमा बालबालिकासम्बन्धी प्रतियोगिता राजधानी, पोखरा, वीरगन्ज र विराटनगरमा सम्पन्न गर्‍यो।


उल्लेखित कार्यक्रमका अतिरिक्त भक्तपुर जुनियर ट्यालेन्ट कन्टेस्ट, मास्टर स्टार नेपाल, चिल्ड्रेन अफ द इअर, किड्स मोडल हन्ट, जुनियर स्पार्कल किङ एन्ड क्विन, सुपर किड्स, लिटिल मास्टर एन्ड मिस जिनियस आदि शीर्षकमा पनि बालबालिका सम्बन्धित प्रतिस्पर्धा सञ्चालनमा आए वर्ष २०६३ मा।

बालबालिका-किशोरकिशोरी, युवायुवतीको सौन्दर्य तथा मोडल प्रतियोगिताको वातावरणमा विवाहित महिलासँग सम्बन्धित दुईवटा प्रतिस्पर्धा सञ्चालित भए वर्ष २०६३ मा– राजधानीमा मिसेज बाग्मती र वीरगन्जमा मिसेज वीरगन्ज, जसमा क्रमशः विजेता बने– कला सिंह र रीता लामिछाने।

सौन्दर्य प्रतियोगिताहरूतर्फ मिस नेपाल, मिस नेवा, मिस टिन गुरुङ, मिस टिन तामाङ, मिस इन्डिजिनियस, मिसेज बाग्मती, मिसेज वीरगन्जका अतिरिक्त राजधानीमा मिस टिन नेपाल, मोडल हन्ट र वर्ल्ड मिस युनभिर्सिटी नेपाल प्रतियोगिता पनि सञ्चालन भएका थिए, जसअन्तर्गत क्रमशः खुश्वु ओली, निकिता थापा र उषा रजकले विजेताको ताज पहिरिए। इमेज च्यानलमार्फत प्रत्यक्ष प्रसारण गरिएको वर्षको एक मात्र पुरुष सौन्दर्य प्रतियोगिताका रूपमा रह्यो मिस्टर नेपाल प्रतियोगिता। २६ जना पुरुष प्रतिस्पर्धाको सहभागिता रहेको पाँचौं संस्करणको मिस्टर नेपाल प्रतिस्पर्धाका विजेता बने सुमेश घिमिरे।

जहाँ लक्स सुपर मोडल हन्ट, वर्ल्ड मिस युनिभर्सिटी नेपालजस्ता नौला सौन्दर्य प्रतियोगिता भित्रिए त्यही मिसेज ग्लोब नेपाल, मिस इन्टरनेसनल नेपाल, मिस्टर एन्ड मिस भक्तपुर, मिस्टर एन्ड मिस कान्तिपुर, मिस्टर एन्ड मिस ललितपुर आदि प्रतियोगिताले निरन्तरता पाउन सकेनन्। सन् २००६ को मिस नेपाल प्रतियोगिता सञ्चालन हुन नसकेपछि सन् २००६ का मिस वर्ल्ड र मिस एसिया प्यासेफिकमा नेपालको प्रतिनिधित्व हुन सकेन। तथापि सन् २००६ को मिस अर्थ इन्टरनेसनलमा भने सन् २००५ मा मिस नेपाल प्रतियोगिताका सेकेन्ड रनरअप आयुष्मा पोखेलले प्रतिनिधित्व गरिन्। यसै गरी उषा रजकले वर्ल्ड मिस युनिभर्सिटीमा तथा नीरज बरालले मिस्टर एन्ड मिस युनिभर्सिटी इन्टरनेसनलमा र चन्दन अग्रवालले म्यानहन्ट इन्टरनेसनलमा नेपालको प्रतिनिधित्व गरे, जसमध्ये नीरज र चन्दनले अन्तर्राष्ट्रिय सफलतासमेत हात पारे।

वर्ल्ड कार्प नेपालद्वारा राजधानीमा शीर्ष उपाधि जितेर फिलिपिन्सको मनिलामा अगस्ट



महिनामा सञ्चालित मिस्टर एन्ड मिस युनिभर्सिटी इन्टरनेसनल प्रतियोगिताको २८ औं संस्करणमा नेपालको प्रतिनिधित्व गरेका नीरज बरालले प्रतियोगिताको शीर्ष उपाधि जितेका थिए। अन्तर्राष्ट्रिय पुरुष सौन्दर्य प्रतियोगितामा शीर्ष उपाधि जित्ने पहिलो नेपाली पुरुष हुन पुगे नीरज।

ग्रुप अफ इभेन्ट इन्टरनेसनलले म्यानहन्ट इन्टरनेसनल २००७ का लागि छनौटमा परी दक्षिण कोरिया पुगेका चितवनका चन्दन अग्रवालले नेपाली युवाहरूका लागि अर्को अन्तर्राष्ट्रिय सफलता प्राप्त गरे। म्यानहन्ट इन्टरनेसनल प्रतियोगिताको १२ औं संस्करणमा चन्दनले मिस्टर पर्सनालिटीको एवार्ड जिते। अध्ययनका लागि अमेरिका पुगेका धरानका कौशल मास्केले ओकलोहामा मिस्टर इन्टरनेसनल उपाधि जिती नेपाललाई अर्को सफलता दिलाए।

# सेलिब्रेटीहरूको विवाह लहर

सेलिब्रेटिहरूको व्यक्तिगत जीवन आमजनमानसमा सदैव कौतुहलताको विषय बन्ने गरेको छ। अझ उनीहरूको विवाह त प्रशंसकहरूको सर्वाधिक रुचीको विषय बन्न पुग्छ। त्यसैले पनि सञ्चार माध्यमहरूमा सेलिब्रेटीहरूको विवाहले धेरै महत्त्व राख्छ। वर्ष २०६३ मा अभिनय, सञ्चार तथा संगीत क्षेत्रका एक दर्जनभन्दा बढी चिरपरिचित अनुहार वैवाहिक जीवनमा प्रवेश गरे।

वैशाख महिनामा विवाहको लगन र साइत हुने भएकाले यो महिनामा झ्याइँ पार्नेहरूको ताँती नै लाग्छ। यसपटक यो मौसमलाई सदुपयोग गरे चलचित्र, सञ्चार तथा संगीत जगतका तीनजना चर्चित व्यक्तिले। चलचित्र नायक एवं निर्माता सुधांशु जोशी, सञ्चारकर्मी रसिला कायस्थ र डिजे राजु गत वैशाख महिनामा वैवाहिक बन्धनमा बाँधिएका हुन्। गोपाल योञ्जन र ज्ञानु राणाको 'च्याङवा होइ च्याङ्वा' गीतलाई रिमिक्स गरेपछि चर्चामा आएका राजुसिंह महर्जन अर्थात् डिजे राजुले आफ्नी प्रेमिका एरिना तुलाधरसित गत वैशाखमा विवाह गरे।

राजु र एरिनाको पहिलो भेट चार वर्षअघि सम्पन्न मिस टिन नेपाल प्रतियोगितामा भएको थियो। त्यसपछिका केही भेटपछि यी दुई आत्मीय मित्र भए। त्यो मित्रता बिस्तारै प्रेममा परिणत भयो र अन्ततः राजु र एरिना भए एक-अर्काका जीवनसाथी। वैशाख महिनामै अभिनेता सुधांशु जोशीले पनि आफ्नो जीवन संगिनी पाए। प्रदर्शनको तयारीमा रहेको चलचित्र 'नेपाल' को निर्माता समेत रहेका नायक सुधांशु जोशी, सोही चलचित्रको छायाँकनका क्रममा भेट भएकी विराटनगरकी मेरिना पराजुलीसँग वैवाहिक सम्बन्धमा गाँसिएका हुन्। वैशाख महिनाको लगनमै टेलिभिजनको पर्दामा परिचित अनुहार एवं ब्युटिसियन रसिला कायस्थ पनि वैवाहिक जीवनमा प्रवेश गरिन्। नेवारी परम्पराअनुसार वैवाहिक जीवनमा बाँधिएकी रसिलाले आफ्नो जीवनसाथी बनाइन् बेलायतमा बसोबास गर्दै आएका राजेश अमात्यलाई।

यो वर्ष साउन-भदौ महिनामा विवाहको लगन नपरेकाले असार महिनामा पनि थुप्रै विवाह भए। थुप्रै लोक, आधुनिक गीतका म्युजिक भिडियो, केही श्रृंखला तथा वसन्त ऋतु, मंगलसूत्र, तिमी मेरी हौ, ध्रुवे आदि चलचित्रकी नायिका कविता खड्काले असार महिनामा विवाहको लगन जुराइन्। कविताले धार्मिक विधि अनुसार कम्प्युटर इन्जिनियर कमलराज शर्मासँग लगन गाँठो जोडिन्।

असार महिनामै चर्चा पाएको अर्को विवाह हो, प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाकी नातिनी मेलानी कोइरालाको विवाह। मेलानी नेपाली कांग्रेसकी युवा नेतृ सुजाता कोइरालाकी सुपुत्री हुन्। मेलानीको विवाह लन्डनमा व्यवसाय गरेर बसेका बंगलादेशी नागरिक रुबेल चौधरीसँग भएको हो। उक्त विवाहको भोज नयाँ बानेश्वरस्थित पाँचतारे होटल एभरेष्टमा आयोजित गरिएको थियो, जसमा सहभागी हुने पाहुनाहरूमा मन्त्रिपरिषद्का सदस्यहरू, राजनैतिक नेता, कार्यकर्ता, कर्मचारी, सुरक्षा निकायका पदाधिकारी, व्यापारीलगायत कूटनैतिक नियोगका पदाधिकारीहरू थिए।

झरीको मौसम भए पनि गत असार महिनामा सेलिब्रेटी विवाहको लगन भने उत्तिकै जुरेको थियो। असार महिनामा नायिकाद्वय सुमिता कार्की र रञ्जना शर्मा पनि विवाह बन्धनमा बाँधिए। नेपाल टेलिभिजनबाट बिहीबार प्रसारण हुँदै आएको चर्चित हास्य श्रृंखला 'तीतो सत्य' मा गैंडा पात्रकी पत्नीको भूमिका निर्वाह गर्दै आएकी सुस्मिताले मोरङ जिल्लास्थित रमाइलो गाउँ विकास समितिका रोशन पराजुलीसँगको लामो प्रेम सम्बन्धलाई धरानको राम मन्दिरमा वैवाहिक रूप दिएकी हुन्।

नेपाल टेलिभिजनबाटै प्रशारित 'जानकी' टेलिश्रृंखलामा जानकीकै भूमिका निर्वाह गरेकी तथा निर्माणाधीन चलचित्र 'मर्यादा' की एक नायिका रञ्जना शर्मा पनि गत असार महिनामा वैवाहिक जीवनमा प्रवेश गरिन्। लामो समयदेखिको प्रेम सम्बन्धलाई विवाहको



रूप दिएकी रञ्जनाले 'जानकी' श्रृंखलाकै निर्देशक श्याम भट्टराईसँग विवाह गरेकी हुन्। रञ्जना र श्यामको विवाह अनामनगरस्थित शिव मन्दिरमा धार्मिक विधिअनुसार भएको थियो।

२००४ को मिस नेपाल प्रतियोगितामा फस्ट रनरअपको उपाधि जितेर चर्चामा आएकी २० वर्षीया सहारा गुरुङले पनि आफ्नो जीवनसाथी भेटाइन् वर्ष २०६३ मा। सहारा गुरुङले अमेरिकामा व्यवसाय गरिरहेका जापानी युवक स्काइ टेटसुलाई आफ्नो जीवनसाथीका रूपमा छनौट गरेकी छिन्। यी दुईबीच गत साउन महिनामा एक समारोहबीच 'इन्गेजमेन्ट' भएको थियो। नेपाल वान टेलिभिजनमा कार्यक्रम निर्माता तथा प्रस्तोताका रूपमा कार्यरत पुष्पा जोशीले गत मंसिर महिनामा काठमाडौंका मुक्ति गुरुङसँग विवाह गरिन्। पुष्पाको अन्तरजातीय विवाह दुवै संस्कार अनुरूप सम्पन्न भएको थियो।

एक वर्षअघि क्लब १९०५ मा आयोजित एक कार्यक्रममा पहिलो पटक पुष्पाले मुक्तिलाई भेटेकी थिइन्। त्यसपछि अनलाइन च्याटले उनीहरूलाई नजिक ल्याएको थियो। पुष्पाका जीवनसाथी मुक्ति आफ्नै डिएक्सएन कम्पनीमा आइटी डाइरेक्टरका रूपमा कार्यरत छन्। मंसिर महिनामै पछिल्लो पुस्ताकी चर्चित नायिका सज्जा मैनाली पनि वैवाहिक जीवनमा प्रवेश गरिन्।

निर्देशक कृष्णमुरारी ढुंगेल निर्देशित चलचित्र 'नौ डाँडा पारि' बाट नेपाली रजतपटमा नायिकाका रूपमा उदाएकी मैनाली हास्य-अभिनेता गोपालराज मैनालीकी कान्छी छोरी हुन्। नायिका सज्जा मैनालीको विवाह भने झापा चन्द्रगढीका (हाल अमेकिावासी) २८ वर्षीय ओमराज भट्टराईसित भएको थियो। आइतबार इन्गेजमेन्ट र बुधबार विवाहको साइत जुरेपछि नयाँ बानेश्वरस्थित इन्द्रेणी फुडल्याण्डमा हास्य-अभिनेता गोपालराज मैनाली दम्पतीले गोडा धोएर आफ्नी कान्छी छोरी सज्जाको कन्यादान गरेका थिए।

वर्ष २०६३ मा सम्पन्न विवाहहरूमध्ये राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष पशुपति शमशेर राणाकी छोरी देवयानी राणाको विवाहले पनि उत्तिकै महत्त्व राख्यो। देवयानीको विवाह नयाँ दिल्लीस्थित इन्दिरा गान्धी विमानस्थल नजिकैको सिन्धिया भिल्ला गजेर हाउसमा भारतीय राष्ट्रिय कांग्रेसका नेता अर्जुन सिंहका नाति कुँवर ऐश्वर्य सिंहसँग गत फागुन महिनामा सम्पन्न भएको थियो। राजघराना शैलीमा सम्पन्न विवाहमा विशिष्ट नेपाली अतिथिहरू मात्र नभएर भारतीय राजनीतिका चर्चित व्यक्तिहरूका साथै उद्योगपति तथा व्यापारीहरूको उल्लेख्य उपस्थिति थियो। महिना दिनअघि सम्पन्न सो विवाहको भोज चैत महिनामा राजधानीस्थित आर्मी अफिसर्स क्लबमा दिइएको थियो।

यसैगरी केही महिनाअघि अमेरिका पलायन भएकी नायिका जल शाह पनि विवाह बन्धनमा बाँधिइन् गत फागुन महिनामा। नायिका जल शाहले २१ वर्षअघिदेखि अमेरिकामा बसोबास गर्दै आएका शरद रिमाललाई आफ्नो जीवनसाथी छानेकी छिन्। चालीस वर्षीय शरद अमेरिकाको उटाइ स्टेटको सल्ट लेक सिटीस्थित निजी घरमा बसोबास गर्छन्।

शरद पूर्व-राजदूत तथा स्पटलाइट पत्रिकाका सम्पादक माधवकुमार रिमालका कान्छा छोरा हुन्। वर्ष २०६३ मा लगन जुरेको अर्को सेलिब्रेटी जोडी हो नायिका कृति भट्टराई र सञ्चारकर्मी रवि श्रेष्ठको जोडी। विश्वास, उनको सम्झनामा तथा एक नजर आदि चलचित्रमा अभिनय गरिसकेकी र हाल इमेज च्यानल एवं इमेज एफएममा कार्यक्रम प्रस्तोताका रूपमा कार्यरत कृति भट्टराई र सञ्चारकर्मी रवि श्रेष्ठबीचको चार वर्ष लामो प्रेम यही वैशाख महिनामा विवाहमा परिणत हुँदैछ।

यी दुवैबीच विवाहको औंठी साट्ने काम भने गत फागुन महिनामै सम्पन्न भैसकेको छ। सेलिब्रेटीहरूको विवाह गर्ने मौसम चलिरहेका बेलामा गायक सत्यराज आचार्यको पनि विवाह सम्पन्न भयो फागुन महिनामा। भजन शिरोमणि भक्तराज आचार्यका जेठा छोरा सत्यराजले राजधानीको शोभा भगवतीस्थानकी गीता केसीलाई हिन्दु संस्कार बमोजिम आफ्नी धर्मपत्नीका रूपमा अँगालेका छन्।

२०६३ को पूर्वार्द्धको लगनमा नायक सुधांशु जोशीले झ्याइँ पारेका थिए भने अन्ततिर नायक सुशील क्षेत्रीले। एउटा चलचित्रको छायाँकनका क्रममा नारायणघाट पुगेका सुशीललाई उनका अभिभावकले त्यहींकी कन्यासँग उनको लगनगाँठो कसिदिने निर्णय गरे जसलाई सुशीलले सहर्ष स्वीकारे। गत फागुन महिनाको अन्तमा पुरानो बानेश्वरस्थित ओमसाई क्याटरिङमा नायक क्षेत्रीले आफ्नी दुलही सविता खड्कालाई आफ्नी बनाए।

यही क्रममा 'बोके दाह्री' एल्बमबाट चर्चा कमएका श्रीकृष्णले पनि आफ्नी राधिका पाएका छन्। गायक श्रीकृष्ण लुइँटेलले भारत दार्जीलिङको बागडोगरा निवासी गायिका राधा उपाध्यायसँग नेपाली रीतिरिवाज अनुसार गत फागुनमा विवाह गरेका हुन्।

वर्ष २०६३ को लगनमा उल्लेखित सेलिब्रेटीहरूका अतिरिक्त कान्तिपुर टेलिभिजनमा समाचार वाचिकाका रूपमा कार्यरत सिम्रिका शर्मा, सुरजसिंह ठकुरी, मोडल निरोज शाक्य, पूर्व मोडल एवं कोरियोग्राफर विजय श्रेष्ठ एवं नेपाल टेलिभिजन-२ मा निर्माताका रूपमा कार्यरत वासुदेव अवाल तथा प्रचण्ड पौडेल आदिले पनि झ्याइँ पारेका छन्।

–रोजिन शाक्य

केश उमार्ने तेल Herbal 44 Before After
बेदाग, गोरो मुहारको लागि रूपअमृत (R. Water, Sunscreen & Shampoo Free) - 1600/-
चाउरीपना हटाउने क्रिम - 1050/-
स्तन बढाउने (क्रिम/VBR) - 1650/-
शरीरको उचाई बढाउने - 1250/-
ग्याष्ट्रिक / दम / बाथ - समाधान - 350/-
प्रेसर/सुगर/ढाड दुखाई-समाधान - 550/-
मोटोपना घटाउने बेल्ट - 2400/-
Natural Treatment 100% Guaranteed
आस्था हेल्थ केयर
काठमाडौं गोशाला (द्वारिका होटल अगाडि)
Tel.: 4498929, 2110057
For Trade Inquiry - 9841330144

प्राइभेट Test/SLC
०६४ को लागि भर्ना खुल्यो
कक्षा ८ वा ९ पास गरी स्कूल जान नसकेका वा उमेर नाघेका विद्यार्थीहरुलाई अध्ययन गर्ने एक मात्र अबसर
Learn Computer and English Language
Earn above 25,000 and Learn in Singapore
CATALYST INT'L EDU.
Bagbazar, Phone: 2004664

JOB ORIENTED TRAINING
1. Computerised Accounting (For USA, UK, CANADA, AUS, GULF etc.)
2. Special Training for ACCA student
3. 50% Scholarship on 'QuickBooks Pro' from "Quicken Australia" for Australia
4. Manual plus Computerised Accounting for Nepal.
FREE Tally
Authorised Master Dealer of American A/c Software 'QuickBooks' for Nepal
Keith Devis Management Consulting P. Ltd.
Honda Building, Opp. of Kumari Bank, Putalisadak,
Tel. 4420059, 98510-23074
Supplier of 'QuickBooks Pro' Trained Accountant


प्राइभेट Test/S.L.C.
बिगत बर्षहरूको अपार सफलता पछि २०६४ को लागि पनि Private Test/S.L.C. मा घमाघम भर्ना लिइदैछ।
कक्षा समयः बिहान र दिउसो
माध्यमः अंग्रेजी र नेपाली
साथै Computer, Language/ Tuition Classes संचालन भईरहेका छन्।
EVEREST Educational Centre
Jamal, Kathmandu
Ph.: 4224838

ग्यारेन्टी उपचार
यौन
उत्तेजना नहुने, शीघ्र स्खलन तथा शारीरिक यौन शक्ति (महिला–पुरुष)
स्तन
बढाउने, घटाउने तथा टाइट गराउने
पोतो
अनुहारको चायाँ, कालो पोतो, डण्डीफोरबाट मुक्ति
दम, वाथ, ग्याष्टिकबाट पूर्ण मुक्ति
विदेशको सफलता पछि स्वदेशमा लोकप्रिय
झन्झटिलो उपकरण होइन स्वदेशी आयुर्वेदिक पद्धति
No Side effect, 100% Guarantee
4672065, 2084130

WANTED
American Base
कम्पनीलाई थप कर्मचारी आवश्यकता।
संख्या: 7 Ladies / Gents
योग्यता: SLC / PCL
तलब: ७५००
सम्पर्क:
UE Group
२०७४०८४,
९८४१४६६४०९
९८०३३२१६४९
ग्वार्को, ललीतपुर

प्राईभेट TEST/SLC - 064 मा निःशूल्क भर्ना
[छिटो गर्नुहोस् ! यो अवसर मात्र १० जनाको लागि]
कक्षा ८ वा ९ पास गरी स्कूल जान नसकेका, कक्षा ९ पास/फेल, Test/SLC फेल भएर स्कूल जान नसकेका विद्यार्थीहरुका लागि अध्ययन गर्ने सुवर्ण अवसर
विगत वर्षमा उत्कृष्ट नतिजा ल्याउन सफल
COMPUTER Basic course मात्र : 999/-
2 महिनामै अंग्रेजी भाषा फरर.....
COSSET EDU. CENTER
Ph: 2160736, लाजिम्पाट प्रहरी बिटसँगै
GEMS INT'L INSTITUTE
Ph: 016223251, नयाँ बानेश्वर कान्तिपुर अस्पताल सँगै

!जाग लम्क चम्क हे नौ जवान हो!
नयाँ नेपालको संरचना अनि परिकल्पना, पुरा होस तपाईको इच्छा यहि छ हाम्रो शुभकामना
! Special Discount Available! समय, पैसा र मेहेनत मूल्यवान छन् सही ठाउँमा लगानी गरौं।
4U Group हामी बनाउछौं तपाईलाई 4U Group
Singer ☐ Computer Xpert ☐ Actor ☐ RJ/VJ ☐ Musician ☐ Dancer ☐
Language Expert ☐ ?रोजाइँ तपाईंको? Media Personality ☐
Arco Music Institute
Vocal : Shree Krishna Shrestha (instructor, R.R. College)
Violin : Raj Kumar Shrestha
Tabala : Bijuli Pd. Lamichhane
Guitar : Raj Kumar Malakar (instructor, K.U. Dept. Of Music)
Bagbazar, Tel.: 4244747
ETON COMPUTER
Ms Office Package
Multimedia Course
Hardware & Networking
Graphic Designing
Web Page Designing
Computerized Accounting
Bagbazar, Tel.: 4265538
The Star Creation
Acting & Dance Classes
Instructor : Shiva B.K./Deepsagar Sagun/Dhurba (Senior Dance & Acting Director)
Audio & Visual Production
Opportunity in Visual
Bagbazar (Near the Shankardev Campus Opp. to Petrol Pump)
Contact: 9841222089
The Media's Collection
Media Training
RJ/VJ/News Reader
Media Technician, Ad Production
Personality/Leadership Dev.
Media Marketing
Practical on Digital Studio
Opportunity for the best
Bagbazar (Opp. to Petrol Pump)
Contact: 4233042



## सन्देश



नववर्ष प्रवेशको पावन अवसरमा सिद्धार्थ गौतम बुद्ध क्याम्पस परिवार, देश-विदेशमा रहेका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति एवं समृद्धिको कामनाका साथै ०६४ सालले सबैको मनमा सकारात्मक भावनाको विकास गरोस् र देशमा शान्ति छाओस् भन्ने कामना गर्दछु ।

**darlami_neeru@yahoo.com**

मलाई चिन्ने सम्पूर्ण साथीभाइ, आफन्त तथा आमनेपालीमा नववर्षले मैत्रीभाव, शान्ति, उन्नति एवं प्रगति लिएर आओस्, हार्दिक शुभकामना ।

**बाबा**

मीना, नीतालगायत मलाई चिन्ने सम्पूर्ण साथीहरू, विशेष गरी बी.आर.को मीठो सम्झना अनि पत्र लेख्न आग्रहसहित यो वर्ष हाँसो, खुसी, अनि उमंगका साथ बितोस्, हार्दिक शुभकामना ।

**गमु सिंजाली मगर**

साथीहरू आशा, मेरिना, प्रेरणा, उषा, रुमि, प्रतिभा, रूपा, धनबहादुर, वासुदेव, सूदन, शम्भु, रमेश तथा बुद्धिलाई नववर्षको हार्दिक शुभकामना ।

**युवराज तिमिल्सिना**

प्रिय, तिमीसँग भेट नभएको पनि धेरै भयो । नयाँ वर्षको तिम्रो उपहार हेर्छु अनि विगत सम्झन्छु । अब त सायद समयले कोल्टे फेरिसक्यो, तर पनि तिमीलाई बिर्सन सकेको छैन । नववर्षको मंगलमय शुभकामना । तिमीले चालेका हरेक पाइलाले सफलताको शिखर चुमून् ।

**तोरण**

पल्लो घरको झ्यालको पर्दा हटाउँदै बाईबाई गर्ने युवतीसँग परिचित हुन चाहन्छु । आफ्नो पूरा नाम अनि इमेल ठेगाना तथा फोन नम्बर पठाउनुहोला ।

**प्रविण**

रितु, नववर्षको हार्दिक शुभकामना । नयाँ वर्षमा तिम्रा उद्देश्य सफल हुन्, साथै हाम्रो सम्बन्ध सधैं राम्रो रहोस् अनि तिमीलाई-धेरै धेरै सम्झना ।

**राजु**

लक्षु, नववर्षमा तिम्रो सफलता, सुस्वास्थ, दीर्घायु एवं प्रगतिको कामना गर्दै हाम्रो प्रेममा पनि नयाँ वसन्त आओस् भन्ने कामना गर्दछु ।

**गणेश**

पूजा, नववर्षको हार्दिक शुभकामना । तिम्रो साथ पाएँ भने अर्को वर्ष सँगै प्रणयदिवस मनाउँला ।

**अमृत**

साथीहरू सुजन, केशव, नीरज, रविना, अनिता, अमृत, भगवती, युवराज, सुमन, मिठु, रुक्मिणी, डुका, मामा, रवीन्द्र, रामहरि, नकुल, राजु, कृष्ण, रेशम, सन्तोष, ज्योति, सुनीता, पम्फा, सरस्वती, जीवन, सजना, कविता, जानुका, परशुराम, अमिना, निश्चल, अनिता, पशुपति, गोकुल, अस्मिता, मीरा तथा आरतीलाई नववर्षको हार्दिक शुभकामना ।

**कल्पना**

आँसु तिम्रो झऱ्यो भने आँसु बनि बगिदिन्छु । दुःख तिमीलाई पऱ्यो भने सुख तिम्रो बनिदिन्छु, मुस्कान छर्ने तिम्रो ओठमा, मुस्कान बनी छाइदिन्छु । लाख-लाख वर्ष बाँच तिमी, आयु मेरो थपिदिन्छु । युगयुग हाँस तिमी, खुसी तिम्रो बनिदिन्छु । खुसी रहोस् सधैं-सधैं कामना, अनि यही छ नववर्षको उपलक्ष्यमा हार्दिक शुभकामना ।

**केशव**

आमाबाबु, सानीआमा, दिदीभिनाजु, आदर्श, आराधना, मुरारी, मनोहरि, मुना, जुना, विजया, विदुर, राजेन्द्र, तारा, दिवस, सागर, दिनेश, लक्ष्मण, यादव, कमल, केशव, मिलन, गोपाल, रोजिना, अंकिता, नारन, गोमा, मधुकर, मनीषा, अनिशा, राम, पार्वती तथा विदेशमा बस्ने भिनाजु रमेशलाई नववर्षको हार्दिक शुभकामना ।

**गोविन्द पौडेल**

सरु, नववर्ष प्रवेशको अवसरमा तिमीलाई हार्दिक शुभकामना, साथै हाम्रो प्रेमको यात्रा पाँचौं वर्षमा टेक्न सफल भएकाले प्रेमरूपी शब्दहरू तिमीलाई उपहार दिएको छु, नलजाई स्वीकार गर है ।

**किस्मत**

साथीहरू सञ्जीव, अप्सरा, स्वर्णिम, सदीक्षा, कोमिन्ताल, भारती, चन्द्र, कमला, राधे, रीता, विक्रम, अञ्जना, मनोज, सुष्मा तथा शिवमा नववर्ष प्रवेशको पावन अवसरमा उत्तरोत्तर प्रगतिको लाखौंलाख शुभकामना ।

**muskan_love5982@yahoo.com**

साथीहरू दीपक, उपासना, तमन्ना, रेखा, सिर्जना, मनीषा, राई कान्छा, मेनुका एवं चिरपरिचित मित्रहरूलाई नववर्षको हार्दिक शुभकामना ।

**रविन**

दाइ परिवर्तन, बुबा-ममी, दिदी विष्णु, बहिनी सुधा, भान्जी जमुना, कृष्ण दाइ, वल्लभ दाइ र भाउजू अनि सरस्वतीमा नववर्षको मुरीमुरी शुभकामना ।

**आनन्द भट्टराई**

फिक्कुजी, नयाँ वर्षले तपाईंको जीवनमा खुसी एवं उमंग ल्याओस्, हरेक पाइलाले सफलता चुमोस्, अनि त्यो तपाईंको चन्द्रमाझैं निश्चल एवं पवित्र हृदयमा सुख-शान्ति छाइरहोस्, हृदयदेखिको शुभकामनाका साथै तपाईंको साथ पाइरहूँ भन्ने कामना गर्दछु ।

**भैरव**

साथीहरू मंगले, पूर्ण, सुन्दर, योग, रामकुमार, पोष, सरिता, सुनीता, श्याम, विजय, एचबी, कृष्ण, एसबी, बिनिता, रस्मिता, राजु, राजकुमार, अञ्जु तथा सत्यराजमा नववर्ष प्रवेशको अवसरमा सुख-समृद्धि, सुस्वास्थ एवं दीर्घायुको मंगलमय शुभकामना ।

**प्रताप लामा**

सबै मित्रहरू, साथै मलाई चिन्ने सबैलाई नववर्षको हार्दिक शुभकामना, विशेष गरी साथी प्रविनलाई ।

**प्रदीप लामा**

हाम्रो माया र विश्वास सधैं अटुट एवं पवित्र रहोस् । हाम्रो सम्बन्धले यसरी नै निरन्तरता पाइरहोस् । यही छ मेरो चाहना, यही नै छ नववर्षको शुभकामना ।

**रुविना**

काठमाडौं, ललितपुर, भक्तपुर, धादिङ, नुवाकोट, रसुवा, गोर्खा, मकवानपुर, तनहुँ, लमजुङ, पाल्पा, गुल्मी, भोजपुर, मोरङ, झापा, ताप्लेजुङ, सर्लाही, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, ओखलढुंगा, सोलुखुम्बुका सम्पूर्ण चिरपरिचित पत्रमित्र साथीहरूमा नववर्ष प्रवेशको सु-अवसरमा सुख-समृद्धि, सुस्वास्थ एवं दीर्घायुको हार्दिक शुभकमना ।

**पूर्ण सुनुवार**

सरु, तिम्रो जन्मदिन तथा नववर्ष एकै दिन परेको छ । तिम्रा पाइला सफलतातर्फ लम्कून् र प्रगति चुमून्, असफलता कहिल्यै नआओस् अनि परीक्षामा सफलताको कामना गर्दछु ।

**नवराज**

मित्रहरू रेश्मी, सञ्जु, सरिता (दुई जना), सुनीता, रमी, समी, शान्ति, अनिल, सानु (दुई जना), समीर, सरोज, सुनील, राजु, करिश्मा (दुई जना), धनकुमारी, कविता, नवीना, रजिता,




विजु, रचना, सहायता, सुशीला, नमिता तथा पत्रमित्र साथी रोजका साथै आफन्तजनमा नववर्षको शुभकामना ।

**रत्ना महर्जन**

साथीहरू सुरन, प्रीति, अर्जुन, भान्जा, पूर्ण, कालु माया, कुसुम, मैन, यमु, डिल, प्रेम, तेजकुमार, प्रसाद, प्रदीप, बाजे, होमदाइ, डिके दाइ, खम्बा काजी दाइ, काले बाबु, फूलमान काका तथा सोनीलाई धेरै-धेरै माया भन्दै मलाई चिन्ने सबैलाई नववर्षको शुभकामना ।

**शुक्र अनलक्की**

दुःखले भरपूर यो संसारमा सुखी जीवनको शुभकामना । शिशिर ऋतुझैं उराठ जीवनमा वसन्त ऋतुझैं हरियालीको शुभकामना । पीडादायी क्रूर काँडाघारीले भरपूर यो संसारमा सुन्दर बास्नादार रंगीन बागको शुभकामना । धोका नै धोकाले भरिएको यो संसारमा चोखो एवं पवित्र मायाको शुभकामना ।

**सुरेश**

जर्गाहमा बस्ने सम्पूर्ण साथीभाइलगायत डिलुराम, कृष्ण, कौशल, गोपाल, सीता, मञ्जु, रामु, भाइहरू सुरज, दीपक तथा नारनलाई नववर्षको मंगलमय शुभकामना, नयाँ वर्षले सबैको जीवनमा नयाँ उमंग ल्याओस् ।

**विष्णुदेव पाण्डे**

सुमित्रा, अस्मिता, शर्मिला, रूपा, सरिता, सविता, कविता, संगीता, रेश्मा, बनिता, रामा, सीता, राजेन्द्र, दीपक, अर्जुन, अशोक, देवेन्द्र, शुक्रराज, नवीन, प्रमोद तथा आकाशलाई नववर्षको मंगलमय शुभकामना ।

**रामबहादुर श्रेष्ठ**

मलाई चिन्ने सबैलाई सुखद जीवनको शुभकामना एवं न्यानो माया ।

**dbthapa419nu@yahoo.com**

ललिता, नववर्षले तिम्रो जीवनमा नयाँ उमंग एवं नयाँ जोस ल्याओस्, तिमीले चालेको हरेक पाइलाले सफलताको शिखर चुमोस् । तिमीले चिताएका हरेक कार्य पूरा हुन् । बस्, यही छ तिमीलाई शुभकामना, साथै तिम्रो परिवारको दीर्घायुको कामना ।

**अनिस**

साथीहरू चन्द्र, रमेश, राजकुमार, राम, ज्ञान, मुकुन्द, रञ्जु, दाइ रोजन, लक्ष्मी दिदी, भाञ्जी तथा मलाई चिन्ने सम्पूर्ण साथीभाइ, एवं मान्यजनलाई नववर्षको शुभकामना ।

**ओकिल**

मलाई रोशन गुप्ता युनिक भनेर चिन्ने र माया गर्ने सबैलाई नववर्षको हार्दिक शुभकामना । नववर्षले सबैको जीवनमा नयाँ जोस, उमंग एवं खुसी ल्याओस् । सबैले सोचेका सकारात्मक कुरा पूरा हुन् ।

**romantic_roshan2007@yahoo.com**

ज्योति, तिम्रो व्यवहार, हाँसो अनि मायाबाट म एकदमै खुसी छु, आशा एवं विश्वास छ कि अगामी दिनमा पनि यस्तै साथ दिनेछ्यौ । नववर्षप्रवेशको अवसरमा तिम्रो सुस्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको कामना ।

**रोशन**

पत्रमित्र साथीहरू संगम, शोभा, कृष्णा, रश्मि, याममामा, इन्द्र, विप्ति, कमल, पदमा, दुर्गा, नानु, ओम, शान्ता, तोरण आदि सबै सबैमा सम्झना राख्दै मंगलमय शुभकामनासहित उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

**alley_sweety2000@yahoo.com**

कञ्चन, नववर्ष प्रवेशको सुअवसरमा तिम्रो उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

**रोज**

कालु, आँखामा आँसु, हृदयमा अमीट मायाको छाप, दिमागमा तिम्रो छायाँ अनि मुटुभरि तिम्रो माया बोकेर युरोपतिर जाँदैछु । मैले गरेका अनिगिन्ती गल्तीलाई माफ गरिदिनू, साथै मभन्दा धेरै गुणले भरिपूर्ण नयाँ साथी खोजी नयाँ जीवन सुरु गर्नू । नववर्षको शुभकामनाका साथै बेस्ट अफ लक ।

**नरेश**

बहिनी बिमला, यमुना, धनमाया, जुनु, सिर्जना, रुकु, भान्जाहरू, सहयात्री मित्रहरू, गंगा, राजन, हिमा, रोमन, जेनिशा, उषा, सरला, निर्मला, सरस्वती, भुवन, जनक, मनोज, विन्दा, लक्ष्मी, मनबहादुर, रमेश, दीपक, गोविन्द, स्मृति, मीतज्यूलगायत सम्पूर्ण साथीहरूलाई नववर्षको हार्दिक शुभकामना ।

**दुर्गाबहादुर माझी**

जीवन जिउने आशा मर्दा उत्साह भर्ने, आफन्तहरूले रुवाउँदा आँसु पुछ्ने, जीवनमा खुसी अनि मुहारमा हाँसो देख्न चाहने सविता, राधिका तथा देवेन्द्रमा नववर्षको शुभकामना । साथै समिता, मीरा, रूपक, सुवास, उत्सव, प्रमिला, अमृता, शंकर, उर्मिला, शीतल, सन्तोष, दीपक, लीला, लक्ष्मी तथा सरितालाई, नववर्षको मंगलमय शुभकामना ।

**अशोक महत**

साथीहरू प्रीतम, पदम, रोम, प्रविन, दर्शना, झरना, जुनु, शुक्रु र रितुलाई नरिसाउन आग्रह गर्दै नववर्ष सुखपूर्वक बितोस्– हार्दिक शुभकामना ।

**मिनु थापा**

पाँच-छ वर्षदेखि सम्पर्कविहिन अवस्थामा रहेका दिज्यु सुजाता, रुवि अनि बहिनी उर्मिला, साथीहरू दावा, केशव, कौशिला, धर्तीमाया, निशा, अम्बिका, लीला, काका हरिशलाई नववर्ष प्रवेशको अवसरमा सुस्वास्थ्य एवं दीर्घायुको मंगलमय शुभकामना ।

**हस्तीमान पुन**

साथीहरू देवराज, शेषकान्त, महेश, युवराज, सपना, सुन्दर, रामचन्द्र, राजन, कृष्ण, कमल, तिलक, खगेन्द्र, लेखनाथ, माधव, रोमाकान्त, सावित्रा, सुभाष, झविन्द्र, दधिराम तथा उही मन चोर्ने कालीलाई नववर्षको हार्दिक शुभकामना ।

**शशिराज**

साथीहरू पेमा, फुल्मु, दायाङजी, डोमा, जिया, जस्मीन, दीर्घ, मधु, कल्पना, रमा, दाली, विष्णु, गीता, अप्सरा, सिर्जना, सीता, सरिता, सुनप्ता, सरिता, सुमित्रा, सुष्मा, सुभद्रा, शकुन्तला, रेणुका, मीना, नमुना, विन्दु, रिमा, मेरिना, सावित्री, रोवानी, सन्तोषी, सुवर्ण, रोजिना, लाक्पा, फुर्वा, पेमाछिरी, पेम्बा, दोलम तथा गोपाललाई नववर्षको हार्दिक शुभकामना ।

**मिङ्मा शेर्पा**


**के तपाई या तपाईको आफन्तको**
**Minimum Qualification (योग्यता) SLC**
**पनि नभएकोमा चिन्तित हुनुहुन्छ ?**
**यदि हुनुहुन्छ भने नेपाल सरकार, शिक्षा तथा खेलकूद मन्त्रालय तथा जि.शि.का.ले ब्यवस्था गरे अनुरूपको एक बर्षे**

**PRIVATE TEST-SLC.**

कक्षामा आजै भर्ना भई या भर्ना गराई मौकाको फाइदा उठाउनुहोस्

**विशेषताहरु**
- ⇨ नेपाल सरकारद्धारा मान्यता प्राप्त ।
- ⇨ दश Class को मात्रै पढेर Exam दिन पाउने
- ⇨ Pass गर्न सजिलो
- ⇨ TU/KU तथा विश्वभरि मान्यता प्राप्त
- ⇨ No Age Bar
- ⇨ जागिरे तथा गृहिणीले घरैमा पढेर पनि परीक्षा दिन सक्ने
- ⇨ अंग्रेजी तथा नेपाली माध्यममा पढाइने
- ⇨ दुर्गम तथा पहाडी भेगका विद्यार्थीहरूलाई विशेष छुटको ब्यवस्था
- ⇨ दलित तथा आर्थिक अवस्था कमजोर भएका विद्यार्थीलाई छात्रवृत्तिको ब्यवस्था

विस्तृत जानकारीका लागि :

**OSIAN ACADEMY**
*(An Open School for Private Test & S.L.C.)*
सामाखुशी (Rehdon College नजिक) ☎ : 2160822



**(पुरानो बसपार्क (अद्वैतमार्ग) शंकरदेव क्याम्पस जाने वाटो)**

**SLC** जाँच दिएका विद्यार्थीका लागि (वैशाख १० भित्र भर्ना भएमा) **Computer** तथा **Preparation Course** मा विशेष व्यवस्था/छुट ।

**Computer Wing**

Computer Office Package (15 in 1) वा Web / Graphics Design (15 in 1) गर्नेलाई Englsh, Japanese, Chinese, Korean, Guitar मध्ये कुनै एक २ महिना निशःुल्क सिकाइने छ । तु. सम्पर्क राखी समयको अधिकतम सदुपयोग गरौं ।

**Preparation Wing**

- ADVANCED MGMT COURSE
- ADVANCED SCIENCE "
- SP. ENTRANCE PREP'N "
- HA/STAFF NURSE PREP'N "

- ✦ Free Swimming Facility
- ✦ Free Educatonal Visit & Trip.
- ✦ Free Computer for Prep'n Course

**LINKAGE** PURANO BUS PARK
Ph. 4-225818, 9841373745



**Learn in a stimulating environment**




**ADMISSIONS OPEN : Nursery to VIII**

CHOOSE THE RIGHT PLACE, MAKE THE RIGHT CONNECTIONS, GET THE RIGHT EXPERIENCE

BE A NOBELIAN

The quality of our teaching and advanced learning process ensures a positive educational culture. Students benefit from the excellent and enthusiastic supervision, easy access to well-qualified and friendly teachers, good reputation of the School, wide spectrum of subject choices, relaxed atmosphere and happy students.

**Documents Required:**
■ Birth Certificate/ Health Card ■ Previous Class Marks Sheet ■ Transfer Certificate

NOBEL ACADEMY
H.S. SCHOOL & COLLEGE

For details contact the coordinators: Mr. Nawaraj Baskota, **9851066712** (for Classes 6 to 8), Tulsa Acharya, **9841507781** (for Classes Nursery to 5), **School Phone: 2062330, 4461590**

साथीहरू अशोक, राधिका, सविता, रूपमा, समिता, मीरा, रूपक, सुवास, शुक्रराज, अनिता, सर्मिला, बरुण, पुष्कल, किरणलगायत सबैलाई सुमधुर सम्झनाका साथ हार्दिक शुभकामना।

**देवेन्द्र थापा**

दोर्जे, नववर्ष प्रवेशको सुअवसरमा उत्तरोत्तर प्रगति एवं उज्ज्वल भविष्यको शुभकामना। तिम्रो जीवनमा नयाँ उमंग छाओस्।

**तिमीलाई माया गर्ने मायालु**

नववर्षले तिम्रो जीवनमा खुसीको वहार ल्याई जीवन रंगीन बनाओस्। शुभकामनाका साथ तिम्रो शैक्षिक सफलता एवं सफल जीवनको हार्दिक शुभकामना।

**नितन**

साथीहरू नीरज, बिमला, सागर, अमृत, अनिता, सरिता, गंगा, प्रकाश, सरोज, वैकुण्ठ, सोनिया, विनिता, विनोद, विकास, अञ्जान, शैलु, काजोल, प्रमिला, यल्जी, उमा, जीवन, रविना, सरिता, सुजन, प्रभा, संगीता, मीरा, युवराज, इन्दिरा, सुमन, मिठु, रुक्मिणी, शारदा, कल्पनाका साथै चितवन एवं धादिङवासीहरूलाई नववर्षको हार्दिक शुभकामना।

**केशव परियार**

खुश्बु, नववर्षको शुभकामना, तिमी धेरै टाढा भए पनि सधैं तिम्रो सम्झना र मीठो माया। प्लिज कल मी। आई मिस यु भेरी मच। सी यु सुन।

**सरोज**

चौतारा, बहुमुखी क्याम्पसमा कक्षा ११ मा शिक्षा संकायतर्फ अध्ययनरत सम्पूर्ण परिचित तथा अपरिचित मित्रहरूमा प्रगतिको कामनासहित हार्दिक शुभकामना।

**श्याम श्रेष्ठ**

मित्रहरू राजेन्द्र, प्रमोद, नारायण, ईश्वर, ओमलाल, वरुण, शिव, नारायण, वचन, वरुण, शिव, मञ्जुलगायत दाजुहरू यम, हरि तथा भूपेन्द्रमा नववर्षको हार्दिक शुभकामना।

**शर्मिला**

साथीहरू रोमाकान्त, माधव, तिलक, नवराज, शशीराज, सावित्रा, केशव, संगीत, सीता, मेघराज, प्रतीक्षा, प्रतिभा, प्रभा, नारायण, पशुपति, पार्वता, महेश, वसन्त, अस्मिता, शेषकान्त, प्रकाश, युवराज, खिमा, सपनासुन्दर, जलाल, सीमा, पूजा, शारदा, सुशीला, रमा, सुनीताका साथै साहित्यिक समाज अर्घाखाँचीका सम्पूर्ण साथीहरूलाई नववर्षको मंगलमय शुभकामना।

**देवराज घिमिरे**

नववर्ष प्रवेशको सु-अवसरमा मेरा सम्पूर्ण आफन्त, मित्रजन तथा विद्यार्थी साथीभाइहरूमा सुस्वास्थ्य, दीर्घायु एवं दिगो शान्तिको मंगलमय शुभकामना!

**तप्तबहादुर भण्डारी**

आत्मीय पत्रमित्रहरू नवीना, जुनु, नारायण, आस्था, प्रीति, दीपेश तथा ओमकान्तको मीठो सम्झना, साथै नववर्षले नयाँ परिवेशसँगै मनमा सधैं वसन्तको आभास दिलाओस्, ह्यापी न्यू इयर।

**माधव**

बहिनी कुसुम, अनुजा, सुनीता, सोल्टिनी, शान्ता, रुजा, तनुजा, दीपा, साथीहरू विनय, महेश, दीपक, मोटे, प्रकाश, ललित, विराज, अस्मिता, प्रतिभा, देउती, छिरिङ, विन्दु, सौरभ, सुजिता अनि अम्बिकामा मंगलमय शुभकामना।

**रीवज रेग्मी**

मैले भेटेका बिर्सनै नसक्ने मित्रहरू ढाकाराम, सुरेन्द्र, भेषराज, भरत, रमिला, शिवप्रसाद, अमृत, कृष्ण, मनिका, राजु, निशा, पार्वती, सुनीता, गिरीश, क्रिश्चल, दुर्गा तथा किशोरलाई नववर्षको हार्दिक शुभकामना। जीवन सधैं फली-फुलिरहोस् र सधैं सफलता नै हात लागोस।

**आर.पी. सिर्जन**

अतितकी साथी मीना, दिज्यू विन्दा, नानु, पूजा, बाबु याकुब, मित्र रञ्जित, दिदी-भिनाजु, भान्जी सन्दिशा, सन्दिपा, भाइ सागर, क्रिस, जोसेफ, विमल, रमेश, राज, गुरुजित, विष्णु, लक्ष्मी, दादा लक्ष्मण, शिव, भाउजू, छोरी, बहिनी, पूर्णिमा, आन्टी भावना, चन्दा, सम्झना, शान्ता, इन्द्रा तथा रजनीमा नववर्षको हार्दिक शुभकामना।

**नवीन**

हृदयकी स्पदन बी, तिमी कहाँ छयौ? धेरै भयो तिम्रो खबर नपाएर छटपटिएको? के तिमीले अतीतका कुरा बिर्सिएकी नै हो त? विगतका कुरालाई स्मरण गराउँदै नववर्षको पावन अवसरमा तिम्रो परिवारसहित सुख, शान्ति एवं संवृद्धिको शुभकामना।

**शिशिर**

एञ्जल, तिमीले जे निर्णय गर्‍यौ, सायद ठीकै गर्‍यौ होला। किनकि म तिम्रो आँखामा कहिल्यै आँसु देख्न चाहन्नँ र तिमी मेरो साथमा भयौ भने जानेर वा नजानेर तिमीलाई दुःखसुख पर्ला अनि तिम्रा आँसु झर्लान्, अनि मैले हेर्न नसकुँला। मैले तिम्रो चित्त दुखाएको छु भने माफ गर। नववर्षको मंगलमय शुभकामना। तिम्रा हरेक काम सफल हुन्, सधैं खुसी रहनु।

**सधैं तिम्रै यादमा बिताउने आर.**

प्यारा साथीहरू सुमन, सन्तोष, सौरभ, सुष्मा, सोनी, जगदीश, विकास, सन्तोषी, चाँदनी, बबि, जोनी, जानुका, दिनेश, रुवी, पूजा, मनीषा, रोजिना, उषा, अञ्जु, गंगा, करुणा, प्रतीक्षा, सुशीला, भरत, बिपना, पार्वती, वसन्ती, रमेश, उमेशमा नववर्षको मंगलमय शुभकामना।

**अकेला**

कुमार, रेवती, सुरेन्द्र, आनन्द, धने, अपेक्षा, रीना, सिर्जना, रेखा, मनीषा, मुक्तिकला, मुना, अर्चना, विशा, पदमा, लोचन, भूपाल, मिलन, कमल, गोविन्द काका तथा हेमन्तलाई नववर्षको हार्दिक शुभकामना। तपाईंहरूको जीवनमा सुख, शान्ति एवं खुसीयाली आओस्, हरेक पाइला प्रगतिपथमा लम्किउन्।

**दिनेश सुवेदी**

मेरो मनकी रानी प्रतीक्षालाई नववर्षको शुभकामना। हरेक पाइलाले प्रगतिको पदमा चुमून, हरेक इच्छा, चाहना पूरा होस्। शिक्षामा प्रगति होस् अनि जीवन खुसीका पलहरूले भरियोस्।

**१५,८,१४,१८,१९**

इन्दिरा, तिम्रा हरेक पाइलाले सफलता चुमून्, तिमीले सोचेका हरेक कुरा पूरा हुन्। जीवनमा कहिल्यै असफलताको सामना गर्नु नपरोस्, तिम्रो सुस्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको लाखौंलाख शुभकामना।



ह्यापी न्यू इयर।

**मीनराज**

साथीहरू अतिश, पूनम, बन्दना, अञ्जना, विश्वास, जसमी, लक्ष्मण, दीपेन्द्र अनि प्रतीक्षालाई हार्दिक शुभकामना। तपाईंहरूको हरेक क्षेत्रमा प्रगति होस्।

**नरेश**

लमिन, कञ्चन, सूर्य, राजु, त्रिलोक, विना, त्रिचन्द्र, सीमा, रिमा, रजनी, नीलु, जमुना, विकेश, इन्द्र, राम, हरिकृष्ण, माया, छिरिङ, मिलन, सन्तोष, रानीलगायत सम्पूर्ण साथीलाई सुस्वास्थ, दीर्घायु एवं प्रगतिको शुभकामना।

**सिद्धार्थ राजभण्डारी**

प्यारो दाजु कमलका साथै साथीहरू रेखा, सुष्मा, रञ्जना, राजकुमार, रञ्जना, रमेश, सुशील, दीपक, गोपाल, विमल, चन्द्र, अनुप तथा कमलीलाई नववर्षको लाखौंलाख शुभकामना।

**रविना सुनुवार**

जे., नववर्ष प्रवेशको अवसरमा तपाईं र तपाईंको परिवारप्रति सुख, शान्ति, तथा समृद्धिको हार्दिक शुभकामना। साथसाथै तपाईंको जन्मदिनको पनि मंगलमय शुभकामना। हरपाइलामा सफलता मिलोस्।

**पूर्णिमा**

मेरो कक्षाका सबै साथी अनि आफन्तहरूमा ह्यापी न्यू इयर।

**डोल्मा तामाङ**

विशेषतः दुःखमा साथ दिने विक्रमको कार्य सफलताको कामना गर्दै साथीहरू इन्द्र, सुनील, रविना, अनुप, विक्रम, राजकुमार, दीपक, रमेश, गोपाल, चन्द्र तथा सुनीलमा नववर्षको मंगलमय शुभकामना।

**सुषमा सुनुवार**

साथीहरू राजकुमार, गोपाल, चन्द्र, सुनील, सुशील, आकाश, गजेन्द्र, विमल, अक्कल, प्रेम, मिलन, विवेक, बुद्ध, लेखराज, रमेश, दिनेश, चन्द्रकला, रमि, दया, रविना, सुष्मा, रञ्जना, संगीता, कमली, रेखा, गंगा, वारेना, निर्मला, माया अनि संगीतालाई बेलाबेलामा सम्पर्क गर्न अनुरोध गर्दै नववर्षको हार्दिक शुभकामना।

**दीपक सुनुवार**

जीवनसाथी शान्तिलाई नरिसाउन आग्रह गर्दै साथीहरू दया, सानु, दीपक, रमेश, सुनील, सुशील, गोपाल, कमल, मिलन, चन्द्र, दिनेश, रविना, सुषमा, रञ्जना, संगीता, अंकल, अर्पणकुमार, पद्म, प्रकाश, रेखा, सपना, दयाराम तथा विक्रममा नववर्षको हार्दिक शुभकामना।

**राजकुमार सुनुवार**

राजकुमार, सिर्जना, रेलकुमार, गीता, सुदीप, मीनकुमार, सविना, कुशुम, सञ्जय, अनिल, रोमी, सुनील, सीता, जितेन्द्र, सन्तोषी अनि विशेष गरी उसलाई नववर्षको हार्दिक शुभकामना।

**कविता अधिकारी**

छिरिङ, राजकुमार, राजु, सागर, मानबहादुर, गोविन्द, दीपक, शंकर, विनय, अनिल, श्याम, रक्षा, विरु, सविन, भरत, रामशरण, सरोज, राज, कपुर, विकास, धर्मराज, सुजन, सन्तोष, शरद, रूपक, सोनाम, सुदीप, सुरेन्द्रलगायत सम्पूर्ण नेपालीप्रति हार्दिक शुभकामनाका साथै दीर्घायुको कामना।

**रेलकुमार**

साथीहरू सीता, दिलकुमारी, पारु, बेली, गोपी, संगीता, लक्ष्मी, प्रेमकुमारी, माहिली, विमला, धनु, मनु, राधिका, पूर्णिमा, कुसुम, कविता, गीता, एलिना, सुशीला, सम्झना, नवीना, पूजा, सिर्जना, कमला, अस्मिता, शान्ता तथा बबितामा ह्यापी न्यू इयर।

**रेलकुमार**

नववर्ष प्रवेशको पावन अवसरमा सम्पूर्ण देशवासीको सुख, शान्ति, एवं समृद्धिको कामना गर्दै हार्दिक शुभकामना। विशेष गरेर होली केयर स्कुलका पूर्व शिक्षकशिक्षिकाहरू, हालका शिक्षक शिक्षिकाहरू, पूर्व विद्यार्थी, साथीसँगिनी, भाइबहिनी एवं मेरा नातेदारहरूलाई।

aixinghy_tamang2007@yahooc.om

साथीहरू सूर्य, महेश, शर्मिला, मुरारी, अशोक, सरोज, सुशीला, सन्तोष, एस.ए. आदि र भाइबहिनीहरू संगीता, सविता, शर्मिला, आशिष, स्मृति, देवेन्द्र, पवित्रा, चिरन, राजेश, सविना, सरोजा अनि भाइ दीपेन्द्रमा नववर्ष प्रवेशको अवसरमा सुख, समृद्धि, सुस्वास्थ तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना।

**दीपक पोखरेल**

नववर्ष प्रवेशको पावन अवसरमा मेरा प्रिय आफन्तजन, प्रियजन, घरपरिवार साथै सम्पूर्ण सहयात्री साथीहरूमा नयाँ उद्देश्य एवं सकारात्मक विचार लिई बढ्नु भन्दै मंगलमय शुभकामना।

**गीता थापा**

कलेजका सम्पूर्ण साथीहरू, विशेष गरी निरन्तर मलाई पढ्न हौसला प्रदान गर्ने मनकी मायालुलाई नववर्षको हार्दिक शुभकामना।

**आर.एन.**

तेजबहादुर, लक्ष्मी, लालबहादुर, ढलबहादुर, मुगा, सानुमाया, टेकबहादुर, विष्णुमाया, मीना, मिसनजंग, हीरामाया, लालकुमार, श्रीमाया, बुद्धिमान, चिनीमाया, चन्द्रमाया, सरिता, गंगा, जमुना, शर्मिला, प्रमिला, गोपाल, सुनील, फूलमाया, दीपकुमार, ढालबहादुर, राम, विक्रम, करुणा, गीता, दीपिका, सुनीता तथा ओमप्रकाशलाई नववर्षको हार्दिक शुभकामना।

**देवशमशेर घिसिङ**

वसन्त ऋतुको आगमनसँगै नयाँ उत्साह, नयाँ विचार, नयाँ लक्ष्य, उद्देश्य लिएर नयाँ वर्षले पाइला टेकेको उपलक्ष्यमा सम्पूर्ण आफन्तजन, प्यारा साथीहरू, जसले मलाई आफ्नो सम्झी माया गर्नुहुन्छ, जसले असल मित्र सम्झिनुहुन्छ, जो सधैं सकारात्मक सोच, दृढ विश्वास लिएर अगाडि बढ्नु भैरहेको छ, उहाँहरूलाई खुस, शान्ति, सुस्वास्थ एवं दीर्घायुको कामनासहित हार्दिक शुभकामना।

**नीरज श्रेष्ठ**

सञ्जय, नारायण, बद्री, रामहरि, हरिवल्लभ, दीपक, समीर, अशोक, नन्दु, दिलीप, ज्योति, नवीन, मानबहादुर, सृष्टि, वीरबहादुर, पासाङ, सुन, अनुराग, मामा हर्कबहादुर, जलामसिङ, तिलकबहादुर, रोजबहादुर, प्रेम, साइँला, हरि, उमेश, कृष्ण, ओम, सानु, प्रमिला, कौशिला, विष्णु, वीना, जुना, तेजप्रसाद, नीरज, जीवन, सोनिया, चक्रपाणि र कसमलाई नववर्षको हार्दिक शुभकामना।

**देवशमशेर घिसिङ**

नववर्ष प्रवेशको पावन अवसरमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको कामनासहित प्रिय साथीहरू, आफन्तजन, घर-परिवार साथै शुभचिन्तकहरूमा मंगलमय शुभकामना।

**मैया श्रेष्ठ**

साथीहरू अशोक, मुकुन्द, सरेश, राम, धुव्र, विशाल, गौरव, लक्षुमण, कमला, कविता, रञ्जना, तुलसा, सिर्जना, दीपेश, श्याम, मेलिना, सलिना तथा किरणमा मंगलमय शुभकामना व्यक्त गर्दछु।

**नुवाकोटे विवेक**

सपना, नववर्ष प्रवेशको अवसरमा शुभकामनका साथै जन्मदिनको पनि।

rirgha_2005@yahoo.com


बिशेष सेवा
रसायन वाजिकरण एवं ताजगीकरण
(Sexopsychology, Sexotherapy & Rejuvination):
नपुंसकता, लिङ्ग उत्तेजना सम्बन्धी समस्या, सिघ्र स्खलन, हस्तमैथुन, स्वप्न दोष, धातु वीर्य तथा शुक्रकीटको विकासका समस्या, सरुवा यौन रोग, पुरुष-स्त्री यौनाङ्ग, स्तन एवं शरीरको कमबढी विकास एवं हर्मोनल समस्या तथा महिनावारीमा गडबडी।
(पूर्ण गोप्यताको वातावरणमा अन्तरङ्ग परामर्श)
सम्पर्क: (विशेष सेवा विभाग)
धन्वन्तरी आयुर्वेद हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.
धुम्बाराही चोक, फोन: ४३७१७७१, ०१६२०४१५६
website ; www.sexologistnepal.com E-mail: info@ayurvednepal.com

कोरियन
(2 months Rs. 2500)
अंग्रेजी
(3 months Rs. 1050)
अनुभवी शिक्षकहरुद्वारा संचालित
Basic to Diploma Computer classes
(Audio, visual, Course books available)
Syntax Institute
Galkopakha, Thamel
Ph: 4-362058 (एभरेष्ट कलेज अगाडी)

Private
TEST / SLC 064
को लागि
भर्ना खुल्यो
कक्षा ८ वा ९ पास गरी स्कुल जान नसकेका, कक्षा ९, Test वा SLC फेल भई स्कुल छाडेका वा स्कुल जाने उमेर नाघेका र जागिर गर्दै पढ्न चाहने विद्यार्थीहरुलाई
अध्ययन निरन्तर गर्ने सुवर्ण अवसर
- अंग्रेजी र नेपाली दुवै भाषामा पढाईन्छ।
- कक्षा १० को मात्र पाठ्यवस्तु पढे पुग्ने।
- बारम्बार फेल भई निराश भएका र पढाई छाडि बसेकाहरुको लागि विशेष कक्षाको व्यवस्था गरी मनोवैज्ञानिक तरिकाले पढाइने।
- होस्टेल तथा यातायातको समेत व्यवस्था छ।
- कक्षा समयः बिहान र बेलुका।
- नियमित स्कुल आउन नसक्नेहरुको लागि खुला सिकाईको व्यवस्था।
- हामीले दिएका कक्षाबाट सयौं विद्यार्थीहरुले S.L.C. पास गरी सकेका छन् तपाई पनि ...
THE STUDENTS COUNSEL Bhatbhateni Chowk
STUDENTS OPEN SCHOOL
भाटभटेनी चोक (सिजापति शालिक संगै), PHONE: 4415244

The Flying Institute
announces Admission open for
Airhostess Training

Classes are run by the established professionals.
Contact: 4465653, 9841278689 or Visit
The Flying Institute
Minbhawan, Kathmandu

Anchor बन्ने होईन त?
कान्तिपुर FM का बरिष्ट उदघोषक हेम सुबेदीद्वारा दिईने FM/Radio कार्यक्रम प्रस्तुती र उत्पादनको Extensive पूर्ण Course यहि बैशाख २गतेबाट सुरु हुदैछ। सिट सिमित छ, चाँडै सम्पर्क गर्नुहोस।
International
Rays Media
Maitidevi, setopul
01-6203421, 9841351327, 9803308342

FRESH MODELS WANTED
We need Fresh Models for our upcoming Fashion Show and Model Contest.
We are also looking for some models for music videos and advertisements.
Dreams Unlimited
Putali Sadak (NearKantipur City College)
Tel:9851070384,9841232810,9803180560,4419917
E-mail: dreamsunlimited2060@hotmail.com
Where your dream comes true.




# वार्षिक भविष्यफल

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



वर्ष २०६४ को संवत्सरको नाम सर्वरी हो। संवत्सर जस्तै अन्य ग्रहहरूमा यो वर्षको राजा मंगल हुन् भने मन्त्री पदमा शनि आसीन छन्। राजा र मन्त्री शनि मंगल आपसमा शत्रु हुन्। राजा र मन्त्रीहरूबीच भएको शत्रुभावले राज्य–व्यवस्थामा खटपट सिर्जना गराउनेछ। वायु तत्त्व ग्रह शनि, अग्नितत्त्व ग्रह मंगलको विशेष भूमिका भएको हुँदा, अकस्मात् घट्ने घटनाले समाजलाई त्रसित बनाउन सक्छ। अति वृष्टि, खण्डवृष्टिले कतै सुक्खा, कतै जलमग्न बनाउनेछ। चोरी–चकारी तथा आगलागीका घटना प्रशस्तै हुनेछन्। मोटर तथा हवाईजहाज दुर्घटनामा महत्त्वपूर्ण व्यक्तिहरूको निधन हुनसक्छ। २०६४ सालको वर्ष प्रवेश लग्नबाट विचार गर्दा लग्नेश सूर्य उच्च भई धर्म स्थानमा र धर्मेश मंगल सप्तम भावमा बसेको हुँदा धर्म–सम्बन्धी विवादमा विदेशी हस्तक्षेप बढ्न सक्छ। राष्ट्रियता र स्वधर्मका लागि संघर्ष गर्नेहरूले ऐतिहासिक विजय प्राप्त गर्नेछन्।

द्वितीयश र एकादशेश बुध नीच भई अष्टम स्थानमा बसेको हुँदा राष्ट्रमा आर्थिक संकट आउनेछ। शैक्षिक क्षेत्र सकारात्मक रहनेछ। बौद्धिक व्यक्तिहरूको काँधमा ठूलो जिम्मेवारी आउनेछ। शत्रुहरूले राज्यलाई कमजोर बनाउने प्रयास गर्नेछन्। राष्ट्रमा प्रशस्त विदेशी हस्तक्षेप हुनेछ। राजनैतिक उतारचढावहरू प्रशस्तै अउनेछन्, नेतृत्ववर्ग मेलमिलापभन्दा बढी वादविवादमा अग्रसर हुनेछ। जनमुखी कार्यहरू न्यून हुँदै जानेछन्। स्वार्थपूर्तिमा झुकाव बढ्नेछ। लोभ–लालचमा फसेर समाजका शत्रुहरूले समाजलाई कमजोर बनाउने प्रयत्न गर्नेछन्। महिलावर्गले पुरुषप्रति गर्ने आक्रमण र पुरुषहरूबाट हुने प्रत्याक्रमणले बनिबनाउ संरचनालाई दूषित पार्नेछ।

विज्ञानतर्फ देश र समाजले ठूलो फड्को मार्नेछ। राष्ट्रले आफ्नो स्वरूपको चित्रण गर्नेछ भने आफ्नो पहिचानलाई स्थापित गरेर समाजलाई अग्रगतिमा लानेछ। अकस्मात् प्रकट हुने नेतृत्वले सबैलाई परास्त गरेर आफ्नो वर्चस्व कायम गराउनेछ। देशमा सैन्यशक्ति मजबुत बन्नेछ। प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा विदेशी सेनाको प्रभाव बढ्नेछ। साउन १७ गतेदेखि वृष राशिमा प्रवेश गर्ने मंगल तथा सिंह राशिमा बसेको शनिको परस्पर दृष्टिले राष्ट्र र समाजमा प्रतिकूलता सिर्जना गर्नेछ। जाति तथा वर्गविशेषको विवादले तीव्रता लिनेछ। साउन २१, २२, २३, २४ गतेको समय प्रतिकूल रहनेछ। यो समयमा भूकम्प, बाढी–पहिरोजस्ता प्राकृतिक घटना एवं राजनैतिक उतारचढावले सत्ता परिवर्तन गराउनेछ। त्यस्तो परिवर्तनले जनमानसमा ठूलो संकट निम्त्याउनेछ।

असोज ६ गतेसम्म शनि मंगलको अनिष्टता कायम रहनेछ। विशेष गरेर भदौ ५ देखि २५ गतेसम्म राजनैतिक उतारचढाव सृजना गर्नेछ। प्राकृतिक तथा राजनैतिक संकट पुनः बढ्नेछ। यो वर्ष राष्ट्रले चर्चित व्यक्तिहरूलाई गुमाउनुपर्नेछ। राष्ट्रद्रोहीहरूको अन्त्य तथा राष्ट्रवादीहरूको विजयबाट राष्ट्रले आफ्नो गतिनिर्धारण यसै वर्ष गर्नेछ। समाजका अग्रजहरूले संयम नअपनाए ठूलै नरसंहार हुनसक्छ। पश्चिमा राष्ट्रहरूमा ठूलो हलचल मच्चिनेछ। फ्रान्स, चीन, रूस, जापान, अमेरिका, बेलायतजस्ता मुलुकमा प्रशस्त संकट आउनेछन्। आपसी मतभेद बढेर महायुद्ध आरम्भ हुन सक्छ। शुक्र तथा वृहस्पति बलियो भएको हुँदा राष्ट्रियता र प्रजातन्त्रको सुनिश्चितता हुनेछ। आफ्नो पहिचान निर्धारण गर्न नेपाली जनताले अर्को महाक्रान्ति गर्नेछन्। सत्ता प्राप्तिका लागि चलखेल गर्नेहरू परास्त हुनेछन्। नयाँ युगको आरम्भ यसै वर्ष हुनेछ। नेपालीहरूको आफ्नो पहिचान स्थापित हुनेछ। त्यस्तो घटना घट्न सक्छ, जुन सधैं सबैका लागि स्मरणीय हुनेछ। अमेरिका, बेलायत अनि भारतका लागि यो वर्ष चुनौतिपूर्ण रहनेछ।


कतै तपाई गर्भवती त हुनु हुन्नु ?

यौन सम्पर्क राखेको २ हप्तामा नै थाहा पाउन सकिने,महिनावारी हने अवस्था सम्म कुरिराख्नु नपर्ने............ अब नयाँ प्रविधिमा




गर्भधारण जाच्ने घरेलु सामाग्री

EASY

PREGNANCY TEST KIT

USA FDA APPROVED PRODUCT,आफ्नै घरमा बसेर आफु गर्भवती भएको वा नभएको सजिलै जाँच्न सकिने घरेलु सामाग्री नजिकैको औषधी पसलहरूमा प्राप्त गर्न सकिने छ।

Marketing By:
Om Surgical Concern
Thapathali, Kathmandu
Tel.:4260044, 4216431

Please remember us:-Pathology & Surgical Products, Chemical and Scientific & Lab Equipments


## मेष

असार २५ गतेसम्म अढैया शनिको प्रभाव रहनेछ। मंसिर ६ गतेसम्म भाग्येश वृहस्पति अष्टम भावमा रहने हुँदा घरेलु समस्या एवं विवाद बढ्ने स्वास्थ्यमा समस्या देखा पर्ने योग भए पनि वर्ष आरम्भको दिन एकादश भावमा बसेको चन्द्रमा तथा त्यहीं बसेको राहु अनुकूल भएको हुँदा असार २५ गतेदेखि शनि दृष्टि एकादश स्थानमा पर्ने हुँदा आर्थिक मार्गमा अपेक्षित सुधार आउनेछ। मान-सम्मान मिल्नुका साथै नोकरी तथा राजनीतिमा गुमेको स्थान फर्काउने अवसर मिल्नेछ। नयाँ कामको थालनी हुनसक्छ। घर-जग्गाको बन्दोबस्त पनि हुनेछ। सवारी साधन जोड्ने अवसर मिल्नेछ। प्राविधिक शिक्षामा सफलता पाइनेछ। उच्च शिक्षा प्राप्तिका लागि विदेश जाने अवसर जुट्नेछ। औद्योगिक कार्यमा संलग्न हुने अवसर प्राप्त होला। मंसिरमा तथा चैतमा खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ। असार, असोज, माघ एवं फागुनमा काममा सफलता, धन तथा मान-सम्मान मिल्ने छ।

## वृष

समष्टिमा ग्रह गोचर राम्रा छन्। काममा रुचि बढ्नेछ। वैवाहिक बन्धनमा बाँधिने योग छ। अरूको पर्याप्त सहयोग पाइनेछ। आर्थिक उन्नति हुनेछ। वैदेशिक कार्यमा सफलता मिल्नेछ। व्यावसायिक व्यक्तिहरूका लागि समय अनुकूल रहनेछ। नोकरी तथा राजनीतिमा प्रतिस्पर्धा गर्नुपरे पनि सफलता प्राप्त हुनेछ। पुत्र प्राप्तिको प्रबल सम्भावना छ। खेतीपाती र पशुवहानबाट खासै लाभ देखिँदैन। औद्योगिक क्षेत्र राम्रो छ। जोस एवं जाँगर बढ्नेछ। अधुरा काम पूरा हुनेछन्। नयाँ काम पनि आरम्भ होला। असार २५ गतेदेखि अढैया शनि आरम्भ हुने हुँदा घरेलु समस्या बढ्ने, आफन्तहरूले दुःख दिने, मंसिर ६ गतेदेखि अष्टम भावमा वृहस्पति प्रवेश गर्ने हुँदा स्वास्थ्यमा समस्या तथा काममा अवरोध आउने योग छ। वैशाख र पुसमा समस्या बढ्ने भए पनि साउन, कात्तिक एवं चैतमा काममा सफलता तथा मनमा प्रसन्नता बढ्नेछ। अरूबाट प्रसंसा पाइनेछ।

## मिथुन

ग्रहप्रभाव अनुकूल रहनेछ। असार २४ गते सम्म शनि शाढेसात रहनेछ। शाढेसात शनि रहुन्जेल विवाद एवं शत्रु बढ्ने, स्वास्थ्य गडबड रहने तथा काममा अवरोध आउने योग छ। षष्टम भावमा बसेको सप्तमेश बृहस्पतिले रोग एवं शत्रु बढ्नेछन्। नोकरी तथा राजनीतिमा समस्याहरू आउनेछन्। विश्वास गरेकाहरूले नै धोका दिनेछन्। असार २५ गतेदेखि शनि शाढेसातीले छाड्ने हुँदा काममा सुधार आउनेछ। पराक्रम बढ्नेछ भने समस्याहरू घट्दै जानेछन्। आर्थिक मार्ग बलियो हुँदै जानेछ। अरूबाट सहयोग पनि पाउनुहोला। घर-जग्गाको बन्दोबस्त पनि हुनेछ। मंसिरदेखि वृहस्पति सप्तम भावमा प्रवेश हुने हुँदा व्यवसायमा सुधार आउनेछ। वैदेशिक यात्राको अवसर मिल्नेछ, नोकरी तथा राजनीतिमा सोचेजस्तै सफलता पाइनेछ। जेठ र माघमा स्वास्थ्य हानि, काममा अवरोध आउने देखिन्छ। वैशाख, भदौ, मंसिरमा कामकाजमा सफलता मिल्ने तथा प्रसन्नता बढ्ने योग छ।

## कर्कट

समष्टिमा वर्ष राम्रो छ। बौद्धिक कार्यमा सफलता प्राप्त हुनेछ। विद्यार्थीहरूका लागि समय बलियो छ। भाग्यले साथ दिनेछ। आर्थिक कार्यमा सफलता मिल्नेछ भने सामाजिक प्रतिष्ठा एवं पराक्रम बढ्नेछ। आर्थिक मार्ग बलियो रहनेछ। यात्रा गर्ने अवसर जुट्नेछ। विवादतिर अघि नबढ्नुहोला। नोकरीमा पदोन्नति हुनेछ। राजनीतिमा गुमेको स्थान फर्काउन सकिनेछ। शत्रुसित कडा प्रतिस्पर्धा गरे पनि जित तपाईंकै हुनेछ। वैवाहिक सम्बन्धमा बाँधिने योग छ। विवाहितहरूलाई पुत्र लाभ हुनसक्छ। मंसिरदेखि षष्टममा जाने वृहस्पतिले स्वास्थ्य प्रतिकूल बनाउनुका साथै शत्रु बढ्ने तथा काममा अवरोध आउने देखिन्छ। असार तथा फागुनमा काममा अवरोध आउनेछ। असोज, पुस तथा जेठमा काममा सफलता मिल्ने तथा प्रतिष्ठा बढ्नेछ। नयाँ कीर्तिमान कायम गर्ने अवसर प्राप्त हुनेछ। आर्थिक कारोबारमा होस गर्नुहोला, धनमाल हराउन सक्छ।

## सिंह

वर्ष त्यति अनुकूल देखिँदैन। शाढे सात शनिले वर्षभरि नै सताउनेछ। घरेलु समस्या एवं शत्रु बढ्नेछन्। व्यवसायमा समस्या देखा पर्नेछ। काममा अवरोध आउनाले मनोबल घट्नेछ। पति-पत्नीबीच विवाद बढ्नेछ। नोकरी तथा राजनीतिमा झूटो आरोप लाग्नसक्छ। अरूले गरेको गलत कार्यको दोष तपाईंमाथि आउनेछ। मुद्दा-मामिला एवं शरीरमा चोटपटक लाग्ने सम्भावना छ। घर-जग्गाको पिरलोले सताउनेछ भने वाहनले दुःख दिनेछ। आफन्त बनेर तपाईंको प्रतिष्ठा गिराउने प्रयास हुनेछ। मंसिर ६ गतेदेखि पञ्चम भावमा प्रवेश गर्ने वृहस्पतिले अध्ययनमा सफलता दिलाउनुका साथै आर्थिक मार्गमा सुधार आउनेछ। बौद्धिक सम्मान पनि मिल्नेछ। धार्मिक कार्यमा सफलता प्राप्त हुनेछ। अरूको भरोसा गर्नु उचित हुँदैन। सफलताका लागि आफैंले प्रयत्न गर्नु राम्रो हुन्छ। साउन र चैतमा स्वास्थ्य बिग्रने तथा काममा अवरोध आउने हुँदा मनोबल घटे पनि असार, कात्तिक एवं माघमा पराक्रम बढ्ने, काममा सुधार आउने तथा प्रसन्नता बढ्ने योग छ।

## कन्या

ग्रहस्थितिका कारण यो वर्ष मध्यम रहनेछ। वृहस्पतिको प्रभाव वर्षभरि नै अनुकूल देखिन्छ। असार २५ गतेसम्म एकादश स्थानको शनिले प्रशस्त आम्दानी गराउनेछ। शत्रु पराजित हुनुका साथै काममा सफलता मिल्नेछ। देश-विदेशको यात्रा हुनसक्छ। घर-जग्गाको बन्दोबस्त होला। सवारी साधन जोड्ने अवसर मिल्नेछ। प्रतिष्ठा पनि बढ्नेछ। नोकरी तथा राजनीतिमा सोचेजस्तै सफलता प्राप्त होला। घरेलु व्यवसायमा विशेष सफलता मिल्नेछ। महत्त्वपूर्ण जिम्मेवारी प्राप्त हुनेछ। ठूला व्यक्तिले तपाईंको प्रशंसा गर्नेछन्। असार २५ गतेदेखि शनि शाढेसात सुरु हुने हुँदा खर्च, विवाद एवं शत्रु बढ्ने, काममा अवरोध आउने, झूटा आरोप लाग्ने, विश्वास गरेकाहरूले धोका दिने तथा स्वस्थ्यमा समस्या देखा पर्ने योग छ। वैशाख तथा भदौमा अनेक प्रकारका समस्या देखा पर्न सक्छन्। साउन, मंसिर तथा फागुनमा परिश्रम गर्नुपरे पनि काममा सफलता मिल्नेछ। अरूको काम धेरै गरे पनि जस पाउन मुस्किल हुनेछ।

## तुला

यो वर्षको ग्रहगोचर राम्रो छ। सोचेका कुरा पूरा हुनेछ भने पराक्रम एवं बौद्धिकता बढ्नेछ। सानै प्रयासले पनि ठूलो काममा सफलता मिल्नेछ। प्रशस्त आम्दानी गर्ने अवसर मिल्नेछ। अरूबाट प्रशंसा पनि पाउनुहोला। अध्ययनमा सफलता हात लाग्नेछ। देश-विदेशको यात्रा गर्ने अवसर जुट्नेछ। मुखमा सरस्वतीले बास गर्नेछिन्। नोकरीमा पदोन्नतिको योग छ। राजनीतिमा गुमेको स्थान फर्काउन सकिनेछ। नयाँ मित्रको पनि आगमन हुनेछ। शत्रु पराजित हुनेछन्। दाजुभाइबाट उचित सहयोग प्राप्त हुनेछ। धार्मिक कार्यमा रुचि एवं सामाजिक प्रतिष्ठा बढ्नेछ। भाग्यले पनि साथ दिनेछ। व्यवसायमा लाभ हुनेछ। कीर्तिमान कायम गर्ने अवसर जुट्नेछ। पदक प्राप्तिको सम्भावना छ। जेठ तथा असोजमा स्वास्थ्यमा समस्या तथा काममा अवरोध आउनाले मनोबल घट्न सक्छ। भदौ, पुस तथा चैतमा सोचेजस्तै सफलता मिल्नेछ।

## वृश्चिक

समष्टिमा वर्ष राम्रै रहनेछ। केही चिन्ता तथा अस्थिरताबाट दुःखी हुनुपरे पनि धैर्यता एवं लगनशीलता भए आँटेका कुरा पूरा गर्न सकिनेछ। यात्रा गर्ने अवसर जुट्नेछ। वैदेशिक कार्यमा सफलता पाइनेछ। पराक्रम एवं धार्मिक कार्यमा रुचि बढ्नेछ। सन्तानलाभको सम्भावना छ। बोलीको प्रभावमा अरूले सहयोग गर्नेछन्। अध्ययन एवं व्यवसायमा सोचेजस्तै सफलता मिल्नेछ। जोस एवं जाँगर बढ्नेछ। कीर्तिमान कायम गर्ने अवसर हासिल हुनेछ। वैवाहिक बन्धनमा बाँधिने सम्भावना छ। पुत्र प्राप्तिको योग छ। पिता-पुत्रको सम्बन्धमा ह्रास आउन सक्छ। पेट गढबड हुने सम्भावना छ। विवाहितहरूलाई मित्रहरूको विश्वास गरिहाल्नु उचित हुँदैन। स्थान परिवर्तन हुनसक्छ। असार तथा कात्तिकमा खर्च बढ्ने एवं काममा अवरोध आउने योग भए पनि वैशाख, असोज र माघमा मानसम्मान मिल्ने, काममा सफलता मल्ने तथा धन आर्जन हुने योग छ। शत्रु पराजित हुनेछन्।

## धनु

खर्च एवं विवाद बढ्ने क्रम मंसिर ६ गतेसम्म कायम रहनेछ। बुद्धिले विपरीत बाटो लिनसक्छ। आफूले गरेको निर्णयले आफैंलाई हानि पुऱ्याउनेछ। झूटा आरोप लाग्नेछन्। आर्थिक मार्ग कमजोर हुनेछ। अरूको काम धेरै गर्नुपर्नेछ। व्यवसायमा समस्या आउनेछ। पति-पत्नी बीच विवाद बढ्नेछ। घरेलु समस्याले सताउनेछ। परिवारका सदस्यहरू टेढिनेछन्। स्थान परिवर्तनको सम्भावना छ। स्वास्थ्य पनि गडबड रहनेछ। कामको बीचमा अवरोध आउन तथा शरीरमा चोटपटक लाग्न सक्छ। मन दुविधाग्रस्त रहनेछ। नोकरीमा समस्या आउन सक्छ। राजनीतिमा उतारचढावको सामना गर्नुपर्नेछ। असार २५ गतेदेखि शनि अढैयाले छाड्ने हुँदा स्वास्थ्यमा सुधार आउनेछ। आर्थिक पक्ष बलियो हुने क्रममा लाग्नेछ। मंसिर ६ गतेदेखि वृहस्पति आफ्नो राशिमा प्रवेश गर्ने हुँदा घरेलु समस्या घट्नेछ। मानसम्मान मिल्नेछ। साउन तथा मंसिरमा खर्च, विवाद एवं चिन्ता बढ्ने तथा काममा अवरोध आउने योग छ। जेठ, कात्तिक तथा फागुनमा पराक्रम बढ्नेछ, काममा सफलता एवं मानसम्मान प्राप्त हुनुका साथै धन आर्जन हुनसक्छ।

## मकर

यो राशिमा ग्रह प्रभाव मिश्रित रहनेछ। देश-विदेशको यात्रा हुनसक्छ। लक्षित कार्यमा सफलता मिल्नेछ। अध्ययनमा सफलता मिल्नुका साथै जोस-जाँगर एवं सोच्ने शक्ति बढ्नेछ। धन आर्जन गर्न सकिनेछ। कुरा कट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। तपाईंमाथि महत्त्वपूर्ण जिम्मेवारी आउनेछ। प्राप्त जिम्मेवारीलाई सजिलै कार्यान्वयन गर्न सकिनेछ। नोकरीमा सफलता मिल्नुका साथै राजनीतिमा ऐतिहासिक सफलता पाइनेछ। पराक्रम बढ्नुका साथै रोकिएका सबै काम पूरा हुनेछन्। असार २५ गतेदेखि अढैया शनि लाग्ने हुँदा स्वास्थ्यमा समस्या आउने तथा चिन्ता बढ्ने योग छ। मंसिर ६ गतेदेखि बाऱ्हौंमा प्रवेश गर्ने गुरुले खर्च एवं विवाद बढाउनेछ। भदौ तथा पुसमा अनेक प्रकारको समस्या झेल्नुपर्नेछ। असार, मंसिर तथा चैतमा मानसम्मान एवं काममा सफलता मिल्नेछ।

## कुम्भ

वर्ष अनुकूल रहनेछ। काममा सफलता प्राप्त हुनेछ। जोस एवं जाँगर बढ्नेछ। आँटेका काम पूरा हुनेछन्। मानसम्मान मिल्नेछ। अरूले तपाईंको प्रशंसा गर्नेछन्। देश-विदेशको यात्रा गर्ने अवसर जुट्नेछ। वैदेशिक कार्यमा सफलता हासिल हुनेछ। पराक्रम बढ्नुका साथै नोकरीमा पदोन्नति हुनेछ। राजनीतिमा गुमेको स्थान फर्काउन सकिनेछ। आर्थिक लाभ हुनेछ। शत्रु पराजित हुनेछन्। अरूको विश्वाससजिलै जित्न सकिनेछ। कुरा काट्नेहरूबाट पनि प्रशंसा होला। विवाहको योग पनि छ। विवाहितहरूलाई सन्तान प्राप्तिको बलियो सम्भावना छ। घर-जग्गाको बन्दोबस्त पनि हुनसक्छ। सवारी साधन जोड्ने अवसर प्राप्त हुनेछ। बौद्धिक कार्यमा सफलता मिल्नेछ। असोज तथा माघमा समस्याहरूका साथ चिन्ता बढ्ने योग छ। वैशाख, साउन तथा पुसमा राम्रा कुरा सुन्न पाइनेछ भने काममा सफलता मिल्ने एवं प्रसन्नता बढ्ने देखिन्छ।

## मीन

समष्टिमा ग्रह राम्रा छन्। भाग्यभावमा बसेको गुरुको प्रभावले भग्योदय हुनेछ। काममा सजिलै सफलता प्राप्त हुनेछ। मानसम्मान पनि मिल्नेछ। नोकरी तथा राजनीतिमा आफ्नो वर्चस्व बढ्नेछ। व्यवसाय बढ्नुका साथै यात्रा गर्ने अवसर जुट्नेछ। अरूबाट सहयोग पनि पाइनेछ। धन आर्जन गर्ने अवसर मिले पनि बाऱ्हौं राहुले खर्च एवं विवाद बढाउनेछ। झूटा आरोप लगाउनेहरू सक्रिय रहनेछन्। अध्ययनमा सफलता हासिल हुनेछ। महत्त्वपूर्ण जिम्मेवारी पनि पाउनुहोला। सामाजिक कार्यमा रुचि बढ्नेछ। अरूको धेरै काम गर्नुपर्ला। जस पाउने सम्भावना कम छ। असार २५ गतेदेखि षष्टममा जाने शनिले सफलतातर्फ अग्रसर गराउनेछ। कात्तिक तथा फागुनमा खर्च एवं विवाद बढ्ने योग छ। जेठ, भदौ तथा माघमा मान-सम्मानका साथै काममा सफलता मिल्ने एवं धन आर्जन गर्ने अवसर हासिल हुनेछ।

### यो साताको पञ्चाङ्ग

चैत : ३० गते वर्ष २०६३ समाप्त, वैशाख : १ गते नयाँवर्ष २०६४ प्रारम्भ, मेष संक्रान्ति, भक्तपुरमा बिस्केट जात्रा, शिख समुदायको वैशाखी पर्व, २ गते भक्तपुरमा महाकाली जात्रा, ठिमीमा बालकुमारी जात्रा, ३ गते भक्तपुरमा ब्रम्हायणी जात्रा, ४ गते मातातीर्थ औंशी, भक्तपुरमा गणेश जात्रा, ५ गते भक्तपुरमा भैरव भद्रकाली जात्रा, ललितपुरमा रातो मच्छिन्द्रनाथको रथारोहण, ६ गते परशुराम जयन्ती

### शनिको साढे सात र अढैयाको प्रभाव पर्ने राशिहरू

*वृष तथा मकर राशिमा असार २५ गतेदेखि शनि अढैया प्रवेश गर्नेछ भने मिथुन राशिमा असार २५ गतेदेखि शाढेसातले छोड्नेछ। कन्यालाई आद्य साढेसात आरम्भ हुनेछ। कर्कट राशिलाई शनिले छाड्नेछ भने सिंह राशिमा मध्य साढेसात रहनेछ।*

*शनि साढेसात हुनेहरूले शनिबार बिहान कालभैरवमा गएर पूजा गरिसकेर भैरवको दायाँ हातमा २ मिटर कालो कपडा तथा फलामको दियोमा कालो बत्ती बालेर राखिदिने, त्यसपछि १० कदम पछि हटेर फर्कने, जन्मकालमा शनि शुभ भए साढेसातले शुभ फल दिनेछ, अशुभ भए अशुभ फल दिनेछ।*

# विश्वकप क्रिकेट २००७

### खेल नम्बर ३३
### श्रीलंकाविरुद्ध इङ्ल्यान्ड

सुपर एटको नवौं खेल इङ्ल्यान्ड र श्रीलंकाबीच खेलियो । यो खेलमा श्रीलंकाले इङ्ल्यान्डलाई २ रनले पराजित गर्‍यो । एन्टिगुवा एन्ड बर्बुडाको सेन्ट पिटर्समा खेलिएको खेलमा पहिले ब्याटिङ गर्दै श्रीलंकाले ५० ओभरमा सबै विकेट गुमाई २ सय ३५ रन बनायो । प्रतिउत्तरमा इङ्ल्यान्डले ५० ओभरमा ८ विकेट गुमाई २ सय ३३ रन मात्र बनाउन सक्यो । यो खेलमा इङ्ल्यान्डका रवि बोपारा म्यान अफ दि म्याच घोषित भए । नवौं विश्वकप क्रिकेटमा पराजित टिमका खेलाडीले म्यान अफ दि म्याचको उपाधि पाएको यो पहिलो अवसर थियो ।

### खेल नम्बर ३४
### बंगलादेशविरुद्ध दक्षिण अफ्रिका

सुपर एटको दसौं खेल बंगलादेश र दक्षिण अफ्रिकाबीच खेलियो । यो खेलमा बंगलादेशले दक्षिण अफ्रिकालाई ६७ रनले पराजित गर्‍यो । गुयानाको जर्जटाउनमा खेलिएको खेलमा पहिले ब्याटिङ गर्दै बंगलादेशले ५० ओभरमा ८ विकेट गुमाई २ सय ५१ रन बनायो । प्रतिउत्तरमा दक्षिण अफ्रिकाले ४८ दशमलव ४ ओभरमा सबै विकेट गुमाई १ सय ८४ रन मात्र बनाउन सक्यो । यो खेलमा बंगलादेशका मोहम्मद असरफुल म्यान अफ दि म्याच घोषित भए ।

### खेल नम्बर ३५
### अस्ट्रेलियाविरुद्ध इङ्ल्यान्ड

सुपर एटको एघारौं खेल अस्ट्रेलिया र इङ्ल्यान्डबीच खेलियो । यो खेलमा अस्ट्रेलियाले इङ्ल्यान्डलाई ७ विकेटले पराजित गर्‍यो । एन्टिगुवा एन्ड बर्बुडाको सेन्ट पिटर्समा खेलिएको खेलमा पहिले ब्याटिङ गर्दै इङ्ल्यान्डले ४९ दशमलव ५ ओभरमा सबै विकेट गुमाई २ सय ४७ रन बनायो । प्रतिउत्तरमा अस्ट्रेलियाले ४७ दशमलव २ ओभरमा ३ विकेट गुमाई २ सय ४८ रन बनाएर खेल जित्यो । यो खेलमा अस्ट्रेलियाका शेन टेट म्यान अफ दि म्याच घोषित भए । यो जितसँगै अस्ट्रेलियाले सेमिफाइनलमा आफ्नो स्थान सुरक्षित गर्‍यो ।

### खेल नम्बर ३६
### आयरल्यान्डविरुद्ध न्यूजिल्यान्ड

सुपर एटको बाह्रौं खेल आयरल्यान्ड र न्युजिल्यान्डबीच खेलियो । यो खेलमा न्युजिल्यान्डले आयरल्यान्डलाई १ सय २९ रनले पराजित गर्‍यो । गुयानाको जर्जटाउनमा खेलिएको खेलमा पहिले ब्याटिङ गर्दै न्युजिल्यान्डले ५० ओभरमा ८ विकेट गुमाई २ सय ६३ रन बनायो । प्रतिउत्तरमा आयरल्यान्डले ३७ दशमलव ४ ओभरमा सबै विकेट गुमाई १ सय ३४ रन मात्र बनाउन सक्यो । यो खेलमा न्युजिल्यान्डका पिटर फुल्टन म्यान अफ दि म्याच घोषित भए ।

### खेल नम्बर ३७
### वेस्टइन्डिजविरुद्ध दक्षिण अफ्रिका

सुपर एटको तेह्रौं खेल वेस्टइन्डिज र दक्षिण अफ्रिकाबीच खेलियो । यो खेलमा दक्षिण अफ्रिकाले वेस्टइन्डिजलाई ६७ रनले पराजित गर्‍यो । ग्रेनाडाको सेन्टजर्जमा खेलिएको खेलमा पहिले ब्याटिङ गर्दै दक्षिण अफ्रिकाले ५० ओभरमा ४ विकेट गुमाई ३ सय ५६ रन बनायो । प्रतिउत्तरमा वेस्टइन्डिजले ५० ओभरमा ९ विकेट गुमाई २ सय ८९ रन मात्र बनाउन सक्यो । यो खेलमा दक्षिण अफ्रिकाका एबी डे भिलर्स म्यान अफ दि म्याच घोषित भए । यो खेलमा पराजित भएपछि वेस्टइन्डिज विश्वकपबाट बाहिरिएको छ ।

# विश्वकप रोचक प्रसंग

## जिते वाह ! वाह ! हारे जा ! जा !

भारतका क्रिकेट समर्थकहरूको भावना बुझ्निसक्नु छ । भारतीय खेलाडीहरूले कुनै खेल जिते उनीहरू आफैंले जितेको महसुस गर्छन्, हार्‍यो भने आफ्नै प्रतिष्ठा गुमेको मान्छन् । नवौं विश्वकपको पहिलो चरणबाट बाहिरिएपछि अहिले भारतीय दर्शकको व्यवहारले क्रिकेट खेलाडीलाई किन भारतीय भइएछ भन्ने किसिमको अनुभव हुनु अस्वाभाविक होइन । विश्वकपको पहिलो चरणमा बंगलादेश र श्रीलंकासँग हारेर विश्वकपबाट भारत बाहिरिनुलाई अहिले भारतीयले आफ्नो प्रतिष्ठासँग गाँसेका छन् ।

भारतीयहरूको यस्तो मनस्थितिका कारण त्यहाँका क्रिकेट खेलाडीहरू अहिले भूमिगतजस्तै भएका छन् । हारपछि भारतीय क्रिकेट टिमका कप्तान राहुल द्रविड आफ्नो परिवारसहित समुद्री तटमा गएर आराम गरिरहेका छन् भने अरू खेलाडीहरू पनि सार्वजनिक समारोहमा देखा परेका छैनन् । भारतीय क्रिकेट टिमका विकेट किपर एवं ब्याट्सम्यान महेन्द्रसिंह धोनी वेस्टइन्डिजबाट फर्केर राँचीस्थित आफ्नो घर जाँदा स्थानीय बासिन्दाको आक्रोशको तारो बने । त्यसबेला सञ्चारमाध्यमहरूले विश्वकपमा धोनीको फितलो प्रदर्शन पनि भारतको हारका कारण रहेको विश्लेषण गरेका थिए, तर धोनीप्रति राँचीका दर्शकको आक्रोशको खास कारण भने अर्कै रहेछ । प्राप्त समाचारअनुसार कुनै समय भारतीय टिममा रहेर तहल्का मच्चाएबापत धोनीलाई झारखण्ड राज्य सरकारले झारखण्डकै गौरवका रूपमा व्याख्या गरेर उनलाई ५० लाख रुपैयाँ मूल्य बराबरको घडेरी उपलब्ध गराएको थियो । धोनीले उक्त घडेरीमा अहिले आलिसान घर बनाइरहेका छन्, जसमा उनले स्विमिङ पुलसमेत बनाउने योजना बनाएका थिए । ती दर्शकहरूले धोनीको निर्माणाधीन घरमा बनाउन लागिएको स्वीमिङ पुललाई राँचीमा देखिएको पानीको हाहाकारसँग जोडेपछि त्यस्तो आक्रोश पोखिएको रहेछ ।



# विश्व कीर्तिमान २००७

## रन आउट

इङ्ल्यान्डविरुद्धको खेलमा अस्ट्रेलियाका कप्तान रिक्की पोन्टिङ रन आउट भएपछि विश्वकप क्रिकेटमा कुनै पनि टिमको कप्तान सर्वाधिक पटक रन आउट हुने नयाँ कीर्तिमान कायम भएको छ । नवौं विश्वकपमा रन आउट हुने पोन्टिङ आठौं कप्तान थिए । यसअघि सन् १९९२ को पाँचौं विश्वकपमा सात जना कप्तान रन आउट भएका थिए ।




## शतकीय साझेदारी

नवौं विश्वकपअन्तर्गत इङ्ल्यान्डविरुद्धको खेलमा अस्ट्रेलियाका रिक्की पोन्टिङ तथा माइकल क्लार्कले तेस्रो विकेटका लागि गरेको १ सय २२ रनको साझेदारी विश्वकप क्रिकेट इतिहासमा अस्ट्रेलियाका लागि २९ औं शतकीय साझेदारी थियो, जुन आफैंमा एउटा कीर्तिमान हुन पुगेको छ । यस्तो शतकीय साझेदारी गर्ने दोस्रो टिम वेस्टइन्डिज हो । वेस्टइन्डिजले विश्वकप क्रिकेटमा २१ शतकीय साझेदारी गरेको छ ।

## सुपरलिग क्रिकेट उपाधि खुकुरीलाई

बुटवल- रूपन्देही क्रिकेट संघको आयोजनामा भैरहवामा सञ्चालित जिल्लास्तरीय सुपर लिग क्रिकेट प्रतियोगिताको उपाधि लुम्बिनी खुकुरी क्लब बेलहियाले जितेको छ । जिल्लाका १२ टिमले भाग लिएको प्रतियोगिताको फाइनल खेलमा तिरुपति क्लबलाई ५ विकेटले पराजित गर्दै लुम्बिनी खुकुरी च्याम्पियन बनेको हो । टस जितेर ब्याटिङ रोजेको तिरुपतिले निर्धारित ४० ओभरको खेलमध्ये ३९ दशमलव १ ओभरमा सबै विकेट खर्चेर १ सय ३१ रनको योगफल तयार पारेको थियो । प्रतिउत्तरमा खुकुरीले ३५ ओभरमा ५ विकेटको नोक्सानी बेहोर्दै विजय लक्ष्य पार गर्‍यो । प्रतियोगिताको विजेता लुम्बिनीले १० हजार रुपैयाँ र उपविजेता तिरुपतिले ५ हजार रुपैयाँ र ट्रफी हात पारेका छन् । प्रतियोगिताको म्यान अफ द फाइनल लालबहादुर अधिकारी, उत्कृष्ट ब्याट्स्म्यान लुम्बिनीका दीपेन लामगादे, बेष्ट बलर प्रोफेसनल मास्टर्स-११ का सुशानमान श्रेष्ठ र म्यान अफ द सिरिज तिरुपतिका वसन्त रेग्मी घोषित भए ।

# अस्ट्रेलियालाई रोक्न कठिन



रमेश खनाल, खेल मनोविज्ञ

यो विश्वकप क्रिकेट उपाधि जितेर विश्वकपमा ह्याट्रिक गर्ने दाउमा रहेको अस्ट्रेलियालाई रोक्न कठिन छ । उसलाई पराजित गर्नु भनेको फलामको चिउरा चपाउनुसरह नै हो । लगातार जित हात पार्दै गएकाले अस्ट्रेलियन खेलाडीहरूमा खेल जित्ने आत्मविश्वास एकदमै उच्च छ । स्टारहरूलाई विश्राम दिंदा नवौं विश्वकपको पूर्वसन्ध्यामा इङ्ल्यान्ड र न्युजिल्यान्डसँग निरन्तर ५ खेलमा पराजय बेहोरेर आलोचित बनेको अस्ट्रेलियाले यो विश्वकपको प्रारम्भबाटै आफ्नो लय भेट्टाइसकेको छ ।

लगातारको जितले कंगारु टिमलाई मानसिक फाइदा पुर्‍याएको छ । अस्ट्रेलियाविरुद्धको खेल अघि नै प्रतिद्वन्द्वी टिम मानसिक रूपमा पराजित भैसकेका हुन्छन् । उनीहरूको विश्वकप जित्ने सम्भावना ८० प्रतिशत छ । यदि अति आत्मविश्वासले एक म्याचमा अप्रत्याशित हारको सामना गर्नुपरे पुनः जितको लयमा फर्कन अस्ट्रेलियालाई अप्ठेरो पर्नेछ । एकदिवसीय वरियताक्रममा शीर्ष स्थानमा रहेको दक्षिण अफ्रिका, आयोजक वेस्टइन्डिज र श्रीलंकाले अस्ट्रेलियालाई कडा चुनौती दिन सक्छन्, तर पहिलो चरणमै दक्षिण अफ्रिकालाई तथा सुपर एटमा वेस्टइन्डिजलाई ठूलो अन्तरले हराउँदै अस्ट्रेलियाले आफ्नो दबदबा कायमै राखेको छ ।




सुपर एटका अघिल्ला दुवै खेलमा पराजय बेहोरेकाले वेस्टइन्डिज आफ्नै भूमिमा संकटमा परेको छ । सन्तुलित टिम भए पनि दक्षिण अफ्रिकासँगको पहिलो म्याच हारेकाले श्रीलंका मानसिक दबाबमा परेको छ । लगातारको जित र सुदृढ प्रदर्शनले अस्ट्रेलियन खेलाडीहरू यतिसम्म आत्मविश्वासी भैसकेका छन् कि उनीहरू विपक्षीलाई हेपेरै खेलिरहेका हुन्छन् । न्युजिल्यान्ड र इङ्ल्यान्डले पनि आफ्नो खेलमा लगातार सुधार गर्दै आएको छ । दक्षिण अफ्रिका, श्रीलंका, न्युजिल्यान्ड, इङ्ल्यान्ड र वेस्टइन्डिजको सेमीफाइनल पुग्ने सम्भावना ५०/५० प्रतिशत छ । इङ्ल्यान्डले डेढ वर्षयता एकदिवसीय खेलमा निकै सुधार गरेको छ ।

क्रिकेटका बलिया हस्तीहरू भारत र पाकिस्तान पहिलो चरणबाटै घर फर्किएकाले सेमीफाइनल प्रवेश गर्नका निम्ति सुपर एटमा कडा प्रतिस्पर्धाको सम्भावना कमै छ । यी दुई टिमको उपस्थितिले मात्र पनि सुपर एटमा अस्ट्रेलियालाई थोरै भए पनि मानसिक दबाब पर्ने थियो । विपक्षीलाई कमजोर आँक्दै अति आत्मविश्वासमा खेलेकै कारण भारत र पाकिस्तान विश्वकपबाट बाहिरिनुपरेको हो ।

एक बल र एक विकेट रहेसम्म नतिजा निश्चित नहुने भएकाले क्रिकेट चुनौतीपूर्ण खेल मानिन्छ । क्रिकेट खेलाडीमा धैर्यता र समायोजनको अति नै महत्त्व हुन्छ । भाग्यले साथ दिएकाले बंगलादेश र आयरल्यान्डले सुपर एटको यात्रा तय गरेका हुन् । यी दुई टिमको मनोबल यतिबेला उच्च छ, तर सुपर एटमा उथलपुथल ल्याउने सम्भावना भने शून्य नै छ । मनोबल उच्च भएकाले बंगलादेश र आयरल्यान्डले राम्रो खेल प्रदर्शन गर्ने सम्भावना छ ।

कमजोर दुई टिम पनि सुपर एटमा रहेकाले विश्वकप क्रिकेटमा अस्ट्रेलियाका खेलाडीहरू कीर्तिमानको ओइरो बनाउने सपना बुनिरहेका छन् । कप्तान रिक्की पोन्टिङ, म्याथ्यु हेडेन, ग्लेन म्याकग्रा र क्लार्कको प्रदर्शन पनि त्यही स्तरको छ । लगातारको जितले उनीहरू हार्न जानेका छैनन् ।

सुपर एटका अन्य टिमले भने कहिले उत्कृष्ट त कहिले बिर्सनलायक खेल प्रदर्शन गर्दै आएकाले खेलाडीहरू आत्मविश्वासी बन्न सकेका छैनन् । बंगलादेश र आयरल्यान्डले निकालेको अप्रत्याशित नतिजाबाट प्रेरित भै नेपालले क्रिकेटको विकासमा दीर्घकालीन योजना ल्याउँदै लामो फड्को मार्न सक्छ । ग्रास रुट तहबाटै योजनाबद्ध रूपमा विकासको काम गरे नेपालले केही वर्षभित्रै विश्वकप क्रिकेट खेल्नेछ ।

विश्वकपको पहिलो चरणबाटै बाहिरिनुपरेको पीडाले भारत र पाकिस्तानले भविष्यमा हुने क्रिकेट श्रृंखलामा पनि मानसिक दबाब महसुस गर्नेछ । खेलाडीहरू चिन्तित भएकाले उनीहरूको खेलमा असर पुग्नेछ । विश्वकपबाट बाहिरिएसँगै प्रशिक्षक बब उल्मरको हत्याले पाकिस्तानी टिम त्रसित छ । यस्तो अवस्थामा उनीहरूलाई राम्रो खेल प्रदर्शन गर्न लामो समय लाग्न सक्छ । अझ लगातारको पराजयले उनीहरूलाई थप आघात पर्नेछ । राष्ट्रिय एकताको भावना क्रिकेटले बोकेकाले नै पराजित भएपछि मन थाम्न नसकेर पाकिस्तानी र भारतीय क्रिकेटप्रेमीहरू कहिले खेलाडीको घर जलाउन खोज्छन् त कहिले पुत्ला जलाउन पुग्छन् । कहिले एयरपोर्टमै खेलाडी विरुद्ध नारा-जुलुस लगाउँछन् ।

**(राजु घिसिङसँगको कुराकानीमा आधारित)**


साप्ताहिक

## विश्वकप क्रिकेट क्विज

| प्रथम पुरस्कार | द्वितीय पुरस्कार | तृतीय पुरस्कार |
|---|---|---|
| ५ जनालाई १ वर्षसम्म साप्ताहिक | १० जनालाई ६ महिनासम्म साप्ताहिक | २० जनालाई ३ महिनासम्म साप्ताहिक |

१. विश्वकप क्रिकेट प्रतियोगिता सबैभन्दा धेरै पटक जित्ने मुलुक कुन हो ?
.........................................

२. नवौं विश्वकप कतिवटा मुलुकले आयोजना गर्दै छन् ?
.........................................

३. नवौं विश्वकपमा कतिवटा मुलुकले सहभागिता गर्दैछन् ?
.........................................

४. नवौं विश्वकप कुन राष्ट्रले जित्नेछ ?
.........................................

५. नवौं विश्वकपको 'म्यान अफ द टुर्नामेन्ट' को हुनेछन् ?
.........................................

**नियमहरू**

१. एकभन्दा बढी सही उत्तर प्राप्त भएमा गोलाप्रथाद्वारा निर्णय गरिनेछ । कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि.को निर्णय नै अन्तिम हुनेछ ।
२. पुरस्कार कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि.को काठमाडौं सुविधानगरस्थित मुख्य कार्यालय र विराटनगर, पोखरा, भरतपुर र नेपालगन्जस्थित क्षेत्रीय कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।
३. उत्तर २०६४ वैशाख १० गतेसम्म प्राप्त भइसक्नुपर्नेछ ।
४. उत्तर पठाउँदा साप्ताहिकको कटिङ नै पठाउनुपर्ने छ । फोटोकपिलाई मान्यता दिइनेछैन । एक जनाले असीमित उत्तर पठाउन सक्नेछन् ।
५. कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. सँग सम्बद्ध कर्मचारी तथा तिनका परिवारले प्रतियोगितामा सहभागी हुन पाउनेछैनन् ।

**उत्तर पठाउने ठेगाना**
कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., कान्तिपुर, कम्प्लेक्स
पो.ब. नं. ६०१९, तीनकुने, सुविधानगर, काठमाडौं

**सहभागीको नाम :**
**ठेगाना :**
**फोन नम्बर :**



# अलिकति आशा धेरै निराशा

● मुकुन्द बोगटी







काठमाडौं- वि.स. २०५९ माघ १९ पछि विकसित भएका राजनैतिक घटनाक्रम र त्यसले नेपाली खेलकुदमा पुऱ्याएको प्रभावका कारण वर्ष २०६३ नेपाली खेलकुदका लागि खासै सुखद रहेन । राष्ट्रिय खेलकुद परिषद् र त्यसका मातहतमा रहेका खेलकुद संघहरू तीन वर्षभन्दा बढी शाही शासनकालका हर्ताकर्ताहरूको पकडमै रह्यो । जनआन्दोलन-२ को सफलतापछि आएका व्यक्तिहरूले यो वर्ष पुराना गल्तीहरूलाई सुधार गर्दै बिताए । यो वर्ष नेपाली खेलकुदले सफलताका आशा गर्न सकिने खेलकुद प्रतियोगिताहरूमा आफूलाई उपस्थित गरायो तर ती प्रतियोगिताहरूले नेपाली खेलकुदको शिर ठाडो गर्ने अवसर भने दिएनन् । स्वदेशभित्र पनि छिटफुट रूपमा खेलकुद प्रतियोगिताहरू आयोजित भए ।



## १० औं साग र नेपालको सपना

श्रीलंकाको राजधानी कोलम्बोमा सम्पन्न १० औं साग खेलकुद प्रतियोगितामा नेपालले दुई दर्जनजति स्वर्ण पदक जित्ने आशा राखेको थियो तर सोचाइभन्दा निकै कम ९ स्वर्ण, १५ रजत तथा ३१ कांस्यसहित कुल ५५ पदक जितेर नेपालले चौथो स्थानमा चित्त बुझायो ।

१० औं सागमा नेपालले १८ वटा खेलमा आफ्नो सहभागिता जनाएको थियो, जसमध्ये मार्सल आर्टका खेलहरू उसु, तेक्वान्दो, कराँते, जुडोबाहेक बक्सिङ, ब्याडमिन्टन र सुटिङ खेलबाट पदकको आशा राखिएको थियो । नेपालले सागमै पहिलो पटक भारोत्तोलन खेलमा कमलबहादुर अधिकारीमार्फत स्वर्ण पदक पायो । सागमा नेपालले बढी पदकको आशा राखेको तेक्वान्दो खेलबाट निराशा भोग्नुपऱ्यो । तेक्वान्दोमा नेपालका तर्फबाट मनिता शाही र दीपक विष्टले १/१ स्वर्ण पदक जिते । यो सफलताले दीपक विष्टलाई साग खेलकुद प्रतियोगितामा स्वर्ण पदकको ह्याट्रिक गर्ने दोस्रो खेलाडीका रूपमा प्रस्तुत गऱ्यो । तेक्वान्दोकै चर्चा गर्दा १० औं सागमा नेपालले पदकको आशा राखेकी संगीना वैद्यले कास्य पदकमा चित्त बुझाइन् भने पद्मा गुरुङ तथा आयुषा शाक्यले रजत पदक जिते । यस्तै स्वर्ण पदकको आशा गरिएका नारायण मानन्धरले पनि रजत पदकमै चित्त बुझाउनुपऱ्यो ।

त्यसैगरी कराँतेमा पनि नेपालले सोचेअनुसारको सफलता पाउन सकेन । कराँतेमा नेपालले २ स्वर्ण, ३ रजत र ५ कास्य पदक पायो । नेपालका तर्फबाट सुलोचना सिजख्वा र कुशल श्रेष्ठले १/१ स्वर्ण पदक जिते भने अमृता शाक्य, राम लिम्बू र महिला टिम काताले १/१ रजत पदक जिते । नेपालले उसुमा पनि सोचेअनुसारको सफलता पाउन सकेन । उसुमा नेपालका बिना खड्का र राजकुमार रसइलीले १/१ स्वर्ण पदक जिते ।

एथलेटिक्सतर्फ नेपालका धावक राजेन्द्र भण्डारीले पहिलो पटक दोहोरो स्वर्ण सफलता हात पारे । उनले १० औं सागमा ५ हजार र ३ हजार मिटर स्टेपल चेजमा स्वर्ण पदक जितेर नेपालका तर्फबाट पहिलो दोहोरो स्वर्ण पदक जित्ने पहिलो खेलाडी बने, तर पछि उनी डोपिङ परीक्षणमा शक्तिबर्धक औषधी सेवन गरेको प्रमाणित भए । अझै पनि उनको पदक आयोजक समिति तथा ओलम्पिक कमिटीले खोसेका छैनन् भने उनलाई अन्तर्राष्ट्रिय खेलकुदमा सहभागिता गर्नबाट कुनै प्रतिबन्ध पनि लगाइएको छैन ।

## एसियाली खेलकुद

साग खेलकुद लगत्तै कतारको



राजधानी दोहामा सम्पन्न १५ औं एसियाली खेलकुद प्रतियोगितामा नेपालले पनि भाग लियो ।

१३ औं एसियाडमा नेपालले पाएको रजत पदकको सफलतालाई बढाउने नै मुख्य चुनौती थियो । एसियाडमा नेपालले १४ वटा खेलमा सहभागिता गरेको थियो भने १३ खेलमा नेपाल रित्तो हात फर्कियो । एसियाडमा नेपालका तर्फबाट तेक्वान्दोमा दीपक विष्ट, मनिता शाही तथा आयशा शाक्यले १/१ कांस्य पदक दिलाए । नेपालले सहभागिता गरेका कराँते, उसु, जुडो, बक्सिङ, भारोत्तोलन, कुस्ती, गल्फ, चेस, सफ्टटेनिस, सुटिङ, ब्याडमिन्टन, बडी बिल्डिङ तथा एथलेटिक्सजस्ता खेलमा कुनै पदक पाउन सकेन । एसियाका ४५ राष्ट्रले सहभागिता गरेको उक्त प्रतियोगितामा नेपालले ३ कांस्य पदक जितेर कुल पदक तालिकामा आफूलाई ३५ औं स्थानमा उभ्यायो ।

## भिजन २०२०

यो वर्षको उत्तरार्धमा आएर राष्ट्रिय खेलकुद परिषद्ले पहिलो पटक एउटा योजना 'भिजन २०२०' अघि साऱ्यो । राष्ट्रिय खेलकुद परिषद्को सदस्यसचिव जीवनराम श्रेष्ठले प्रस्तुत गरेको 'भिजन २०२०' को मुख्य लक्ष्य नै सन् २०२० मा आयोजना हुने ओलम्पिक प्रतियोगितामा नेपालले स्वर्ण पदक जिताउनु हो । यस बाहेक सन् २०१२ सम्ममा नेपालले दक्षिण एसियाली खेलकुद प्रतियोगितामा आफूलाई तेस्रो स्थानमा पुऱ्याउने र उक्त स्थानलाई निरन्तरता दिने लक्ष्य भिजन २००० ले लिएको छ । 'भिजन २०२०' ले एसियाली खेलकुद प्रतियोगितामा नेपालले आफुलाई २५ औं स्थानमा पुऱ्याउने उद्देश्य पनि लिएको छ । यो योजनाअन्तर्गत सन् २०१४ सम्ममा नेपालका ६० प्रतिशत विद्यालयलाई खेलकुदमा सहभागी गराउनुका साथै प्रत्येक वडा तथा गाविसमा खेलकुदको विकास गर्न एउटा खेलकुदको क्लब गठन गरिने बताइएको छ ।

## फुटबलमा पैसाको वर्षा

नेपाली फुटबलले यो वर्ष अन्तर्राष्ट्रिय प्रतियोगितामा कुनै उल्लेखनीय सफलता हात पार्न सकेन, तर पनि यो वर्ष नेपाली फुटबल लिग फुटबल, साग खेलकुदमा नेपालले भोगेको पराजय तथा केही स्थानीय फुटबल प्रतियोगिताहरूका कारण चर्चामा रह्यो ।

गत वर्षदेखि सञ्चालनमा आएको दोहोरो लिग फुटबल प्रतियोगिताले यो वर्ष पनि निरन्तरता पायो । करिब ६ महिनासम्म चलेको उक्त प्रतियोगिता महेन्द्र पुलिस क्लबले पहिलो पटक जित्यो । लिग विजेताको होडमा रहेको त्रिभुवन आर्मी क्लबले दोस्रो स्थानमा चित्त बुझाउनुपऱ्यो । उक्त प्रतियोगिताको समाप्तिमा महेन्द्र पुलिस क्लब एवं राष्ट्रिय फुटबल टिमका कप्तान हरि खड्कालाई २८ लाख मूल्य पर्ने कार प्रदान गरियो । उक्त प्रतियोगितामा न्यूरोड टिमका सुरेन्द्र श्रेष्ठ (उत्कृष्ट गोलकिपर), नविल थ्रिस्टारका अञ्जन के.सी. (उत्कृष्ट रक्षक), त्रिभुवन आर्मीका राजु तामाङ (उत्कृष्ट मध्यपंक्ति), विकर्ण श्रेष्ठ (उत्कृष्ट अग्रपंक्ति) र मनाङ-मर्स्याङ्दीका अनिल गुरुङले (सर्वाधिक गोलकर्ता) को पुरस्कार स्वरुप १-१ वटा मोटरसाइकल पाए ।

राजधानी काठमाडौंबाहिर आयोजना हुने धरानको बूढासुब्बा गोल्डकप र पोखराको साहारा कपले यो वर्ष पनि निरन्तरता पायो । ती दुवै प्रतिष्ठित प्रतियोगिता राजधानीको नविल थ्रिस्टारले जित्यो । नेपाली फुटबलको क्षेत्रले यो वर्ष दुई ठूला अन्तर्राष्ट्रिय प्रतियोगितामा आफूलाई सहभागी गरायो । १७ वर्षमुनिका युवाहरू सम्मिलित सिंगापुरमा सम्पन्न १७ वर्षमुनिको एएफसी च्याम्पियनसिपमा नमीठो पराजय भोगे । जापान, दक्षिण कोरिया र सिंगापुर रहेको उक्त समूहमा नेपाल तीनवटै राष्ट्रसँग पराजित भएको थियो । यसैगरी यो वर्ष राष्ट्रिय फुटबल टिमले १० औं साग खेलकुद प्रतियोगितामा सहभागिता गऱ्यो । दक्षिण एसियाली क्षेत्रमा सधैं स्वर्ण पदकको आशा राख्ने नेपालले यसपटक भने कांस्य पदकमा चित्त बुझाउनुपरेको थियो ।

## थरीथरीका म्याराथन

कुनै समय लामो दूरीको दौडका लागि दक्षिण एसियामा ख्याति कमाएको नेपालमा यो वर्ष लामो दूरीका विभिन्न दौड प्रतियोगिता सम्पन्न भए । विश्वकै सर्वाधिक उचाइ सगरमाथा आधार क्षेत्रमा भएको तेन्जिङ हिलारी एभरेस्ट म्याराथनमा नेपालका दीपक राईले पहिलो स्थान हासिल गरे । यसैगरी यही वर्षदेखि अन्नपूर्ण हिमालको वरिपरि अन्नपूर्ण सर्किट दौड प्रतियोगिता सम्पन्न भयो । पहिलो पटक आयोजना गरिएको उक्त प्रतियोगितामा दौडका साथै साइकल रेसलाई पनि सहभागी गरिएको थियो । उक्त दौडमा कुनै समय एभरेस्ट म्याराथनमा कीर्तिमान कायम गरेर संन्यास लिएर हरिबहादुर रोकायाले पहिलो स्थान हासिल गरे । राष्ट्रिय वाणिज्य बैंकले आयोजना गर्दै आएको काठमाडौं हाफ म्याराथनमा महिलातर्फ कान्छीमाया कोजू तथा पुरुषतर्फ अर्जुनकुमार बस्नेतले पहिलो स्थान हात पारे ।

यसै वर्षदेखि निजी क्षेत्रको नेपाल इन्भेस्टमेन्ट बैंकले प्राचीन स्मारक संरक्षण गर्ने उद्देश्यले बृहत् म्याराथन प्रतियोगिता पहिलो पटक आयोजना गऱ्यो । विभिन्न विधामा आयोजना गरिएको उक्त म्याराथनमा साग रजत पदक विजेता कान्छीमाया कोजूले महिला तर्फ र अर्जुनप्रसाद ढकालले पुरुष स्पर्धामा पहिलो स्थान हासिल गरे ।

## सफलतातर्फ उन्मुख क्रिकेट

दक्षिण एसियामा बढेको क्रिकेटको क्रेजले नेपाली क्रिकेटलाई पनि यो वर्ष निकै व्यस्त बनायो । यो वर्ष नेपाली क्रिकेटले करिब आधा दर्जन अन्तर्राष्ट्रिय प्रतियोगितामा आफ्नो सहभागिता जनायो । स्थापनाकालदेखि नेपाल क्रिकेट संघको अध्यक्ष रहँदै आएका जयकुमारनाथ शाह ४१ वर्षपछि क्रिकेट संघको अध्यक्षवाट बाहिरिए ।

शाहको बहिर्गमनपछि विनय पाण्डे अध्यक्षका रूपमा देखा परे । पाण्डेले कार्यभार सम्हालेलगत्तै नेपाली क्रिकेटको स्तर विकासका लागि २० करोड रुपैयाँको प्रायोजक ५ वर्षका लागि अनुबन्ध गरे । यो उनको कार्यकालको सबैभन्दा उपलब्धि मानिएको छ । नयाँ कार्यसमितिले अब राष्ट्रिय स्तरको क्रिकेट प्रतियोगिता दुई चरणमा राजधानी र बाहिरी जिल्लामा आयोजना गर्ने योजना अघि सारेको छ । विभिन्न कम्पनीहरू सहभागी भएको यो प्याकेज प्रायोजनमा नेपाली क्रिकेटको विकासमा ठूलो लगानी हुने अपेक्षा गरिएको छ ।

नेपाली महिला क्रिकेट खेलाडीहरूले पनि यो वर्ष अन्तर्राष्ट्रिय क्षेत्रको ध्यान आकृष्ट गरे । अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिलले नेपालको सुदूर पश्चिमाञ्चलको महिला क्रिकेटलाई पुरस्कृत गऱ्यो । उक्त पुरस्कारअन्तर्गत आईसीसीले २ हजार अमेरिकी डलरका साथै खेलसामग्रीहरू हस्तान्तरण गरेको थियो । यो वर्ष नेपाली क्रिकेट खेलाडीहरूले अन्तर्राष्ट्रिय प्रतियोगितामा पनि सफलता प्राप्त गरे । एसियन क्रिकेट काउन्सिलले आयोजना गरेको १५ वर्ष मुनिको एलाइट कप क्रिकेट प्रतियोगितामा नेपाली युवा क्रिकेटरले संयुक्त अरब इमिरेट्सका खेलाडीहरूलाई पराजित गरेर उपाधि हात पारे ।

एसीसी प्रिमियर लिग तीन दिवसीय क्रिकेट प्रतियोगितामा नेपालले युएईलाई पछि पार्दै पहिलो स्थान हात पाऱ्यो । सिंगापुर र मलेसियाविरुद्धको खेलमा युएईले राम्रो अंक हात पार्न नसकेपछि नेपाल ९५ दशमलव ५ अंकका साथ पहिलो भएको थियो । यो वर्ष नेपालमा पहिलो पटक नेत्रहीन क्रिकेटले पनि आफ्नो अस्तित्व देखायो । नेत्रहीन क्रिकेट संघले प्रथम राष्ट्रिय नेत्रहीन क्रिकेट प्रतियोगिता सम्पन्न गऱ्यो । प्रतियोगिताको फाइनलमा कीर्तिपुर नेत्रहीन क्रिकेट क्लबले सानोठिमी नेत्रहीन क्रिकेट क्लबलाई ८८ रनले पराजित गरेर उपाधि हात पारेको थियो ।

## वर्षका नायक दीपक विष्ट



सदावहार तेक्वान्दो खेलाडी दीपक विष्टका लागि वि.सं. २०६३ सफल वर्षका रूपमा रह्यो । कुनै पनि खेलाडीमा हुने पदकको चाहनाअनुसारको सफलता उनले हात पार्न सकेनन्, तर उनी यो वर्ष कुनै पनि अन्तर्राष्ट्रिय प्रतियोगिताबाट रित्तो हात पनि फर्किएनन् ।

वि.सं. २०५२ सालदेखि तेक्वान्दोमा प्रवेश गरेका विष्टले दसौं दक्षिण एसियाली खेलकुद प्रतियोगितामा स्वर्ण पदक जिते । यो सफलताले उनलाई साग खेलकुद प्रतियोगितामा लगातार तीन स्वर्ण पदक जित्ने दोस्रो नेपाली खेलाडीका रूपमा प्रतिस्थापित समेत गरायो । यसअघि यस्तो सफलता नेपालमा म्याराथन धावक वैकुण्ठ मानन्धरले प्राप्त गरेका थिए । यही वर्ष कतारको राजधानी दोहामा सम्पन्न १५ औं एसियाली खेलकुद प्रतियोगितामा पनि दीपक विष्टले कांस्य पदक जिते ।

## खलनायक राजेन्द्र भण्डारी



यो वर्ष नेपाली खेलकुदले नसोचेको समाचार सुन्नुपऱ्यो । १० औं साग खेलकुद प्रतियोगितामा सहभागी भएका सेनाका धावक राजेन्द्र भण्डारीले ५ हजार मिटर तथा ३ हजार मिटर स्टेपल चेजमा दोहोरो स्वर्ण पदक हात पारे । उनले पाकिस्तानमा सम्पन्न नवौं साग खेलकुद प्रतियोगितामा पनि यसै विधामा दोहोरो रजत पदक हात पारेका थिए, तर १० औं सागमा उनले पाएको दोहोरो स्वर्ण पदक नेपाली खेलकुद इतिहासमै कुनै एक खेलाडीले पाएको पहिलो सफलता थियो ।

उक्त सफलतासँगै चर्चाको शिखरमा पुगेका भण्डारीको खेलकुद क्यारियर एकै पटक चकनाचुर भयो, जब उनले यो सफलता पाउन शक्तिबर्धक औषधी सेवन गरेको प्रमाणित भयो । उनले यो घटनामा आफू निर्दोष रहेको जनाए भने उनको भनाइलाई पुष्टि गर्न राष्ट्रिय खेलकुद परिषद्ले दोस्रो पटकको परीक्षणमा भण्डारी स्वयंलाई विदेश पठायो, तर उनी त्यसमा पनि दोषी देखिए । अन्ततः उनले आफूलाई जर्मन प्रशिक्षकले औषधी ख्वाउने गरेको बताए । उनको उक्त कार्यले नेपाली खेलकुद पहिलो पटक अन्तर्राष्ट्रिय प्रतियोगितामा नाङ्गियो ।



# खेलकुद क्षेत्रका विवादहरू

जनआन्दोलन-२ पछि मुलुकका अन्य क्षेत्रमा झैं खेलकुदमा पनि लोकतान्त्रिक परिवेशको संकेत सुरु हुने आशा गरिएको थियो, तर त्यसो हुन सकेन। २०६३ सालमा नेपाली खेलकुदमा थुप्रै विवाद देखिए। सागका दुई स्वर्ण पदक विजेता राजेन्द्र भण्डारीको डोपिङ प्रकरण होस् वा खेल संघहरूको निर्वाचन विवाद अनि राजनैतिक मूलधारमा आएको नेकपा माओवादीको खेलकुदमा प्रवेश सबैले खेलकुदमा गलत संस्कारलाई निरन्तरता दिए।

भदौमा श्रीलंकामा सम्पन्न १० औं सागमा एथलेटिक्सतर्फ दोहोरो स्वर्ण पदक जितेर राजेन्द्र भण्डारी राष्ट्रिय नायक नै बनेका थिए, तर उनको त्यो उपलब्धिलाई डोपिङ प्रकरणले छायाँमा पार्‍यो। शक्तिवर्द्धक औषधी सेवनका कारण उनी विवादमा फसे। राष्ट्रिय खेलकुद परिषद्द्वारा गठित छानबिन समितिले उनले शक्तिवर्द्धक औषधी प्रयोग गरेको पुष्टि गर्‍यो। त्यसका लागि जर्मन प्रोजेक्टका प्रमुख गुन्टर लाङ्गे तथा प्रशिक्षक सुशील नरसिंह राणा र नारायण प्रधानलाई दोषी ठहर्‍याइयो। उनीहरूले राजेन्द्रलाई शक्तिवर्द्धक औषधी ख्वाएको छानबिन समितिको ठहर थियो। यो विवादपछि एथलेटिक्सको विकास गर्न स्थापना भएको जर्मन प्रोजेक्टको जिम्मेवारी पाएका गुन्टर लाङ्गे स्वदेश फर्किए।

अर्कोतिर राष्ट्रिय खेलकुद परिषद् पनि विवादमा तानियो। जनआन्दोलन-२ पछि गठित सरकारले जीवनराम श्रेष्ठलाई परिषद्को सदस्यसचिवमा नियुक्त गर्‍यो। परिषद्मा जीवनरामको आगमन पनि विवादमुक्त हुन सकेन। लोकतान्त्रिक परिवेशमा पुराना संस्कार तथा गलत रवैया हटाउने जिम्मेवारी पाएका जीवनरामको नेतृत्वका निर्णयहरू खेलकुदमा आफ्नो प्रभाव जमाएर बसेका कसैलाई रुचिकर हुने कुरै भएन, त्यसो त परिषद्का निर्णय र क्रियाकलाप आफैंमा पनि विवादको जड बन्न पुग्यो। परिषद्ले खेलकुदमा लोकतान्त्रिक परिवेशको सुरुवात गर्ने भन्दै १५ खेल संघले नयाँ विधान निर्माण गरी निर्वाचन गर्नुपर्ने निर्णय गरेपछि विवादको श्रृङ्खला सुरु भयो।

राजाको शासनमा भएका सबै निर्वाचन खारेज गर्ने निर्णयको पालना गराउन परिषद्ले आफू मातहतका संघलाई तदर्थ समितिमा झारेपछि उक्त विवाद सुरु भएको थियो। परिषद्को यो निर्णयले सबैभन्दा बढी तनाव फुटबलमा भयो, अखिल नेपाल फुटबल संघले परिषद्को निर्णय कुनै हालतमा नमान्ने अडान लियो। राजनैतिक हस्तक्षेप भएमा अन्तर्राष्ट्रिय फुटबल महासंघ फिफाले प्रतिबन्ध लगाउने स्थिति आउने भन्दै एन्फा तदर्थवाद मान्न तयार भएन।

सदस्यसचिव श्रेष्ठ र एन्फा अध्यक्ष गणेश थापाबीच वाकयुद्ध नै चल्यो। फुटबल खेलाडीहरू परिषद् घेराउ गर्न पुगे। सहिद स्मारक लिग चलिरहँदाको यो विवादबाट केही साता मैदानभित्रको खेल पनि ओझेलमा पर्‍यो। तदर्थवादमा रहेर लिग चलाउन आफ्नो आत्मसम्मानले नदिने भन्दै लिग स्थगित हुनेसम्मको प्रचार एन्फाले गर्नुपर्‍यो, धन्न त्यसोचाहिँ हुन पाएन। व्यवसायिकतातर्फ लागेको नेपाली फुटबलको मेरुदण्ड सहिद स्मारक लिग सुचारु नै भयो।

परिषद्ले १५ संघलाई नयाँ निर्वाचन गर्न भने पनि अहिलेसम्म कसैले नयाँ विधान बनाएको समेत जानकारीमा आएको छैन, आफैले गरेको निर्णय पालना गराउन नसक्ने परिषद्को निर्णयले उल्टै उसलाई अलोकप्रिय बनायो अनि विवादमा तान्यो।

यसबीच नेपाली खेलकुदमा अर्को शक्तिको जन्म भयो। माओवादी निकट रहेको गणतान्त्रिक खेलकुद संगठनलाई यसै वर्ष अस्तित्वमा ल्याइयो। गणतान्त्रिक खेलकुद संगठनको गठनसँगै खेलकुदमा ठूलो विवाद देखापरेको छ। उक्त संगठनले यसै वर्ष परिषद्का निर्णय एवं कामकारबाहीको विरोधमा पटक-पटक परिषद्को गेटमा तालाबन्दी गर्‍यो। गणतान्त्रिक खेलकुद संगठनले रङ्गशालामा खेलकुद महोत्सव गरेर आफ्नो उपस्थिति राजनैतिक मात्र नभै खेलकुदका लागि पनि हो भन्ने देखाउने प्रयास गर्‍यो।

विवादले ओलम्पिक कमिटीलाई पनि तान्यो। कोठे निर्वाचन गर्ने आरोप लाग्दै आएको ओलम्पिक कमिटीले यस पटक पारदर्शी निर्वाचन त गर्‍यो, तर निर्वाचनका समय ठूलै विवाद देखियो। नेपाल सुटिङ संघको अध्यक्षमा ओलम्पिक कमिटीले पुष्पदास प्रधानलाई मान्यता दिएपछि उक्त विवाद सुरु भएको थियो। किशोरबहादुर कार्कीले आफू सुटिङ संघको अध्यक्ष भएको अडान राखी अदालतमा मुद्दा दायर गरे, पुनरावेदन अदालत पाटनले ओलम्पिक कमिटीलाई निर्वाचन रोक्न आदेश जारी गर्‍यो, तर अदालतको आदेशविपरीत ओलम्पिक कमिटीको निर्वाचन भैछाड्यो।



अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी र एसियाली ओलम्पिक कमिटीको पर्यवेक्षणमा निर्वाचन सम्पन्न भयो जसमा सुटिङ संघको प्रतिनिधित्व नगराई निर्वाचन गराइएको थियो। त्यसपछि कार्कीले ओलम्पिक कमिटीको निर्वाचनविरुद्ध कानुनी लडाइँलाई निरन्तरता दिने बताउँदै पुनरावेदन अदालतमा रिट दायर गरेका छन्।

अर्को विवाद फुटबल संघमा छ, त्यो विवाद हो- बी डिभिजन लिगको। बी डिभिजनका ७ क्लबले एन्फा अध्यक्ष गणेश थापाको विरोधमा लिग बहिष्कारको घोषणा गरे। थापाले तानाशाही र अपारदर्शी ढंगमा एन्फा चलाएको आरोपमा ती क्लबहरूले लिग बहिष्कार गरेका हुन्। चैतको दोस्रो साता हुने भनिएको बी डिभिजन लिगका सम्बन्धमा एन्फाले अहिलेसम्म केही बताएको छैन। यी र यस्ता साना ठूला विवादले नेपाली खेलकुदलाई २०६३ सालभरि नै प्रभावित तुल्याइरहे।

**–अनिल बोगटी**

# मनाङ-मर्स्याङ्दीलाई इटहरी गोल्डकप




इटहरी- सुनसरीको इटहरीमा सम्पन्न सानमिगेल इटहरी गोल्डकप फुटबल प्रतियोगिताको उपाधि मनाङ-मर्स्याङ्दी क्लब, काठमाडौंले जितेको छ। गत शनिबार सम्पन्न फाइनलमा ललितपुरको फ्रेन्ड्स क्लबलाई अतिरिक्त समयमा १ का विरुद्ध २ गोलले पराजित गर्दै उसले यो वर्षलाई उपाधिसँगै बिदाइ गरेको छ।


निर्धारित ९० मिनेटको खेल १-१ गोलको बराबरीमा टुङ्गिएकाले खेलको छिनोफानो गर्न १४ मिनेट अतिरिक्त समय थपेको थियो। अतिरिक्त समयको पहिलो मिनेटमै मनाङ-मर्स्याङ्दीका स्ट्राइकर अनिल गुरुङले खेलको निर्णायक गोल गरेका थिए। रिबाउन्ड बललाई जाली चुमाउँदै अनिलले निर्णायक गोल गरेका थिए। निर्धारित समयको ३६ औं मिनेटमा प्राप्त पेनाल्टीमा ऋषि राईले गोल गर्दै मनाङ-मर्स्याङ्दीलाई १-० को अग्रता दिलाएका थिए। फ्रेन्ड्सका जीवन सिन्केमानले ५३ औं मिनेटमा गोल गर्दै खेल १-१ को बराबरीमा पुर्‍याएका थिए।

गोल्डकप विजेता मनाङ-मर्स्याङ्दीले ५० हजार रुपैयाँ तथा ट्रफी हात पार्‍यो भने फ्रेन्ड्स क्लबले २५ हजार रुपैयाँ तथा उपविजेता ट्रफीमै चित्त बुझायो। फाइनलको म्यान अफ द म्याच अनिल गुरुङले २ हजार रुपैयाँ हात पारे। मनाङ-मर्स्याङ्दीकै डिफेन्स सन्दीप राईको म्यान अफ द सिरिजबापत १० हजार रुपैयाँ प्राप्त गरे।

गोल्डकपमा नेपाल र भारतका १० टिमले प्रतिस्पर्धा गरेका थिए। पहिलो खेलमै झापा-११ सँग पराजित भएपछि आहा गोल्डकप तथा बूढासुब्बा गोल्डकप च्याम्पियन नबिल थ्रीस्टारले उपाधि यात्रामा ह्याट्रिक गर्ने मौका चुकाएको थियो। मोरङ-११ पनि पहिलो चरणबाटै बाहिरियो। इस्टर्न एन्फा च्याम्पियन्स लिग विजेता ध्रुवतारा स्पोर्टिङ क्लब दमक, युनाइटेड कर्स्याङ फुटबल क्लब भारत, हिमाल श्री कालिङपोङ भारत र झापा-११ क्वार्टरफाइनभन्दा माथि उक्लन सकेनन्।

मनाङ-मर्स्याङदीले सेमीफाइनलमा अफ्रिकन युनाइटेड-लाई १ का विरुद्ध २ गोलले पन्छायो। अर्को सेमीफाइनलमा फ्रेन्ड्सले आयोजक राष्ट्रिय जागृति क्लबको चुनौती १ का विरुद्ध ३ गोलले समाप्त पार्‍यो। प्रतियोगिता अवधिभरि ९ खेलमा कुल ३ दशमलव ८८ को औसतमा ३५ गोल भएको थियो। गोल्डकपमा एक मात्र ह्याट्रिक राष्ट्रिय जागृतिका मिडफिल्डर अनन्त थापाले हिमालश्रीविरुद्ध गरे।

**– राजु घिसिङ**





# कान्तिपुर गाथा

किशोर नेपाल

नयाँ वर्ष २०६४ को शुभ उपलक्ष्यमा सबभन्दा पहिले ती सबै कान्तिपुरवासीलाई गाथाकारको हार्दिक शुभकामना, जो एकै वर्षमा दुई-दुई पटक नयाँ वर्षको मजा र मस्तीको अवसर लुट्छन् । त्यसो त यहाँ लुट्ने र लुटिने कुरा धेरै छन्, तर नयाँ वर्षका अवसरमा त्यस्ता कुरा सम्झिएर समय खेर फाल्नुभन्दा रजिना र कालीबहादुरले नयाँ वर्ष कसरी मनाउलान् ? त्यसको परिकल्पना गर्नु आवश्यक होला ।

सबैभन्दा पहिले रजिना । हिजो मात्र उसको भाइ रेसम एडमिसन कार्ड बोकेर यूएस हिंड्यो । उसलाई ड्याडले बीस हजार डलरको भीसा कार्ड दिए पनि ऊ ठुस्किन छोडेन । मामुले लुकाएर नगद दस हजार डलर थपिदिएपछि ऊ दंग पर्‍यो । रजिनाको विचारमा यो पैसा सिध्याउन उसको भाइलाई तीन महिना पनि लाग्नेछैन । यो पैसामध्ये पाँच हजार कलेजको खातामा जानेछ । बाँकी गर्लफ्रेन्ड्स र बियर बारमा सकिनेछ । त्यसपछि ऊ मामुसँग लङ डिस्ट्यान्स कलमा रुनेछ । मायालु पारामा मामुको आवाज निस्किनेछ– बाबु तिमी दुब्लायौ होला ! के खाएका छौ ? कसरी कोसँग बसेका छौ ?

यसपटक नयाँ वर्ष घरमै मनाउने विचार गरेकी छ रजिनाले । मामुले नयाँ वर्षमा डोनर्सहरूलाई बोलाउनुभएको छ बच्चाहरूको उन्नतिका लागि डोनेसन जम्मा गर्न । बालविकासको क्षेत्रमा मामुको योगदान ठूलो छ । रजिनालाई थाहा छ, पार्टीमा वाइनको खोलो बग्छ । रेड वाइनको रंग चढेपछि मामु र उहाँका विदेशी साथीहरूलाई रेड लेबल चाहिन्छ । उता ड्याडी पनि मामुका महिला मित्रहरूको स्वागत र मनोरञ्जनमा खट्नुहुन्छ । आधा रातसम्म चल्छ वाइल्ड पार्टी ।

कालीबहादुरका लागि यति धेरै सुकिला मानिसहरू एकै पटक देख्न पाएको यो दोस्रो पटक हुनेछ । उसलाई नयाँ वर्ष भन्ने थाहा पनि छैन । उसले रजिनाबाट थाहा पाइसकेको छ यसपटक उसले अस्तिको भन्दा बढी भाँडा माझ्नुपर्नेछ । रजिनाले उसलाई भनेकी छ– तैंले यसपटक राम्रोसँग फुर्तीसाथ काम गरिस् भने म मामुलाई भनेर स्कुल भर्ना गराइदिन्छु । कालीबहादुरलाई रजिनाको कुरामा विश्वास छ, किनभने यो घरमा उसले सबैभन्दा बढी समय देख्ने मानिस रजिना नै हो । एक त ऊ मालिक-मालिक्नीको अनुहार हेर्नै सक्दैन । त्यसमा पनि बिहान हेरे बेलुका बिर्सिन्छ, बेलुका हेरे बिहान बिर्सिन्छ ।

रजिनालाई सम्झना छ, मामु पहिले-पहिले नयाँ वर्षको उपलक्ष्यमा बाहिर रेस्टुराँमै पार्टी गर्नुहुन्थ्यो, तर तीन वर्षदेखि पार्टी घरैमा हुन थालेको छ । पार्टीको दिन बिहानैदेखि रजिनाका फुपू र सानिमाहरू खानेकुराको तयारीका लागि आउँछन् र पार्टी सुरु हुनुभन्दा एक घण्टाअघि नै फर्किन्छन् । सर्भिसिङका लागि मामुको अफिसको क्यान्टिनका वेटरहरू आउँछन् । पार्टी आधा रातमा क्लाइमेक्समा पुग्छ र तीन बजेतिर सकिन्छ ।

कान्तिपुरका सम्भ्रान्त र नव-सम्भ्रान्तहरूको टोल-टोलमा हुने यस्ता शुभकामना पार्टीहरूभन्दा अलग शुभकामनाका अलग र मौलिक शैलीहरू पनि जीवित छन् । बिहानको सूर्यसँगै सम्पूर्ण नेपालीमा हामी हार्दिक अभिवादन गर्दछौं । शुभ होस् नयाँ वर्ष, शान्ति र समृद्धिले नेपालीको घर-आँगन कहिल्यै नछोडून् । शुभ होस् र सत्यको जय होस् !

# रोशनले नचाए इलामेलीलाई

जति-जति साँझ पर्न लाग्यो, उतिउति जुरुक-जुरुक उचालिँदै थिए दर्शक । जति-जति कार्यक्रम टुङ्ग्याउने क्रममा पुग्थ्यो, उति-उति वान्स मोरको आग्रह बढ्दै थियो । गत साता युवापुस्ताका लोकप्रिय एवं चर्चित गायक रोशन गुरुङले ख्यातिप्राप्त स्वदेशी बाँसुरीवादक बलराम समाललगायत दर्जनौं दार्जीलिङे वाद्यवादकको माझबाट गीत गाउँदा इलाम क्याम्पस परिसर दिनभर संगीतमय बन्यो ।

कुनै समयमा यही सांस्कृतिक मञ्चबाट गायन प्रतियोगितामा प्रथम स्थान हासिल गरेर उत्साहित भएका गायक रोशनले कति वर्षपछि पुनः यहीं आएर एक्कल प्रस्तुतिका साथ नातागोता, इष्टमित्र, साथीसँगी, गुरुजनदेखि लिएर ५ हजारभन्दा बढी दर्शकलाई मुग्ध पारे । खुला सत्रमा कवि तथा गीतकार दिनेश अधिकारी, इलामका प्रमुख जिल्ला अधिकारी एवं गीतकार लेखनाथ पोखरेल, गीतकार जीपी ढुङ्गेल, गायक कोमल निरौला, राष्ट्रिय धावक रत्न तुलाधर आदि वरिष्ठ व्यक्तित्वहरूको सम्मानपछि आरम्भ भएको उक्त कार्यक्रम अत्यन्त सफल रह्यो ।

कार्यक्रममा थप आकर्षण थियो– युनिभर्सल डान्स सेन्टर, इलाम र किराँत राई विद्यार्थी संघले प्रस्तुत गरेको राष्ट्रिय तथा सांस्कृतिक नृत्य । इलामको नयाँबजारमा निर्माणाधीन निङ्मा पाल्युङ छ्याङ्छालिङ गुम्बाका लागि सहयोग एवं आशिष राई स्मृति पत्रकारिता पुरस्कारको कोषवृद्धि गर्न सघाउ पुर्‍याउने उद्देश्यले पत्रकार महासंघ, इलाम तथा तमु विद्यार्थी छोंजधीको संयुक्त आयोजनामा उक्त कार्यक्रम सम्पन्न गरिएको थियो ।

**– सोमनाथ सुनुवार**

# स्वागत नयाँ वर्षको

पोखरा– नयाँ वर्ष नयाँ उमंग । नववर्ष आगमनको अघिल्लो दिनदेखि नै कामना र शुभेच्छाहरू एक-आपसमा बाँडिन थाल्छन्, एक-अर्कामा दीर्घायु एवं प्रगतिको शुभकामना साटासाट हुन्छन् । यतिबेला २०६३ लाई बिदाइ गर्दै २०६४ को स्वागत गरिँदैछ । इन्टरनेट, च्याटिङ र मोबाइल फोनमा न्यू इयरको शुभकामना आदानप्रदान गर्न सबै व्यस्त छन् । अहिले सबैतिर हरेकको मुखबाट निस्किहाल्छ- 'नयाँ वर्षको मंगलमय शुभकामना ।' न्यू इयर केवल शुभेच्छा आदानप्रदानमा मात्र सीमित रहँदैन । हरेकले एउटा-एउटा नयाँ योजना बनाएकै हुन्छन् । कुनै राम्रो कामको सुरुवात होस् कि कुनै नराम्रो बानी छुटाउने त्यो प्रतिज्ञा हुन्छ नयाँ वर्षदेखि ।

न्यू इयरकै स्वागतार्थ अघिल्लो रात सहरका प्रत्येक होटल, रेस्टुराँ, डिस्को थेक, दोहोरी र गजल रेस्टुराँमा चमकदमक नै बेग्लै हुन्छ । मनोरञ्जनमा लिप्त हुनेहरू रातभर मस्त हुन्छन् । न्यू इयर मनाउने शैली सबैको आ-आफ्नै छ । कोही नयाँ ठाउँ घुम्न जान्छन्, डिस्कोमा रमाउँछन्, पिकनिक जाने, पार्टीमा सहभागी हुने र होटल-रेस्टुराँमा सपरिवार भेला भएर नयाँ स्वाद लिँदै नयाँ वर्ष मनाउनेहरू पनि प्रशस्तै हुन्छन् । अहिले गत वर्षजस्तो अशान्त छैन । त्यही भएर नयाँ वर्षका लागि होटल-लजहरूमा धमाधम कार्यक्रमहरू आयोजनाका लागि अग्रिम बुकिङ भैरहेका छन् । होटलहरूले पनि नयाँ वर्षका लागि भनेर विशेष कार्यक्रम आयोजना गर्ने गरेका छन् ।



पोखराकै दीपस्थित एप्पल क्याफे नववर्षको कार्यक्रमका लागि बुकिङ भैसकेको छ । क्याफेका सञ्चालक करुण तुलाचनका अनुसार नयाँ वर्षकै दिन यहाँ न्यू इयर डिजे धमाका तथा फेसन सो हुँदैछ । पोखराका प्रत्येक डिस्कोथेकदेखि गजल र दोहोरी रेस्टुराँहरू नयाँ वर्षका कार्यक्रमहरूले भरिभराउ भैसकेका छन् । लेकसाइडकै चर्चित डिस्को थेक प्याराडिसोमा एक साताअघिदेखि नै नयाँ वर्षलाई लक्षित गरी डान्सपार्टी भैरहेको छ ।

नयाँ वर्षको स्वागत गर्न लेकसाइडको वातावरण अहिले झिलीमिली छ । उज्यालो प्रकाशको छायाँमा झलक दिखलाजादेखि नेपाली रिमिक्स मैच्याङ........मैच्याङ गीत रात परेपछि अझ बढी गुन्जिन थालेको छ । गीतको तालमा मस्त हुनेहरू असिनपसिन हुँदै नाचिरहेका छन् । 'ह्याप्पी न्यू इयर, इन्जोय प्लिज'– तन्नेरीहरू मस्की-मस्की झुमिरहेका छन् । डिजेहरू नयाँ वर्षमा सौखिन पोखरेलीहरूलाई नचाउन राजधानीबाट यहाँ आइपुग्छन् । गायक, कलाकारको त झन् कुरै बेग्लै । यस पटक चर्चित पप हस्तीहरू सुगम पोखरेल, क्रान्ति आले, दीपक बज्राचार्यहरूले आफ्ना चर्चित गीतले यहाँका दर्शकहरूलाई मनोरञ्जन दिँदै नयाँ वर्षको स्वाद लिँदैछन् । उनीहरू मात्र हैन, देशका विभिन्न भागबाट नयाँ वर्ष यतै मनाउन यहाँ धुइरिनेहरूको संख्या कम छैन । राजधानीबाट आएकी अस्मिता यस पटक पोखरामै साथीहरूसँग नयाँ वर्ष मनाउँदै छिन् । कसरी त ? उनी भन्छिन्- 'पोखराका रमाइला-रमाइला स्थलहरूको अवलोकन गरेर ।'

गत वर्ष लोकतन्त्रका लागि सडकमा उत्रँदा नयाँ वर्षको स्वाद चाख्न नपाए पनि यस पटक भने निस्फिक्रीसँग नयाँ वर्षको उमंगमय वातावरणमा रमाउन पाइएको छ । गत वर्ष आन्दोलनका कारण नयाँ वर्षको अनुभव गर्न पाइएन, कन्या क्याम्पस पोखरामा अध्ययनरत कोमल हिराचन भन्दै थिए- 'यस पटक भने रमाइलो हुने भयो ।' नयाँ वर्षमा तन्नेरीहरू डिस्कोमै रात कटाउँछन् । यसो भन्दैमा दोहोरी र गजलमा झुम्नेहरू कम छन् भन्ने होइन ।

दोहोरी र गजलमा रमाउने एउटा जमात पनि यहीं छ । चिप्लेढुङ्गास्थित दीपशिखा गजल रेस्टुरेन्टका सञ्चालक चित्र अधिकारी भन्छन्- 'परिवारसहित आउनेहरूले गर्दा गजल रेस्टुराँमा नयाँ वर्षको भिन्दै रौनक छाउँछ ।' दोहोरी रेस्टुराँको कुरा अझ बेग्लै छ । उमेर ढल्केकाहरू दोहोरीमा पुगेर नयाँ वर्षको




स्वाद फेर्छन् । राजधानीसँगै पोखरामा नयाँ वर्ष मनाउने शैली परिवर्तन हुँदै गएको छ । पश्चिमेली संस्कृतिको प्रभावसँगै नयाँ वर्षमा खाने र नाच्ने चलन त पुरानो भैसकेको छ । नयाँ ठाउँमा घुम्न जाने र पार्टी दिने चलन अहिले आएर अलि फस्टाएको छ, भर्खर पृथ्वीचोकमा रोधीघर सञ्चालन गरेका पूर्व मिस्टर कास्की दीपक बानियाँ भन्छन्- पुरानो शैलीलाई छाडेर नयाँ वर्ष मनाउने नयाँ शैली विकसित भएको छ ।

**– शिव शर्मा**


नेपालका चर्चित हेयर डिजाइनर निल डेभिड् द्वारा असहाय वाल वालिकाको शिक्षामा सहयोगको लागि Hair/ Make up सेमिनार

ब्युटिसियनहरुका लागि सुवर्ण अवसर

काठमाडौंमा : जेठ २१ र २२ गते
पुर्वाञ्चलका लागि विर्तामोडमा : बैशाख १९ गते



टिकट पाउने स्थानहरु:

काठमाडौं:
राजन कटुवाल, निल डेभिड् सलुन एण्ड एकेडेमी, फोन: ४१५००५८, २००४५४३, मो. ९८४१५९४८४०

बिर्तामोड:
राजकुमार गुप्ता, राज ज्वेलर्स, पोखरेल मार्केट फोन:०२३-५४१३८१, राजकुमार शाह, अप्सरा लेडिज कर्नर, पोखरेल मार्केट, फोन: ०२३-५४३१९५, मो. ९८५२६७३४४०

विराटनगर:
बद्रि बस्नेत, भगवतीफर्निचर, जलजलारोड, फोन: ०२१-५२३९७२

धरान:
बलराम भट्टराई, धरान विपी ट्रेडर्स, बुद्धचौक, मो. ९८५२०४७९४७

तपाईको सहयोग असहाय वालवालिकाको भविष्य

- विभिन्न एसियन, थाई, युरोपियन हेयर कट, हेयर ब्रेडिङ्ग, हेयर एक्सटेन्सन, हेयर स्ट्रेट, हेयर कलर, हाइलाईट मलरी, हाईलाइट पार्टी हेयर स्टाइल साथै अनुहार अनुसार हेयर कटको ज्ञान ।
- मेकअपहरु- डे, इभनिङ्ग पार्टी फेशन, ब्राइडल मेकअप साथै प्रोडक्ट नलेज ।



प्राइभेट टेष्ट/एस.एल.सी. निःशुल्क भर्ना २०६४ का लागि

हाम्रा विशेषताहरु:
- विगत वर्षहरुमा उत्कृष्ट नतिजा ।
- विहान, दिउँसो र बेलुका तीनवटै समयमा पढाइ हुने ।
- अंग्रेजी, विज्ञान र गणित विषयलाई विशेष ग्राह्यता दिने ।
- अनुभवी शिक्षकद्वारा अध्यापन गराइने ।
- होस्टलको सुविधा ।

पाइथागोरस एकेडेमी फोन नं.: ४२६०६३२



होटल तालीम होटल खुम्जुङ्गमा

Cook-Indian, Chinese, Continental Waiter, Bar Man, Room Boy, House Keeping लगायत सम्पुर्ण होटल तालीममा भर्ना धमाधम लिईदैछ ।

हाम्रा विशेषताहरु
1. Cook Training गर्नेका लागि English तथा Waiter Training सित्तैमा
2. आफ्नै होटलमा सम्पूर्ण तालीम दिईने ।

HOTEL KHUMJUNG Training Centre
चक्रपथ, महाराजगंज, नारायण गोपाल चोकबाट ३ मिनेट पूर्व
Ph: 4-373411, 4-372194
City Office:- रानीपोखरी, जमल विश्वज्योती हलसंगै, Ph:- 4249576



तालिम

- फोटोग्राफी
- भिडियोग्राफी
- कलरल्याब
- लेमिनेशन
- डिजिटल फोटोग्राफी
- डिजिटल भिडियोग्राफी

सम्पर्क:
अरुण दत्त पन्त द्वारा वि.सं. २०५३ देखि निरन्तर.........
मान्यता प्राप्त पहिलो फोटो/भिडियो इन्स्टिच्यूट
नेपाल फोटोग्राफी ट्रेनिङ इन्ष्टिच्यूट
भोटाहिटी, साझा भण्डार माथिल्लो तल्ला, काठमाण्डौं
२१९१०३७, ४२१६२९१



होटल तालीम

छुट्टा (%)

★Cook ★Waiter ★Bakery
★Housekeeping ★Front Office
★Bartender ★Hotel Mgmt
★F & B Mgmt ★Tour & Travel Mgmt
★Airlines Ticketing ★Tour Operation
Care Giver & Domestic Helper

ओरिएण्टल हस्पिटालिटी (होटल) एण्ड टुरिजम ट्रेनिङ्ग सेन्टर प्रा. लि.
नयाँ बानेश्वर (एभरेष्ट होटलसंगै)
फोन नं: ४४९३८०१
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)
(शनिबार बिहान १०:०० देखि दिउसो २:०० सम्म)



होटल तथा पर्यटन तालिम

★ Tour & Travel Mgmt
★ Tour Operation
★ Airlines & Travel (Amadeus, Abacus & Galileo)
★ Hotel Management
★ F & B Management
★ Cook ★ Front Office
★ Waiter ★ Bartender
★ Bakery ★ Housekeeping

SATS Course मा आधारित तालिम
Compare our quality with the others

सम्पर्क:- सांग्रीला पर्यटन तथा होटल तालिम केन्द्र
स्थापनाको आठौं वर्ष
नयाँ बानेश्वर चोक (अन्तराष्ट्रिय सभा केन्द्रको पानी ट्यांकीको पश्चिम)
४४७५११३/४४७२५५३
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)



प्राइभेट TEST/SLC २०६४ मा नयाँ भर्ना खुल्यो

कक्षा ८ पास, कक्षा 9 / Test / SLC फेल भएर स्कुल जान नसकेका विद्यार्थीहरुको लागी सिमित सिटमा धमाधम नयाँ भर्ना लिइदै छ । (अंग्रेजी तथा नेपाली दुवै माध्यममा)

विगतमा उत्कृष्ट Result दिन सफल एकमात्र संस्था

SAMARPAN ACADEMY
Lagankhel, Lalitpur, Ph. No.: 5547574
(लगनखेल बसपार्कबाट करिब १०० मि. पूर्वपट्टी)


**हेमराज ज्ञवाली**द्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **विनोदराज ज्ञवाली**, **स्वस्तिका सिरोहिया**, सम्पादक : **सुवास ढकाल** ।